थप जानकारीका लागि आईएफआरसी पब्लिकेसन
सम्पकर्कका लागि :


अन्तर्राष्ट्रिय महासंघ
रेडक्रस तथा रेड-क्रेसेन्ट समाज


**ग्राहाम सौन्डर्स**
आवास तथा वस्ती विभाग
इमेल : graham.saunders@ifrc.org
फोन : +४१ २२ ७३० ४२ ४१
फ्याक्स : +४१ २२ ७३३ ०३ ९५



**Printing and Translation Supported by :**

Australian Aid

Habitat for Humanity®

# पास्सा

# सुरक्षित आवास सचेतनाका लागि सहभागितामूलक अवधारणा


www.ifrc.org
Savinglives, changingminds.

International Federation
of Red Cross and Red Crescent Societies

# सुरक्षित आवास सचेतनाका लागि सहभागितामूलक अवधारणा

रणनीति २०२० ले आगामी दशकमा आईपर्ने मानव सभ्यताका चुनौतीहरूलाई सामना गर्नका लागि आईएफआरसीका सामूहिक प्रतिवद्धताहरूलाई मुखरित गर्दछ । हामीले कार्य गर्न विभिन्न समुदायको आवश्यकता र नाजुकता एवं सबैले पाउनुपर्ने आधारभूत अधिकार र स्वतन्त्रताबाट सूचित यो रणनीति रेडक्रस र रेड-क्रेसेन्टमा भर पर्ने सबैलाई अझै मानवीय, नैतिकवान र शान्त विश्व निर्माणमा सहयोग पुऱ्याउन चाहन्छ ।

आगामी दश वर्षमा आईएफआरसी सामूहिकरुपमा निम्नलिखित रणनीतिक लक्ष्यप्राप्त गर्नमा केन्द्रित रहनेछ :

१. जीवनको वचाउ, जीवन निर्वाहको सुरक्षण र विपत्ति एवं संकटको पुनर्उत्थानको मजबुति

२. स्वस्थ एवं सुरक्षित बसाईको सबलिकरण

३. सामाजिक समावेशीकरण एवं अहिंसा र शान्त संस्कृतिको प्रवर्द्धन

# विषयसूची

**१. पास्साको प्रस्तुतीकरण** १३
१.१ पास्सा के हो ? १३
१.२ पास्साले कसरी काम गर्छ ? १४
१.३ पास्सामा प्रयोग भएका सहभागितामूलक विधिहरू १६
१.४ पास्साका मुख्य सरोकारवालाहरू १७
**२. रेडक्रस र रेड-क्रेसेन्टका कार्यक्रमहरूमा पास्सा कसरी मिलेको हुन्छ** २०
२.१ आईएफआरसीका विद्यमान सहभागितामूलक साधनहरूसँग पास्सा कसरी एकीकृत हुँदै पूरकको काम गर्छ ? २०
२.२ विपत्ति व्यस्थापन चक्रमा पास्सा कहाँ समावेश हुन्छ ? २१
२.३ वित्तीय योजनाहरूमा पास्सालाई कसरी एकीकरण गर्न सकिन्छ ? २२
२.४ पास्साको प्रयोग ग्रामीण तथा शहरी क्षेत्रहरूमा गर्न सकिन्छ ? २३
२.५ सामुदायिकस्तरमा पास्सा कति दिगो हुन्छ ? २५
**३. पुस्तिकाको सामान्य जानकारी** २६
३.१ पुस्तिका कसका लागि ? २६
३.२ पुस्तिकालाई कसरी संयोजन गरिएको छ ? २६

## भाग १ / पास्सा क्रियाकलाप

**परिचय** ३२
**क्रियाकलाप एक्स: क्रियाकलापको नाम** ३२
क्रियाकलाप १ : **ऐतिहासिक विवरण** ३६
क्रियाकलाप २: **समुदाय नक्साङ्कन र भ्रमण** ४२
क्रियाकलाप ३: **खतराहरूको बारम्बारता एवं असर** ४९
क्रियाकलाप ४: **सुरक्षित र असुरक्षित आवास** ५६
क्रियाकलाप ५ : **समाधानका उपायहरू** ६४
क्रियाकलाप ६: **परिवर्तको योजना** ७०
क्रियाकलाप ७: **समस्याको बाकस** ७८
क्रियाकलाप ८: **अनुगमन योजना** ८१

## भाग २/ व्यवस्थापकहरूका लागि निर्देशन


१. प्रवेश विन्दु ९४
२. मूल्याङ्कन ९६
३. समुदायको छनोट ९८
४. चित्र र टुलकीट निर्माण १००
४.१ चित्रहरू किन महत्वपूर्ण छन् १००
४.२ टुलकीट बनाउने चरणहरू १०१
४.३ कलाकारको शुल्क र लागत १०१
४.४ कलाकारको छनोट १०२
४.५ कलाकारलाई कामका बारेमा बताउने १०३
४.६ समुदाय भ्रमण १०३
४.७ चित्रका अरू स्रोतहरू १०४
४.८ कलाकारको कामको सुपरीवेक्षण १०४
४.९ चित्रहरूको गुणस्तर १०५
४.१० चित्रहरूको पूर्व-परीक्षण १०५
४.११ कार्यान्वयनका क्रममा चित्रहरूको संशोधन १०६
४.१२ टुलकीटको व्यवस्थापन र भण्डार १०६
५. पास्साका निम्ति व्यवस्थापक र स्वयंसेवीको छनोट १०८
५.१ व्यवस्थापक १०८
५.२ स्वयंसेवीहरू १०९
६. स्वयंसेवी र व्यवस्थापकको तालिम ११०
६.१ स्वयंसेवी ११०
६.२ व्यवस्थापकहरू १११
७. कार्यान्वयन, सुपरीवेक्षण र अनुगमन ११२
७.१ योजना निर्माण ११२
७.२ पास्सा स्वयंसेवीहरूको सुपरीवेक्षण ११३
७.३ अरू सरोकारवालाहरूसँग समन्वय ११६
७.४ आवास सुरक्षामा सुधार ल्याउने कानुनी र सामाजिक अबरोधको सामना ११६
७.५ द्वन्द्व व्यवस्थापन ११७
७.६ अनुगमन र प्रतिवेदन ११७
७.७ पास्सा क्रियाकलापहरू र टुलकीटको संशोधन र सुधार ११८






## भाग ३/ पास्सा प्रयोगसम्बन्धी स्वयंसेवीहरूका निम्ति मार्गनिर्देश


१. परिचय १२२
२. पास्सा कार्यान्वयनको तयारी १२४
२.१ आफ्नै तयारी १२४
२.२ पास्सा टुलकीटको तयारी १२४
२.३ पास्सा समूह सदस्यको छनोट १२५
२.४ पास्सा समूहलाई सङ्क्षिप्त जानकारी १२७
२.५ पास्सा बैठकका निम्ति स्थान र समय निर्धारण १२८
३. पास्सा क्रियाकलापहरूको सञ्चालन १२९
३.१ क्रियाकलापहरूका बारेमा बताउने १२९
३.२ उपसमूहमा कार्य १२९
३.३ सहजकर्ताका रुपमा स्वयंसेवीहरूको भूमिका १३०
३.४ सहजकर्ताहरूको टोलीको रुपमा कार्य १३२
३.५ राम्रो सहजीकरणका लागि उपयोगी जानकारी १३३
३.६ क्रियाकलाप र सहजीकरणको मूल्याङ्कन १३७
३.७ अनुगमन र प्रतिवेदन १३८
३.८ पास्सा क्रियाकलाप मार्फत अघि बढ्दा १३९
३.९ रेकर्ड राख्ने १४०
३.१० पास्सा समूहमा निरन्तरतालाई प्रोत्साहन १४१
३.११ सबै क्रियाकलापहरूका निर्देशनको सारंश १४२
४. पास्सापछिको अनुगमन १४५
४.१ स्वयंसेवीको निरन्तरको भूमिका १४५
४.२ अनुगमन र मूल्याङ्कन १४५


भाग ४/ पास्सा कलाकारका निम्ति मार्गनिर्देश १४९

अनुसूची १/ क्रियाकलापका निम्ति नमुना चित्रहरूको सूची १५४
चित्र समूह क: क्रियाकलाप १, ३, ४ र ५ मा प्रयोग गरिएका १५५
चित्र समूह ख: क्रियाकलाप ४, ५ र ६ मा प्रयोग गरिएका १५६
चित्र समूह ग: क्रियाकलाप ६ र ८ मा प्रयोग गरिएका १६०

अनुसूची २/ उर्जक १६२

स्रोत-सामाग्रीहरू १६६





# प्राक्कथन

प्राकृतिक प्रकोपका प्रवृत्तिहरू, मौसमी परिवर्तन, बढ्दो सामाजिक र आर्थिक सिमान्तीकरण एवं शहरीकरणजस्ता कारणहरूले आवास तथा वस्तीका जोखिम एवं नाजुकताहरू बढ्दै जान थालेका छन् । सोही समयमा, विश्वमा देखिएको वित्तीय कठिनाई, सानो एवं कम हस्तक्षेपमुखी सरकारतर्फको झुकावका साथै चुनौतीको स्तर बढ्दै जाँदा सुरक्षित एवं पर्याप्त आवासमा सहयोग पुऱ्याउने संस्थागत साधनहरूमा कमी आउन थालेको छ । आफूसँग भएका साधन तथा प्राविधिक ज्ञान एवं सीपका भरमा खतराका स्रोतबाट आफ्नो जीवन तथा सम्पत्तिहरूको सुरक्षा गर्न सक्ने परिवार तथा समुदायहरूसमेत अहिले निरीहसरह भएका छन् । खतराका स्रोतहरूको प्रकार, स्तर एवं बारम्बारताका कारण उनीहरूको सुरक्षा तथा सम्पन्नतामा कडा चुनौती आएको हो ।

अधिकांश ठूला विपत्तिले पुनर्संरचना एवं पुनर्उत्थानका लागि आवश्यक आर्थिक स्रोत जुटाउँछन् । यसले “build back better” अर्थात् अझै उत्तम निर्माण भन्ने उक्तिलाई बढावा दिनसक्ने भए तापनि यो अपवाद हो । विपत्तिको प्रवृत्ति साना तथा मध्यमखालका आकस्मिकतातर्फ बढिरहँदा स्थानीयस्तरमा असर पार्ने यस्ता विपत्तिबाट प्रभावित परिवारले आफूसँग भएका सीमित साधनको प्रयोग गर्नुपर्ने हुन्छ। यसै कारणले उनीहरूले पुन: उही नाजुकताहरूको सिर्जना गर्छन् । जोखिम न्यूनीकरणका राम्रा अभ्यासलाई प्रवर्द्धन गर्ने सक्रिय प्रयास छैन भने पहिलेकै अवस्थामा फर्कन सक्ने क्षमता दिगो पार्ने अवधारणाहरू समावेश गर्न चाहिने वित्तीय एवं प्राविधिक सहयोग सीमित वा शून्य बराबर छ। यस्तो असीमित आवश्यकता तर न्यून बाह्य स्रोत भएको परिस्थितिमा के गर्न सकिन्छ ?

सुरक्षित आवास सचेतनाका लागि सामुदायिक अवधारणा (PASSA) ले परिवार

वा समुदायको वातावरणसँग सम्बन्धित 'दैनिक जोखिमहरू' को 'दैनिक नाजुक्तका बारेमा चेतना वृद्धि गर्दै स्थानीय वातावरण सुहाउँदा सुरक्षित आवास तथा वस्तीसम्बन्धी अभ्यासलाई बढावा दिने लक्ष्य राखेको छ। यसको सरल प्रक्रिया छ जसलाई रेडक्रस रेड-क्रेसेन्टका स्वयंसेवी तथा प्राविधिक सल्लाहकारहरूले सहजीकरण गर्छन् । यसको माध्यमबाट समुदायले आफ्नै बुझाई, सीप र नेतृत्वलाई विकास गर्दै सुधारिएको वास अवस्था तथा सुरक्षित वासस्थान प्राप्त गर्न सक्छन् ।

चरणवद्ध विधि प्रयोग हुने पास्सामा तीन परिपूरक प्रक्रिया छन्। पहिलो चरणमा यसले समुदायको नेतृत्व तथा सामाजिक समावेशितामा आधारित विकासलाई सहयोग गर्नका लागि राष्ट्रिय समाजहरूको भूमिकालाई उपयोग गर्छ। दोस्रो चरणमा यसले समुदायमा रहेका अनगिन्ति समस्याहरूलाई समाधान गर्नका लागि उनीहरूकै उपाय तथा वास्तविक एवं विस्तृत रणनीतिहरू पहिचान गर्न सक्षम बनाउँछ। यस्ता रणनीतिभित्र स्थानको आकाशीय तथा वातावरणीय योजना, स्थानीय भवन संस्कृतिहरू र स्थानीय निर्माण प्रविधिहरूको प्रभावकारिता पदर्छन्। तेस्रो चरणमा यसले स्थानीय निकायहरू, समुदायहरू तथा सहयोगी संस्थाहरूबीच विपत्तिहरूबाट जोगिने तयारी गर्न, सामना गर्न र विपत्तिपछिको उत्थान कार्यमा सहकार्यलाई बढावा दिन्छ।

यसका हरेक चरणमा निर्माण विशेषज्ञहरूको दक्षता आवश्यक हुन्छ। समुदायद्वारा उत्थान गर्ने प्राविधिक विषयहरू एवं घर तथा वरपरको वस्ति सुधार कार्यमा समुदायहरूले गरेको अपेक्षा पूरा गर्ने कार्यमा सहयोग गर्न विशेषज्ञहरू नै चाहिन्छ। विशेषज्ञहरूले सचेतना प्रवर्द्धन गर्ने, जोखिम व्यवस्थापनका साधनहरूबीच तालमेल ल्याउने र आवास तथा वस्तीहरू सुरक्षित गर्नका लागि दिइएको समाधानका उपायहरूको प्राविधिक क्षमता पहिचान भए/नभएको





यकिन गर्ने कार्यमा सामाजिक परिचालकहरूसँग सहकार्य गर्छन्।

पास्सा सामुदियक कार्ययोजनाका सुव्यवस्थित अभ्यास तथा धेरै राष्ट्रिय समाजहरूले प्रयोगमा ल्याउने सहभागितामूलक आरोग्य एवं सरसफाई परिवर्तन (PHAST) विधिसँग समाहित हुन्छ। समुदायको आवश्यकता एवं सम्पत्तिहरूको समग्र विश्लेषण गर्न IFRC को नाजुकता र क्षमता मूल्याङ्कन (VCA) सँगै आवास तथा वस्तीका जोखिमहरू विस्तृतरुपमा पहिचान गर्दै तीबाट सुरक्षित हुनका लागि सहभागितामूलक साधन PASSA छ।

पास्साको प्रयोगले निर्माण गर्ने वातावरणसँग जोडिएका नाजुकताबारे व्यक्ति तथा समुदाय दुबैखालको बुझाइका बारेमा उचित तरिकाले जानकारी प्राप्त हुनुका साथै सुरक्षित आवास तथा वस्ती निर्माण गर्नका लागि आवश्यक स्थानीयरुपमा सुहाउँदा उपायहरू पहिचान तथा प्रवर्द्धनतर्फ डोऱ्याउँछ।

ग्राहाम सौन्डर्स

आवास तथा वस्ती विभाग
रेडक्रस तथा रेड-क्रेसेन्ट समाजहरूको अन्तर्राष्ट्रिय महासंघ

अप्रिल २०११

# धन्यवाद ज्ञापन

**परियोजना संयोजन**: साण्ड्रा डुर्जा, कोरिन रेहेर्ने र भाल्ले गलान (आवास तथा वस्ती सुरक्षा विभाग/आईएफआरसी)


**मुख्य लेखन**: जोन एडम्स्


मुख्य योगदान : साण्ड्रा डुर्जा, कोरिन रेहेर्ने (आईएफआरसी), मेल्भिन टेब्बुट (ब्रिटिस रेडक्रस), भलेरई भरौग्स्त्रेइत, अगोस्टिनो पाक्कियानि र साण्ड्राईन डेलात्रे

यो निर्देशिका प्रकाशन ब्रिटिस रेडक्रसको उदार वित्तीय तथा प्राविधिक सहायताबाट सम्भव भएको हो ।

निर्देशिकामा उल्लेख गरिएका साधनहरूको परीक्षण गर्ने कार्यका क्रममा महत्वपूर्ण सहयोग पुऱ्याउनुहुने युगान्डा रेडक्रस सोसाइटी र बंगलादेश रेड-क्रेसेन्ट सोसाइटीका कर्मचारी तथा स्वयंसेवकहरूप्रति आभार ।

मूल्यवान योगदान दिनुहुने रेडक्रस नेसनल सोसाइटीहरू, आईएफआरसी सचिवालय र अन्य संस्थाका महानुभावहरू : हासिबुल बारी, विलियम कार्टर, लिवर्टाड गोन्जालेज, रेवेक्का कारबुरा, योभोन्ने लीनम्यान, रोन सयेर र मेलिङ सिम्पसन-हेवर्टलाई विशेष धन्यवाद ।








# १. पास्साको प्रस्तुतीकरण (Presentation of PASSA)

## १.१ पास्सा के हो ?

सुरक्षित आवास जनचेतनाका लागि सामुदायिक अवधारणा (पास्सा) विपत्तिबाट उत्पन्न हुने जोखिम न्यूनीकरण डीआरआर (DDR) सम्बन्धी सहभागितामूलक विधि हो जुन आवास सुरक्षासँग सम्बन्धित छ। यो पानी तथा सरसफाईसम्बन्धी कार्यक्रमहरूमा रेडक्रस तथा रेड-क्रेसेन्ट नेसनल सोसाइटीहरूले सन् १९९० को दशकदेखि नै अपनाउँदै आएको सहभागितामूलक आरोग्य एवं सरसफाई परिवर्तन (PHAST) को एक परिमार्जित रुप हो ।

पास्साको लक्ष्य स्थानीयहरूको क्षमता बृद्धि गरी आवाससम्बन्धी जोखिम न्यूनीकरण गर्नु हो । यसका लागि यसले समुदायमा हुने संयुक्त विश्लेषण, सिकाई एवं निर्णय प्रक्रियामा चेतना अभिवृद्धि एवं सीप विकास गर्ने काम गर्छ ।

पास्सा एक प्रक्रिया हो। यसमा खटिएका स्वंयसेवकहरूले सामुदायिक समूहहरू (यस पुस्तिकामा पास्सा समूहहरू भनिएको) लाई आठ प्रकारका सामुदायिक क्रियाकलापहरू गर्न सहयोग गर्छन् । यस्ता क्रियाकलापहरूले क्रमिकरुपमा उनीहरूलाई निम्न लिखित कार्य गर्न सक्षम बनाउँछन् :

- आफ्नो समुदायमा भएका आवास सुरक्षाका मुद्दाका बारेमा चेतना विकास गर्ने;
- आवाससँग सम्बन्धित जोखिमहरू सिर्जना गर्ने खतरा एवं कमजोरीहरू पहिचान गर्ने;
- आवासलाई नाजुक बनाउने कारणहरू पहिचान गरी विश्लेषण गर्ने;
- आवास सुरक्षा सुधार गर्ने सम्भाव्य उपायहरू पत्ता लगाई प्राथमिकीकरण

गर्ने;

- सुरक्षा सुधारका उपायहरूलाई सामुदायिक क्षमताबाटै कार्यान्वयन गर्ने योजना बनाउने;
- प्रगतिको अनुगमन तथा मूल्याङ्कन गर्ने ।

हेक्का राख्नुपर्ने महत्वपूर्ण कुरा के हो भने पास्सा समुदायहरूलाई विश्लेषण गर्न, योजना बनाउन तथा अनुगमन गर्न सहयोग गर्ने साधन हो । रेडक्रस तथा रेड-क्रेसेन्ट सोसाइटीलाई माथि उल्लेखित कार्य गर्न सघाउने साधन भने होइन । यद्यपि, पास्सा अवधारणाको परिणामस्वरुप सिर्जना भएका आवास सुरक्षा सुधारसम्बन्धी सामुदायिक योजनाहरूलाई आवास कार्यक्रममा भने राख्न सकिन्छ ।

पास्सालाई आवासको जोखिम न्यून गर्ने साधनको रुपमा तयार गरिएको भए पनि योभन्दा अघि बढ्दै अझै लामो समय एवं दीर्घकालसम्मका पुनर्निर्माणका उपायहरूमा, मानिसहरूलाई आफ्ना माग राख्न सामर्थ बनाउने तथा आफ्ना हरेक छनौटको प्रभाव बुझ्न सक्षम बनाउने साधनका रुपमा पनि लिन सकिन्छ ।

विपत्ति अघि वा पछि दुबै अवस्थामा प्राविधिक सहयोग आवश्यक हुन्छ। विपत्तिअघि सुरक्षित रहनेखालका निर्माणका उपाय सिफारीस गर्न तथा विपत्तिपछि यस्ता उपायहरूलाई व्यावहारिक एवं दिगो बनाउनसमेत प्राविधिक सहयोग चाहिने हुन्छ ।

## १.२ पास्साले कसरी काम गर्छ ?

पहिलो नम्बरमा पास्सा समूहबाट इच्छुक सदस्यहरू छनौट गरिन्छ र उनीहरूलाई प्रक्रियाका आवश्यक कुराहरू, पूरा हुन लाग्ने समय र उनीहरूको





दायित्वका बारेमा जानकारी दिइन्छ। त्यसपछि, सबै सदस्य पटक-पटक गरी आठ बैठकमा सहभागी हुन्छन्। बैठकका क्रममा उनीहरूले पास्साका क्रियाकलापहरू गर्नुपर्छ। यसमा रेडक्रस वा क्रेसेन्टका स्वयंसेवकले सहयोग गर्छन्। यी बैठकहरूले उनीहरूमा समूहमा काम गर्न सक्ने आत्मविश्वास र क्षमता विकास गर्नुका साथै आवास सुरक्षाका मुद्दाहरू पहिचान तथा सम्बोधन गर्न सक्षम पार्छ। पास्सा बैठकहरू साप्ताहिक वा पाक्षिकरुपमा बस्छ। बैठकहरूको बीचमा पास्सा समूह आफ्नो समुदायका अन्य सदस्यहरूसँग निरन्तर छलफल एवं अन्तर्क्रिया गरिरहन्छ। यसले गर्दा सम्पूर्ण समुदायलाई नै यस प्रक्रियाका बारेमा जानकारी हुन्छ तथा सूचना एवं राय प्रदान गर्ने अवसरप्राप्त हुन्छ। जब पास्सा समूहका सदस्यहरूमा सचेतना, आत्मविश्वास तथा सीपहरू विकसित हुन्छन् तब अन्तर्क्रियाको माध्यमबाट समुदायमा यी गुणहरू प्रसारित भई सम्पूर्ण समुदाय नै लाभान्वित हुनपुग्छ। यो प्रक्रियाको अन्त्यसम्ममा पास्सा समूहले आफ्ना सोच तथा सम्पूर्ण समुदायका चिन्ताका विषयहरू झल्कने कार्ययोजना र ती कार्यको अनुगमन योजना तयार गरि सक्नुपर्छ।

प्रक्रियाअन्तर्गतका प्रत्येक कार्यहरू साप्ताहिक वा सातामा दुई पटक बस्ने बैठकहरूमा सम्पन्न गरिने हुनाले प्रत्येक समुदायमा यस्तो प्रक्रिया सम्पन्न हुन ४ देखि ८ हप्तासम्म लाग्छ। यो समय अनुमानितमात्रै भएकाले विभिन्न परिस्थितीअनुसार परिवर्तन गर्न सकिन्छ भने सरोकारावाला पक्षहरूसँग लाग्ने समयको बारेमा अग्रीमरुपमा सहमति कायम गर्नुपर्छ। सामुदायिकस्तरमा पास्सा कार्यान्वयन गर्नुअघि यो विधि कार्यान्वयन गराउनका लागि आवश्यक क्षमता अभिबृद्धि गर्नका लागि धेरै कार्य गर्नुपर्ने हुन्छ। यसबारेमा पुस्तिकाको भाग-२ मा व्याख्या गरिएको छ।

## १.३ पास्सामा प्रयोग भएका सहभागितामूलक विधिहरू

सहभागितामूलक विधिहरू समूहमा भएका सबै व्यक्तिसँग ज्ञान तथा उपाय हुन्छ र सबै मिलेर एकैसाथ प्रभावकारी ढङ्गले काम गर्दा साझाखालका समस्याहरूको समाधानसमेत प्राप्त हुन्छ भन्ने विश्वासमा आधारित छन्। यस्ता विधिहरू समूहका सबै सदस्यहरूलाई सामूहिक चिन्ता वा हितका विषयलाई विश्लेषण गर्न तथा सिर्जनात्मकरुपले सोच्न अभिप्रेरित गर्नेखालका तस्विर, कथा तथा वस्तुहरूजस्ता सञ्चारका साधन प्रयोग हुने कार्यहरूतर्फ केन्द्रित हुन्छन्। यस्तो कार्यका लागि एक वा सोभन्दा बढी नै सहजकर्ता चाहिन सक्छ। यस्ता सहजकर्ताको भूमिका समूहलाई काम दिने तथा तथा सदस्यहरूबीच सक्रिय एवं फलदायी सहकार्यको अवस्था सिर्जना गर्नमा सहयोग पुऱ्याउने हुन्छ। सहजकर्ताको भूमिकाको बारेमा पुस्तिकाको भाग-३ मा व्याख्या गरिएको छ।

सहभागितामूलक विधिहरू प्रयोग गर्दा धेरै फाईदा हुन्छ :


- यी विधिहरूले समुदायमा रहेका जुनसुकै उमेर, लिङ्ग, सामाजिक वा शैक्षिकस्तर भएका व्यक्तिलाई विश्लेषण तथा योजना बनाउने कार्यमा समानरुपमा योगदान पुऱ्याउन सक्षम बनाउँछन्।
- यी विधिहरूले व्यक्तिमा आत्मविश्वास, अन्य सदस्यप्रतिको आदर तथा निर्णयहरूको वैयक्तिक एवं सामूहिक जिम्मेवारीबोध गराउँछन्। यस्ता कुराले आवास सुरक्षाबाहेक अन्य पनि फाइदा पुऱ्याउन सक्छन्।
- यस्ता विधिले स्थानीय क्षमता तथा ज्ञान तथा सम्मानप्रतिको सम्मान बुझ्न सहयोग गर्दै उचित नयाँ अन्वेषणहरू फैलाउन सहयोग गर्छन्।
- यस्ता विधिहरू सहजकर्ताहरूका लागि रमाइला एवं फलदायी हुन्छन्। यसैगरी, रेडक्रस तथा क्रेसेन्टका स्वयंसेवकहरूको सन्दर्भमा पनि उनीहरूले समुदायका सदस्यहरूसँग नवीन एवं सकारात्मक सम्बन्ध बनाउँछन्।





## १.४ पास्साका मुख्य सरोकारवालाहरू

पास्सा प्रक्रियाका मुख्य सरोकारवालाहरूलाई तलको चित्रमा देखाइएको छ। यसैगरी, उनीहरूको भूमिका तथा दायित्वको बारेमा तल व्याख्या गरिएको छ।




***समुदाय***

- समुदायको राय तथा ज्ञानको प्रतिनिधित्व गर्ने;
- पास्सा समूहका लागि सदस्य उपलब्ध गराउने;
- पास्सा समूहका सदस्यहरूसँग विचार तथा प्रस्तावहरू साटासाट गर्ने;
- पास्सा समूहको विचार तथा प्रस्तावहरूका बारेमा पृष्ठपोषण दिने;
- आवास सुरक्षा सुधारमा सहभागी हुने;
- स्थानीय निकायहरू तथा अन्य स्थानीय सरोकारवालाहरूलाई सहयोग गर्न प्रोत्साहित गर्ने।

***पास्सा समूह***

- समुदायको राय तथा ज्ञानको प्रतिनिधित्व गर्ने;
- सुधारिएको आवास सुरक्षाका लागि विश्लेषण गर्ने तथा योजना बनाउने कार्य गर्ने;
- विचार तथा योजनाहरूको बारेमा समुदायका अन्य सदस्यसँग छलफल गर्ने;
- विचार तथा योजनाहरूको बारेमा रेडक्रस तथा रेड-क्रेसेन्ट शाखाका स्वयंसेवकहरूसँग छलफल गर्ने;
- समुदायका अन्य सदस्यहरूलाई सिकाउनका लागि आवास सुरक्षा सुधारका कार्यहरू गर्ने;
- आवास सुरक्षा सुधारका लागि समुदायलाई परिचालन एवं प्रोत्साहन गर्ने ।

***रेडक्रस तथा रेड-क्रेसेन्ट शाखाका स्वयंसेवकहरू***

- पास्सा समूहलाई उनीहरूको कार्य सम्पादन गर्नमा सहजीकरण गर्ने;
- पास्सा समूहलाई विष्लेशण तथा योजनाहरू विकासमा सहयोग गर्ने;
- पास्सा समूहलाई उनीहरूका समस्या समाधानका उपाय पत्ता लगाउन सहयोग गर्ने;
- पास्सा क्रियाकलापहरू सम्बन्धमा शाखा/आवास कार्यालयमा जानकारी पुऱ्याउने ।

***राष्ट्रिय समाज/आवास कार्यक्रम***

- शाखाका स्वयंसेवकलाई तालिम दिने, सुपरिवेक्षण गर्ने तथा सहयोग पुऱ्याउने;





- स्थानीय कलाकारसँग मिलेर पास्साका कार्यहरूलाई रेखाचित्रका रुपमा विकास गर्ने;
- पास्सा कार्यान्वयन तथा परिणामका प्रतिवेदनमाथि छलफल गर्ने तथा प्रतिक्रिया दिने;
- पास्सा प्रक्रियाका बारेका स्थानीय सरोकारवालाहरूलाई जानकारी दिने;
- समुदायको आवश्यकतामा सहायता पुऱ्याउन स्थानीय अधिकारीहरू तथा अन्य स्थानीय सरोकारवालासँग समन्वय गर्ने;
- स्वयंसेवहरूको क्षमताभन्दा बाहिरका समस्या सिर्जना भएमा आवश्यकताअनुसार समाधानमा सामेल हुने;
- आवास सुरक्षामा आवश्यक प्राविधिक सहयोग पुऱ्याउने ।

***स्थानीय अधिकारीहरू तथा अन्य स्थानीय सरोकारवालाहरू***

- समुदायका अगुवा तथा पास्सा समूहको माध्यमबाट प्राप्त समुदायका माग/प्रस्तावका बारेमा प्रतिक्रिया देखाउने;
- समुदायका मागका बारेमा रेडक्रस वा रेड-क्रेसेन्टको शाखा कार्यालय वा आईएफआरसी सचिवालयसँग सम्बन्ध स्थापित गर्ने ।

# २. रेडक्रस रेड-क्रेसेन्टका कार्यक्रमहरूमा पास्सा कसरी मिलेको हुन्छ (How PASSA fits into Red Cross Red Crescent Programmes)

## २.१ आईएफआरसीका विद्यमान सहभागितामूलक साधनहरूसँग पास्सा कसरी एकीकृत हुँदै पूरकको काम गर्छ ?

पास्सालाई आवास सुरक्षा सुधारमार्फत् विपत्तिको जोखिम कम गरी मुख्य कार्यक्रमहरूलाई सहायता दिने गरी तयार गरिएको हुन्छ। त्यसैले यो नाजुकता र क्षमता मूल्याङ्कन (भीसीए) सँग नजिकबाट जोडिएको हुन्छ। यसैगरी, आवास नै जोखिमको स्रोतको रुपमा पहिचान भएको अवस्थामा पास्सा नै भिसिएमा आधारित भएर बनाउनुपर्ने हुन्छ।

पास्साले प्रयोग गरको अवधारणाले पनि यसलाई **PHAST** तथा समुदायमा आधारित स्वास्थ्य तथा प्राथमिक उपचार **(CBHFA)** अवधारणासँग जोडछ। यसैगरी, यी सबै अवधारणाहरू एक-अर्काका पूरक एवं टेवा दिनेखालका हुन्।

उदाहरणका लागि, सम्बन्धित मुलुकका समुदायमा आधारित रहेर विकास गरिएका पुराना कार्यक्रमहरूलाई स्वीकार गर्नु महत्वपूर्ण हुन्छ। यसले पुराना कार्यक्रमहरूको निरन्तरलाई सुनिश्चित गर्नेछ र सहभागितामूलक साधन प्रयोगमा तालिमप्राप्त **(VCA, PHAST** आदिको माध्यमबाट) कर्मचारी तथा स्वयंसेवकहरूमा निहीत क्षमतालाई फक्रने मौका दिनेछ। **VCA** मा भर गर्नु भनेको समयको वचत गर्नु पनि हो। यसले माथि उल्लेख गरिएका दुई कार्यहरूलाई एकत्रित गर्छ र अनावश्यकरुपमा कार्यहरू दोहोऱ्याउँदैन।


पास्साको कार्यान्वयन एकल प्रयासका रुपमा गर्नु हुँदैन। यसैगरी, आवास निर्माण





एवं सुधार कार्यमा सक्षम पार्ने अन्य आवाससन्बन्धी कार्यक्रमको अनुपस्थितिमा पनि कार्यान्वयनमा ल्याउनु हुँदैन। पर्याप्त प्राविधिक सहयोग नभई पास्सालाई एकलरुपमा कार्यान्वयन गर्दा अवसरहरू गुम्ने, हतोत्साही हुनेजस्ता असर पर्नुका साथै असुरक्षित निर्माण अभ्यासहरू समेत हुन सक्छन्।

## २.२ विपत्ति व्यस्थापन चक्रमा पास्सा कहाँ समावेश हुन्छ ?




पास्सालाई विपत्ति व्यवस्थापन चक्रका धेरै चरणमा कार्यान्वयन गर्न सकिन्छ:

- ***पूर्वतयारी तथा साम्यीकरण:*** **VCA** ले वासस्थान तथा निर्मित वातावरणसम्बन्धी जोखिमहरू पहिचान गरेपश्चात् आवास जोखिम न्यूनीकरणको साधनका रुपमा पास्साको प्रयोग हुन्छ।
- ***राहतदेखि पुनर्उत्थानसम्म:*** आपतकालीन आवास चरणको समाप्तिपछि पास्साले समुदायसँग भएको जोखिमसम्बन्धी ज्ञान (निर्माण क्षेत्रमा रहेको

जोखिम न्यूनीकरणका उपायहरू, विपत्तिलाई झेल्नसक्ने उपायहरू आदि) लाई समाहित गर्दै लामो समयसम्म टिक्नेखालका आश्रय निर्माण गर्ने उपायहरू सिकाउँछ ।

- ***पुनर्उत्थान चरण:*** पुनर्उत्थान चरणको अन्त्यमा पास्साले समग्र कार्यक्रमले नै सुल्झाउन नसकेको आवास तथा वस्तीसम्बन्धी मुद्दाहरूलाई सम्बोधन गर्ने कार्य गर्छ र आर्जित क्षमताहरूलाई दिगो बनाउँछ (पास्साले समुदायलाई साझा लाभका विषयहरू अन्य पक्षसमक्ष पु¥याउन र स्थानीय सरकारलाई समुदायको पक्ष लिन उत्प्रेरीत गर्न सक्षम पार्छ) ।

## २.३ वित्तीय योजनाहरूमा पास्सालाई कसरी एकीकरण गर्न सकिन्छ ?

आईएफआरसी (RFRC) ले विकास गरेका वा हाल प्रचलनमा ल्याएका कार्यक्रम तथा वित्तीय संयन्त्रहरूलाई विचार गर्नैपर्ने हुन्छ। विश्वव्यापी, क्षेत्रीय तथा मुलुकस्तरीय सबैखाले योजना तयार गर्दा तल उल्लेख गरिएका सुझावहरूलाई पास्साका लागि “प्रस्थानविन्दु” को रुपमा हेर्नुपर्छ ।

**DRR प्रयासहरूको सहयोगार्थ विश्वव्यापी कोषको उपलब्धता :** जोखिम व्यवस्थापनका साधनहरूको प्रवर्द्धनका लागि चालिएका विश्व वा क्षेत्रीयस्तरका प्रयासहरूका लागि बाह्य दातृ निकायहरूको विशेष प्रकृतिको एवं योजना बाहेकको कोषको व्यवस्था । यस्ताखालका कोषहरूमाथि थोरैमात्रै नियन्त्रण हुन्छ तर पनि यस्ता साधनहरूले “DRR का वृहत् प्रयासहरू” लाई सम्बोधन गर्न सक्छन्। पास्सा पनि DRR को एक भाग हो ।

**कोष उपलब्ध गराउने क्षेत्रीय योजनाहरू:** यस्ता योजनाहरू वार्षिकरुपमा आईएफआरसीको अञ्चल वा क्षेत्रीयस्तरीय कार्यालयहरूले विकास गर्छन्। यस्ता योजनाहरूले DRR का कार्यहरू तथा कुनै विषेश प्राविधिक क्षेत्रलाई





सहायता पु¥याउँछन् ।

**राष्ट्रियस्तरका योजनाहरू तथा आह्वानहरू:** पास्सालाई वित्तीय योजनाहरूमा एकीकरण गर्ने सोझो तरिका भनेको आपत्कालीन अवस्थापश्चात् गरिने राष्ट्रियस्तरका आह्वानहरूको आवास खण्डमा यसलाई समाहित गर्नु हो। यस्तो गर्दा आवास जोखिम न्यूनीकरण कार्यको सुरुवात प्रारम्भदेखि नै हुन्छ भन्नेमा विश्वस्त हुन सकिन्छ।

**सामुदायिक कोष संकलन:** पास्सा एक प्रक्रिया हो जसले व्यावहारिक परिवर्तन एवं कार्ययोजना बनाउनेतर्फ डो¥याउँछ। समुदायहरू तथा रेडक्रसका राष्ट्रिय समाजहरूले स्थानीय अधिकारीहरू वा समकक्षी संस्थाहरूको माध्यमबाट कोष संकलन गर्छन्। यो दुबै पक्षलाई फाइदा हुने अवस्था हो किनभने यसबाट समुदायहरूले आश्रयसम्बन्धी जोखिम बुझ्न एवं तिनलाई सम्बोधन गर्न सक्छन् भने सरकारलाई पनि वास्तविक आवश्यकतामा आधारित छनौटहरूलाई प्राथमिकीकरण गर्न सहयोग पुग्छ। सहभागितामूलक योजना निर्माण एवं बजेट तर्जुमाको माध्यमबाट कार्य तथा दायित्वहरू सबै पक्षमा बाँडिन्छ।

## २.४ पास्साको प्रयोग ग्रामीण तथा शहरी क्षेत्रहरूमा गर्न सकिन्छ ?

पास्साको विकास मुख्यतया ग्रामीण परिवेशलाई ध्यानमा राखेर नै गरिएको हो जहाँ समुदायहरूलाई भौगोलिक रुपमा गाउँहरूले छुटयाउँछन्, सामाजिक एकता बलियो हुन्छ र आफू बसेको घरको मालिक सामान्यतया उनीहरू नै हुन्छन्। युगाण्डा तथा बांगलादेशमा भएका परीक्षणहरूले पनि यस्ता साधनहरूले त्यस्तै वातावरणमा चाहीँ राम्ररी काम गर्न सक्ने देखाएको छ। स्थानीयहरूको निर्माण क्षमता तत्काल प्रयोग गर्न सकिने र आवास सहभागिता स्थानीय क्षमताहरू सुहाउँदो हुने भएकाले पनि यस्ता उपायहरू ग्रामीण परिस्थितिमा

मिल्ने भएका हुन्।

यद्यपि, समुदाय पहुँचयोग्य हुने तथा योगदान पुऱ्याउन तत्पर हुने हो भने वास्तविक सामुदायिक अवधारणाहरू सामान्यतया विभिन्न प्रकारका फरक वातावरणमा पनि सहजै लागू हुन्छन्। पास्साका लागि समुदायहरू छनौट गर्ने आधारसम्बन्धी सुझावका लागि यस पुस्तिकाको भाग-२ को खण्ड ३.१ हेर्नुहोस्।

शहरमा बस्ने मानिसहरूको आवश्यकतासँगै हालका दिनहरूमा जोखिम न्यूनीकरण, विपत्तिबाट बच्ने पूर्वतयारी तथा प्रतिक्रियासम्बन्धी अनुभवहरूमा बृद्धि हुँदै गइरहेको छ। अर्ध-शहरी क्षेत्रहरू तथा विकासशील मुलुकहरूमा तीव्र गतिमा विकास भइरहेका शहरसँग जोडिएका नगरहरूमा आवास सुरक्षालाई प्रभावकारीरुपमा सम्बोधन गर्ने योजना बनाउने साधन तथा संयन्त्रको अभाव हुन्छ। यस्ता क्षेत्रहरूमा समुदायको भावना नहुने हुनाले छिमेक पहिचान गर्न सहज नहुने भए पनि पास्साले शहरी क्षेत्रमा समेत चरणवद्धरुपमा आवासस्थलको सुधार गर्ने मार्ग खोल्नसक्छ।

शहरी क्षेत्र छिमेकमा भएका क्षमता तथा अवसरहरू पहिचान गर्न स्वयंसेवकहरू पनि सिपालु हुनुपर्छ। निर्माणका मुद्दाका बारेमा निर्णय लिन निकै जटील एवं नियन्त्रित हुने हुनाले स्थानीय सरकार र बाह्य शक्तिहरूसँग छिमेकी तथा सामुदायिक दुबैस्तरमा बलियो सम्बन्ध हुनुपर्छ। यस्ता अवस्थाहरूमा रेडक्रस तथा रेड-क्रेसेन्टले आवास सुधार कार्यलाई सहज पार्न सक्ने भए पनि वस्तीहरूका सबै आवश्यकता पूरा गर्न नसक्ने हुन्छन्। त्यसैले **VCA, PHAST, PASSA** र **CBHFA** मूल्याङ्कनजस्ता फरक साधनहरूलाई एकीकृतरुपमा प्रयोग गर्नेखालको एउटा राम्रो एवं एकीकृत गर्नेखालको सामुदायिक परिचालन प्रक्रिया आवश्यक हुन्छ।





## २.५ सामुदायिकस्तरमा पास्सा कति दिगो हुन्छ ?

पास्सालाई प्रणालीगत एवं सहीरुपमा प्रयोग गरिएको खण्डमा यसले व्यवहारगत परिवर्तन ल्याउनेछ। यो प्रक्रियालाई दिगो बनाउन प्रयोगकर्ताहरूले यसका अन्य महत्वलाई बुझ्दै परिणामहरूको पूर्ण स्वामित्व लिन्छन्। उदाहरणका लागि, आवास तथा वस्तीहरूको हेरविचार तथा सम्भार योजनाहरू व्यक्तिगत एवं सामूहिक दुबैस्तरमा स्वीकारिएको छ र आवश्यक स्रोत तथा साधनहरू वार्षिकरुपमा बाँडफाँड भएका छन् भन्ने सुनिश्चित हुन्छ।

रेडक्रस तथा रेड-क्रेसेन्टभित्र पास्सालाई संस्थागत गर्नका लागि स्थानीय तथा नगरस्तरका आपत्कालीन योजनाजस्ता विपत्तिको पूर्वतयारीका साधनले पास्सालाई आवास सुरक्षा र समुदायद्वारा सञ्चालित सुधारहरूको आधारभूत मापदण्डको रुपमा लिनुपर्छ।

पास्साको कार्यान्वयनपछि समुदाय तथा राष्ट्रिय समाजले आवास सुरक्षाका लागि समुदाय आफैँले के गर्न सक्छ र राष्ट्रिय समाजबाट कस्तोखालको अतिरिक्त सहायता आवश्यक हुनसक्छ भन्ने बारेमा स्पष्टरुपमा बुझ्छन्। पास्सालाई सफ्टवेयर तथा हार्डवेयर दुबैखालको साधनका रुपमा लिनुपर्ने हुन्छ। सफ्टवेयरको रुपमा यसले समुदायभित्र ज्ञान तथा सीप विकासलाई मजबूत पार्छ भने हार्डवेयरको रुपमा आवास तथा पूर्वाधारहरू सुधार गर्छ।

# ३. पुस्तिकाको सामान्य जानकारी (Overview of the manual)

## ३.१ पुस्तिका कसका लागि ?

यो पुस्तिका आफ्ना कार्यक्रमहरूमा पास्सा प्रयोग गर्न चाहने राष्ट्रिय समाजहरूका लागि हो। यस पुस्तिकामा विभिन्न भागहरू छन् र जुनसुकै पनि भागलाई राष्ट्रिय समाजका उच्चपदस्थ कर्मचारी, आवास कार्यक्रम व्यवस्थापक, शाखाका कर्मचारी र स्वयंसेवकहरूले आवश्यकताअनुसार प्रयोग गर्न सक्छन्।

## ३.२ पुस्तिकालाई कसरी संयोजन गरिएको छ ?

पुस्तिकाको पहिलो भागमा समुदायका समूहहरूलाई पास्साका आठ क्रियाकलाप सम्पादन गर्न सहज पार्ने निर्देशनहरू छन्। स्वयंसेवक र व्यवस्थापकलगायत पास्सा प्रक्रिया विस्तृतमा जान्न चाहने सबैले यो भागको अध्ययन गर्नुपर्छ। यसलाई स्वयंसेवक तालिमको मुख्य सामाग्रीका रुपमा प्रयोग गरिन्छ। पास्साका हरेक क्रियाकलापहरू कसरी सम्पादन गर्ने भन्ने निर्देशनहरू निम्न लिखित शीर्षकमा प्रस्तुत गरीएको छ :

- उद्देश्य
- समय
- सामाग्रीहरू
- के गर्ने
- टिप्पणीहरू





पास्साका धेरै जसो कार्य सम्पादनबारे सहजीकरण गर्न चित्र वा चार्टहरूको प्रयोग गर्नुपर्ने हुन्छ। पास्साका आठ कार्यहरूलाई सारांशमा तल प्रस्तुत गरिएको छ :

| कार्य | उद्देश्य |
|---|---|
| ऐतिहासिक विवरण | • खतराहरूजस्ता पुराना घटनाहरू एवं समयसँग भएका परिवर्तनका बारेमा थाहा पाउन<br>• समुदायको वर्तमान अवस्थाबारे बुझ्न (स्वास्थ्यसम्बन्धी मुद्दाहरू वा खतराहरू एवं नाजुकताहरूको सन्दर्भमा विगत तथा वर्तमानबीच सामान्य सम्बन्ध)<br>• भविष्यमा हुने परिवर्तनको निरन्तरताबारेको बुझाई ( प्रवृत्तिहरू) |
| खतराहरूको बारम्बारता एवं असर | • समुदायले भोग्दैआएका खतराहरूबारे सूचित हुने र यीसँग सम्बन्धित नाजुकता एवं समुदायको क्षमताबारे जान्ने<br>• पास्सा समूहले ध्यान दिनुपर्ने अति महत्वपूर्ण स्थानीय खतराहरू पहिचान गर्न |
| समुदाय नक्साङ्कन र भ्रमण | • समुदायको आवास अवस्था नक्साङ्कन गरी व्यक्तिगत भवन तथा समग्र वस्तीकै सम्भावित खतराहरू र नाजुकताहरू पहिचान गर्न<br>• योजना तयार तथा अनुगमन एवं मूल्याङ्कन प्रयोजनका लागि आधारभूत नक्सा तयार गर्न<br>• समुदाय र यसका आवास सुरक्षाको सम्बन्धमा साझा दूरदृष्टि एवं बुझाई विकास गर्न<br>• समुदायलाई नक्सा तयार गर्न सक्षम पारी समूहको आत्म-सम्मान र यससँग जोडिएका अन्य शक्ति विकास गर्न |

| | |
|---|---|
| सुरक्षित र असुरक्षित आवास | • समुदायलाई पास्सा समूहले पहिचान गरेका प्राथमिक खतराहरूप्रति नाजुक पार्ने व्यक्तिगत आवास एवं समग्र वस्तीका विभिन्न पक्षहरू पहिचान गर्न<br>• समुदायभित्रका आवासहरूलाई सुरक्षित पार्नका लागि गर्न सकिने कार्यहरू पहिचान गर्न |
| आवास सुरक्षाका विकल्पहरू | • आवासको सुरक्षा सुधारका लागि उपलब्ध विकल्पहरूलाई तिनीहरूको प्रभावकारिता, सम्भाव्यता अथवा कार्यान्वयनमा हुने सहजताको आधारमा विश्लेषण गर्ने<br>• समुदाय वा यसको कुनै भागमा हालसम्म पनि सुरक्षाका प्रभावकारी उपायहरू अपनाउने कार्यको सुरुवात हुन नसक्नाका कारणहरू पहिचान गर्ने |
| परिवर्तनको योजना | • आवास सुरक्षामा सुधारका उपायहरू कार्यान्वयन गर्न योजना तयार गर्न<br>• योजनाको प्रत्येक भागको नेतृत्व लिने विषयमा सहमति गर्न |
| समस्याको बाकस | • योजना कार्यान्वयनमा आईपर्ने सम्भावित समस्याहरू पहिचान गर्न र समाधानमा उपायहरू तय गर्न |
| अनुगमन योजना | • प्रगति जाँच गर्ने प्रक्रिया स्थापित गर्न (आवास सुरक्षामा भएका सुधारहरू)<br>• प्रक्रियाको अनुगमन कति पटक र कसले गर्ने तय गर्न<br>• मूल्याङ्कन कार्यको दिन तोक्न |

**भाग २** ले राष्ट्रिय समाजहरू र साझेदारहरूलाई पास्साको परिचय दिँदै आवास सुरक्षा कार्यक्रममा सहभागितामूलक धारणाका रुपमा यसलाई प्रयोग गर्न आवश्यक क्षमता सिर्जना गर्नका लागि आवश्यक जानकारी प्रदान गर्छ।





यो भाग विपत्ति व्यवस्थापन तथा आश्रय कार्यक्रमसँग सम्बन्धितसहित व्यवस्थापकीय कर्मचारी लक्षित छ।

भाग ३ ले स्वयंसेवकहरूलाई पास्सा कार्यक्रमलाई समुदायस्तरमा कार्यान्वयन गर्न आवश्यक निर्देशन प्रदान गर्छ। यो भागले पास्सा प्रशिक्षण कार्यक्रमका लागि आधार तयार गर्छ। व्यवस्थापकहरूले यसको प्रयोग स्वयंसेवकलाई सुपरिवेक्षण गर्ने कार्यका लागि प्रयोग गर्नुपर्छ।

भाग ४ मा पास्साका कार्यहरूको चित्र तयार गर्ने कलाकारका लागि आवश्यक निर्देशन छ। व्यवस्थापकहरूले कलाकारलाई यो भागको एकप्रति उपलब्ध गराउनुपर्छ र यसमा दिइएका निर्देशनहरू पूर्णरुपमा बुझे/नबुझेको यकिन गर्नुपर्छ।

अनुसूची-१ मा चित्रको सूची छ। यसलाई कुनै विशेष परिस्थितिमा पास्सा प्रयोग भएको अवस्थामा तयार गरिने चित्रहरूमा आधारका रुपमा प्रयोग गर्न सकिन्छ।

अनुसूची-२ ले स्वयंसेवकहरूले प्रयोग गर्न सक्ने पुनर्ताजगीका उदाहरणहरू छन्। यसलाई उनीहरूले पास्सा कार्यहरूको सहजीकरणका बखतमा आवश्यक परेको खण्डमा प्रयोग गर्न सक्छन्।

आवास तथा सुरक्षा हातेकिताब एउटा छुट्टै सामाग्री हो जसले आवास सुरक्षाका बारेमा केही आवश्यक सूचना प्रदान गर्छ। पास्सा प्रशिक्षणका लागि प्राविधिक विषयवस्तु तयार गर्ने प्रयोजनमा यसको प्रयोग गर्न सकिन्छ।






# विषयसूची

परिचय ३२

क्रियाकलाप एक्स: क्रियाकलापको नाम ३२
क्रियाकलाप १ : ऐतिहासिक विवरण ३६
क्रियाकलाप २: समुदाय नक्साङ्कन र भ्रमण ४२
क्रियाकलाप ३: खतराहरूको बारम्बारता एवं असर ४९
क्रियाकलाप ४: सुरक्षित र असुरक्षित आवास ५६
क्रियाकलाप ५ : समाधानका उपायहरू ६४
क्रियाकलाप ६: परिवर्तको योजना ७०
क्रियाकलाप ७: समस्याको बाकस ७८
क्रियाकलाप ८: अनुगमन योजना ८१

# परिचय (Introduction)

पुस्तिकाको यस खण्डमा सुरक्षित आवास सचेतनाकालागि सहभागितामूलक अवधारणा (पास्सा) अन्तर्गतका हरेक क्रियाकलापबारे विस्तृत निर्देशनहरू समावेश छन्। पास्सा सुरु गर्नुअघि तपाईंले पास्सा तालिम लिनुका साथै यस पुस्तिकाको भाग तीन (स्वयंसेवकका लागि निर्देशन) अध्ययन गर्नुपर्छ।

सबै क्रियाकलापको संरचना समान छ। संरचनाबारेमा तल व्याख्या गरिएको छ।

# क्रियाकलाप एक्सः क्रियाकलापको नाम (Activity X: Title of the activity)

### उद्देश्य

यसअन्तर्गत क्रियाकलापबाट पास्सा समूहहरूले कुन उपलब्धि हासिल गर्ने भन्नेबारे तपाईंलाई स्पष्ट पार्नका लागि उद्देश्यको बारेमा चर्चा गरिएको हुन्छ। उल्लेखित उद्देश्य हासिल गर्न उचित तरिकाले सहजीकरण कार्य गर्न सहयोग पुऱ्याउन तथा पास्सा समूहलाई सो क्रियाकलाप गर्नका कारणबारे जानकारी गराउन उद्देश्यका बारेमा स्पष्ट पारिएको हो।

### समय

यो समयको नजिकको अनुमानमात्रै हो। तापाईंले हरेक सत्रका लागि आधा दिनसम्मको समय दिनुपर्छ। पास्सा समूहमा हुने छलफलको स्तरअनुसार लाग्ने समय अनुमानित समयभन्दा धेरै वा थोरै हुनसक्छ। तपाईंले कार्यहरूबारे






स्पष्ट निर्देशन तथा छलफलका लागि सहजीकरण गर्दै समयको सदुपयोग गर्न सहयोग गर्नुपर्छ।

### सामाग्रीहरू

यसमा तपाईंले समुदायमा लग्ने सामाग्रीहरू तथा उपकरणहरूको सूची दिइएको हुन्छ। हिँड्नुअघि आफूसँग सबै चिज भए नभएको जाँच गर्नुपर्छ। केही चिजहरू अन्य समूहमा नचाहिने भए पास्सा समूहकै एक सदस्यलाई जिम्मा लगाउन सकिन्छ। पास्सा समूहको चार्ट, नक्सा तथा अन्य सामाग्रीहरूको तस्वीर लिनका लागि डिजिटल क्यामरा वा क्यामरा भएको मोबाइल लग्न नबिर्सनुस्।




माथिको चित्र क्रियाकलाप तथा मुद्दा पहिचान गर्ने तरिकाको एक उदाहरण हो।

**के गर्ने ?**

**क्रियाकलापको परिचय**

क्रियाकलापलाई सहभागीमाझ परिचय गराउनेसम्बन्धी निर्देशनहरू यो शीर्षकअन्तर्गत रहन्छन्। क्रियाकलाप सुरु गर्नुअघि केही समय लिएर पास्साका सदस्यहरूमा उनीहरूले गर्ने कार्यबारे सामान्य जानकारीका साथै समूहलाई पास्सा प्रक्रियामा सो क्रियाकलाप जोडिने तरिका थाहा भएको यकिन गर्नुपर्छ। सदस्यहरूले काम गर्दै जाँदा धेरै कुरा बुझ्दै जानुका साथै सुरुमै बताउँदा बुझ्नसमेत कठिन हुने हुनाले विस्तृत जानकारी दिनु हुँदैन। कुनै पनि कार्य सरु गर्नुअघि समूहका कोही सदस्यलाई अघिल्लो कार्यबाट संक्षिप्तमा भन्न लगाउनुपर्छ। यसो गर्दा सबै सदस्यहरूमा अघिल्लो प्रक्रियाका निष्कर्षबारे साझा सहमति नभए/नभएको थाहा हुनुका साथै त्यसपछिको अर्को क्रियाकलाप सुरु गर्ने अवस्थाको समेत सिर्जना हुन्छ।

त्यसपछि त्यहाँ केही निर्देशनहरू हुन्छन् जुन पास्सा समूहलाई दिन, कार्य सुरु गर्न तथा उपसमूहहरूको कार्यलाई संयोजन गर्नमा प्रयोग गर्नुपर्छ। कार्य सुरु गर्ने निर्देशनहरू सामान्यतया उप-समूहमा दिइन्छ।

**छलफल**

यो शीर्षकमा पास्सा समूहले भर्खरै सम्पन्न गरेको क्रियाकलापबारेको छलफललाई सहजीकरण गर्नेसम्बन्धी निर्देशन हुन्छ। हरेक कार्यका लागि छलफलकको विषय फरक हुन्छ।





**क्रियाकलापको समाप्ति**

यस शीर्षकअन्तर्गत क्रियाकलाप समापनसम्बन्धी निर्देशनहरू हुन्छन्। जसभित्र तल उल्लेखित निर्देशन पनि पर्छन् :

- परियोजनको अभिलेखसँगै राख्नका लागि नक्साको तस्विर लिने।
- एक सहभागीलाई समूहको कार्यको मूलप्रति बनाउन लगाउने।
- आगामी क्रियाकलापको विषयबारे जानकारी दिने।
- कार्य अवधिको सिकाई तथा सो क्रियाकलापका मन परेका र मन नपरेका कुराबारे समूहसँग छलफल गर्ने एवं सुधारका बुँदाहरू टिपोट गर्ने।
- समूहको एक सदस्यलाई वर्तमान क्रियाकलापको जानकारी राख्न लगाउने र अर्को क्रियाकलाप सुरु हुनुअघि सबैलाई छोटो जानकारी दिने।

**टिप्पणीहरू**

टिप्पणीहरूले क्रियाकलाप व्यवस्थापनमा आवश्यक पर्न सक्ने तथा आइपरेका समस्या समाधान गर्न चाहिने सुझाव प्रदान गर्छन्।

# क्रियाकलाप १ : ऐतिहासिक विवरण
# (Activity 1: Historical profile)

**उद्देश्य** : खतराहरूजस्ता पुराना घटनाहरू एवं समयसँग भएका परिवर्तनका बारेमा थाहा पाउन

- समुदायको वर्तमान अवस्थाबारे बुझ्न (स्वास्थ्यसम्बन्धी मुद्दाहरू वा खतराहरू एवं नाजुकताहरूको सन्दर्भमा विगत तथा वर्तमानबीच सामान्य सम्बन्ध)
- भविष्यमा हुने परिवर्तनको निरन्तरता बारेको बुझाई (प्रवृत्तिहरू)

**लाग्ने समय**


१.५ देखि २ घण्टा

**सामाग्रीहरू**

- फ्लीपचार्ट पेपर, मार्कर पेनहरू;
- त्यस क्षेत्रका मुख्य खतराहरू देखाउन चाहिने चित्रहरू (समूह एका चित्रहरू);
- अतिरिक्त घटनाहरू लेखनका लागि कार्ड वा कागज र कलमहरू;
- टाँस्ने टेप ।








**के गर्ने ?**

**सुरु गर्नुअघि**

यो पास्साको पहिलो क्रियाकलाप भएको हुनाले उपयुक्त वातावरण बनाउन जरुरी हुन्छ। यस्तो वातावरण जसमा सबै सहभागीहरूले सहज महसूस गरुन् र योगदान दिन सकून्। यसका उपायहरू यसप्रकार छन् :

सहभागीहरू सबैले एक-अर्कालाई चिन्ने भए पनि आफ्नो परिचय दिन लगाउनुस्। परिचय कार्यक्रमलाई रमाइलो एवं सहभागीलाई परिचय साटासाट गर्न प्रोत्साहित गर्ने खालको बनाउन पनि सक्नुहुन्छ ।

- सहभागीहरूलाई पास्सा प्रक्रियाबाट गरेको अपेक्षा तथा समूहमा उहाँहरूले पुऱ्याउन सक्ने योगदानबारे भन्न लगाउनुस्।
- पास्सा तथा यसमा समावेश हुने अन्य चिजका बारेमा कसैलाई शङ्का, डर अथवा द्वीविधा भए/नभएको जाँच गर्नुस् र भए समाधान गर्नुस्।

- सहभागीहरू आपसमा खुल्ला एवं अनौपचारीकरुपमा छलफल गर्न सक्ने वातावरण बनाउनुहोस्। यसका लागि तपाईंले पहिले नै जानेका वा पास्सा तालिममा सिकेका उपाय (आईसब्रेकर) प्रयोग गर्न सक्नुहुन्छ।

**क्रियाकलापको परिचय**

समूहले सदस्यहरूको स्मरणको आधारमा समुदायका सम्झनायोग्य वा महत्वपूर्ण घटनाहरू पहिचान गर्ने तथा ती घटनालाई चित्राङ्कन गर्ने कार्य गर्नेछ भन्ने जानकारी दिँदै यस क्रियाकलापको सुरुवात गर्नुहोस्। यसले उनीहरूलाई समयको अन्तरालमा समुदायमा भएका परिवर्तन देखनका साथै आवाससम्न्धी खतरा एवं नाजुकताहरूको असर पहिचान गर्न सहयोग पुऱ्याउँछ।

१. सहभागीहरूलाई उनीहरूको स्मरणमा रहिरहेका वा असर पारेका तीन वा चार मुख्य घटनाहरू लाई सम्झन लगाउनुस्। यस्ता घटनाहरूमा मुलुकमा भएका ठूला राजनीतिक परिवर्तन, विद्यालयको स्थापना, अथवा कुनै विपत्ति हुन सक्छन्। यस्ता घटनाहरूलाई खतराहरूको चित्र प्रयोग गरेर, चित्र बनाएर अथवा कागजमा लेख्नेमध्ये कुनै एक उपायबाट अभिलेख गर्नुस्।

२. सहभागीहरूको मद्दतमा ती चित्रहरूलाई ठूलो कागजमा टाँसेर भुईंमा राख्नुहोस् वा भित्तामा टाँस्नुस्। यसैगरी, यसको छेवैमा समयरेखा पनि राख्नुस्। यसको उद्देश्य भनेको ऐतिहासिक विवरणमा प्रमुख विन्दुहरू सिर्जना गर्नु हो। यी विन्दुहरूलाई पछि मापक (स्केल) बनाउने कार्यमा पनि प्रयोग गर्न सकिन्छ।





३. माथि उल्लेख गरिएका मुख्य घटनाहरूको क्रम तथा अनुमानित स्थानको बारेमा सहमति बनिसकेपछि सहभागीहरूलाई तीन उप-समूहमा बाँड्नुस् र हरेक समूहलाई कागजको ठूलो टुक्रा र कलमहरू दिनुस्। उप-समूहका सदस्यहरूलाई चरण २ मा तयार गरिएको ऐतिहासिक विवरण कागजको ठूलो टुक्रामा सार्न लगाउनुस्। त्यसपछि समुदायका घटना तथा प्रवृत्तिहरूलाई एउटा छुट्टै कागजमा शव्द वा चित्रको रुपमा नोट गर्न भन्नुस् र ती नोटहरूलाई प्रोफाइलको खाली भागमा समयक्रम मिलाएर राख्न लगाउनुस्। घटनाहरू तथा प्रवृत्तिहरूमा निम्न कुराहरू समावेश हुनुपर्छ :

- मुख्य खतराहरू तथा तीनको असर;
- भूमि प्रयोगमा आएका परिवर्तनहरू (बालीहरू, वनक्षेत्र, घरहरू आदि);
- भूमि प्रयोगको अधिकारमा आएका परिवर्तनहरू;
- जनसङ्ख्यामा आएका मुख्य परिवर्तनहरू (बसाई-सराई, विस्थापन वा जनसङ्ख्या वृद्धि);
- खाद्य सुरक्षा तथा पोषणमा आएका परिवर्तनहरू;
- संगठन र प्रशासनमा आएका परिवर्तनहरू;
- मुख्य राजनीतिक घटनाहरू;
- मुख्य सुरक्षा तथा द्वन्द्वका घटनाहरू।

४. उल्लेखित कार्य सम्पन्न गरेपश्चात् सबै उप-समूहलाई आ-आफ्नो ऐतिहासिक विवरणलाई छोटो कथा अथवा नाटकको रुपमा प्रस्तुत गर्न लगाउनुस्। समूहमा भएका पाका सदस्यहरूलाई प्रस्तुति गर्न दिनु राम्रो हुनसक्छ।

**छलफल**

सबै उप-समूहले ऐतिहासिक विवरण प्रस्तुत गरिसकेपछि निम्न विषयमा छलफल गराउनुस् :

- समूहको अनुभवमा कस्ता घटनाहरू तथा प्रवृत्तिहरू प्रत्यक्ष (उदाहरणका लागि खतराहरूको बारम्बारता) वा अप्रत्यक्ष (उदाहरणका लागि सुरक्षित घर निर्माणका लागि आवश्यक साधनहरूको अभाव र बढ्दो बेरोजगारी) रुपमा आवास सुरक्षामा महत्वपूर्ण हुन्छन्
- यस्ता प्रवृत्ति तथा घटनाहरू किन घट्छन्
- आगामी दिनमा आवास सुरक्षासँग प्रत्यक्ष वा अप्रत्यक्षरुपमा सम्बन्धित कस्ता परिवर्तन हुने सम्भावना छ ?

५. सहभागीहरूलाई सबै उप-समूहले तयार गरेका ऐतिहासिक विवरणलाई मिलाएर एकमात्र विवरण तयार गर्ने प्रयास गर्न लगाउनुस्।

**क्रियाकलापको समापन**

- परियोजनको अभिलेखसँगै राख्नका लागि नक्साको तस्वीर लिने ।
- कार्य अवधिको सिकाई सम्बन्धमा समूहसँग छलफल गर्ने ।
- समूहका सदस्यहरूलाई क्रियाकलापका मन परेका र मन नपरेका कुरा सोध्ने तथा सुधारका बुँदाहरू टिपोट गर्ने ।
- समूहको एक सदस्यलाई क्रियाकलापको सारांश बनाउन लगाउने र अर्को क्रियाकलाप सुरु हुनुअघि सबैलाई छोटो जानकारी दिन लगाउने ।
- यसपछिको क्रियाकलापमा उनीहरूले समुदायको नक्सा बनाउनुपर्नेबारे जानकारी दिने । समूहका सदस्यलाई अर्को कार्य सुरु हुनुअघि केही समय समुदायका विभिन्न भाग घुमेर आउन भन्ने ।





## टिप्पणीहरू

१. यो पहिलो पास्सा क्रियाकलाप भएकाले धेरै सहभागीहरूलाई यस्तो क्रियाकलापलाई असामान्य लाग्न सक्छ। केही सदस्यहरूले समूहमा सहभागितामूलक धारणाको प्रयोगमा असहजता महसूस गर्न सक्छन्। त्यसैले क्रियाकलापलाई पर्याप्त समय लिएर स्पष्टरुपमा बुझाउनुस् र सबै सहभागीहरूले बुझेका छन् भन्नेमा ढुक्क हुनुस्। प्रत्येक सदस्यलाई सहभागी हुन उत्प्रेरित गर्नुहोस् तर उनीहरूको ध्यानाकर्षण शान्त स्वभावका सहभागीमा हुन नदिनुस्। यस्ता सहभागीहरू आफैँमा विश्वस्त नहुन सक्छन् र विस्तारै उनीहरूमा पनि आत्मविश्वास पलाउँछ।

२. उप-समूहहरूलाई उनीहरूको कार्यलाई सिर्जनात्मक रुवं रमाइलो तरिकाले प्रस्तुत गर्न प्रोत्साहित गर्नुस्। समग्र प्रक्रियाको यो एक महत्वपूर्ण भाग हो जसको माध्यमबाट समूहले सकारात्मक वातावरण सिर्जना गर्छ।

३. क्रियाकलापले आफ्नो उद्देश्यप्राप्त गरिसकेको हुनाले उप-समूहहरूलाई एउटै ऐतिहासिक विवरण तयार गर्न कठिनाई भए जवर्जस्ती नगर्नुस्।

४. उप-समूहका सदस्यहरू कुनै घटना वा प्रवृत्तिका बारेमा अस्पष्ट छन् वा सहमत हुन सकिरहेका छन् भने सल्लाह नदिनुस्। बरु, सहमति कायममा सहयोग पुऱ्याउन सक्नेखालका प्रश्न सोध्नुस्।

# क्रियाकलाप २: समुदाय नक्साङ्कन र भ्रमण
# (Activity 2: Community mapping and visit)

## उद्देश्य

- समुदायको आवास अवस्था नक्साङ्कन गरी व्यक्तिगत भवन तथा समग्र वस्तीकै सम्भावित खतराहरू र नाजुकताहरू पहिचान गर्न;
- योजना तयार तथा अनुगमन एवं मूल्याङ्कन प्रयोजनका लागि आधारभूत नक्सा तयार गर्न;
- समुदाय र यसका आवास सुरक्षाको सम्बन्धमा साझा दूरदृष्टि एवं बुझाई विकास गर्न;
- समुदायलाई नक्सा तयार गर्न सक्षम पारी समूहको आत्म-सम्मान र यससँग जोडिएका अन्य शक्ति विकास गर्न।

## लाग्ने समय

वस्तीको आकार तथा आवश्यक नक्साको जटीलताको आधारमा ३ देखि ४ घण्टा

## सामाग्रीहरू

- फ्लीपचार्ट पेपर, परमानेन्ट मार्कर पेन;
- टाँकहरू, ढुङ्गाहरू, गेडाहरू, काम नलाग्ने टुक्रा-टाक्रीहरू, लौरोजस्ता नक्सा बनाउन







चाहिने सामाग्री;

- रङ्गीन स्टीकरहरू;
- सेतो कपडा वा ढाक्न पुग्ने प्लाष्टिकसहितको सेता कागजको ठूलो टुक्रा।

## के गर्ने

**क्रियाकलापको परिचय**

यस क्रियाकलापको सुरुमा अघिल्लो क्रियाकलापको विवरण राख्ने सदस्यलाई बोलाएर सो क्रियाकलापका बारेमा संक्षिप्त विवरण दिन लगाउनुस्। त्यसपछि अघिल्लो क्रियाकलापमा सिकेका कुराहरू, विशेषगरी विपत्तिका अनुभवहरू र अवासमा तिनको असर तथा समुदायमा भएको पूर्वाधारका विषयमा पुनरावलोकन गर्न छलफल गराउनुस्।

समूहको अबको कार्य समुदायको नक्सा तयार गर्ने हो भन्ने जानकारी दिनुहोस्। यसैगरी, अन्य कार्यहरूमा समुदायको भ्रमण गरी समुदायको आवास सुरक्षा तथा जीवनका अन्य महत्वपूर्ण पक्षका मुद्दाहरू पहिचान गर्ने र हालको अवस्थाको जानकारी राख्ने हो।

१. सहभागीहरूलाई तीन उप-समूहमा विभाजन गरी प्रत्येक समूहलाई समुदायको नक्सा तयार गर्न लगाउनुस्। समूहले आफूले चाहेको तरिकाले नक्सा बनाउन सक्छन्। केहीले कागजमा नक्सा बनाउन खोज्लान् तर वरपर उपलब्ध वस्तुको सहायताले भूईंमा नै बनाउन सजिलो हुन्छ। आवश्यक परेको खण्डमा सुरु गर्नका लागि केही सामाग्री दिनुस्। समूहले यीबाहेक अन्य इच्छाअनुसारका सामाग्री प्रयोग गर्न सक्छन्। उनीहरूले नक्सामा निम्न लिखित कुराहरू समावेश गर्नुपर्छ :

- महत्वपूर्ण भौतिक विशेषताहरू एवं सीमानाहरू;
- सडकहरू तथा गोरेटोहरू एवं आवास क्षेत्रहरू;
- खेती गरिएको जमीन, वन एवं अन्य खुल्ला स्थानहरू;
- खोला, पोखरी एवं पानी भएका अन्य क्षेत्रहरू;
- खोला तथा नदीहरूको बगेको दिशा;
- अग्लो तथा होचो भू-भागहरू;
- खतराहरूबाट प्रभावित क्षेत्रहरू;
- अति नाजुक आवास भएका क्षेत्रहरू;
- आवासका लागि महत्वपूर्ण कुनै पनि स्रोतको स्थान;
- उद्धार मार्गहरू ।

२. उप-समूहहरूले कार्य सम्पन्न गरेपछि तयार भएका नक्साहरूमध्ये सबैभन्दा स्पष्ट र/वा समुदायलाई झल्काउने नक्सा छान्न लगाउनुस् । यो नक्सा सबैले देख्न सक्ने गरी राख्नुपर्छ । सहभागीहरूलाई उप-समूहभित्रको कार्यका आधारमा सो नक्सामा थप्नुपर्ने कुराहरू तथा अन्य परिवर्तहरूबारे सुझाव दिन भन्नुस् र कसैलाई सुझावअनुसारको परिवर्तन गर्न लगाउनुस् ।

३. नक्सा तयार भएपछि, सहभागीहरूलाई दुई भागमा बाँडिन भन्नुस् । एउटा उप-समूह नक्सामा चित्रित गरिएका आवासम्बन्धी खतराका स्रोतहरूप्रति समुदायलाई नाजुक बनाउने असुरक्षित घरहरू भएका स्थान तथा खतराका स्रोतहरूप्रति खुल्ला देखिएका क्षेत्रहरूजस्ता विशेषताहरू पहिचान गर्नका लागि हो । यसैगरी, अर्को उप-समूह वस्तीका राम्ररी सुरक्षित क्षेत्रहरू, सहन क्षमतायुक्त घरहरू भएका स्थानहरू, उद्धार आश्रयहरू (उदाहरणका लागि आँधीबाट बच्ने आश्रयहरू), निर्माणका लागि साधनहरूजस्ता आवाससम्बन्धीका खतरालाई सहन सक्ने विशेषताहरू पहिचान गर्नका लागि हो ।

यसपछि दुई समूहरूले छलफल गर्दै आवास सुरक्षाका मुद्दाहरूलाई विस्तृतरुपमा हेर्नका लागि भ्रमण गर्ने समुदायका चाखलाग्दा भागहरूबारे सहमति कायम गर्नुपर्छ ।

४. समूहका सदस्यहरूलाई आफूले छानेका भागहरूमा घुम्दै छलफल गरिएका विशेषताहरू एवं सोच्दै नसोचेका अन्य विशेषताहरूसमेत खोज्न भन्नुस् । यसका लागि एक घण्टा वा केही तल-माथिको समय दिनुपर्छ । भ्रमणका क्रममा सहभागीहरूलाई खोजी कार्यमा केन्द्रित एवं छलफल गराउनका लागि आवश्यकताअनुसार प्रश्नहरू सोध्नुस् ।

५. भ्रमणपश्चात् समूहलाई अघि तयार गरिएको नक्सामा आवश्क पर्ने कुनै परिवर्तन भए गर्न भन्नुस् । यस्ता परिवर्तनहरू विशेषगरी खतराबाट प्रभावित वा खतराप्रति नाजुक देखिएका वस्तीका भागहरूमा हुन सक्छन् ।

**छलफल**

आवास सुरक्षाका बारेको छलफलमा सहजीकरणका लागि क्रियाकलापको क्रममा उठेका बुँदाहरूको प्रयोग गर्नुस् । समूहलाई उल्लेखित विषयहरूको व्याख्या गर्न भन्नुस् :

- तेज हावा, बाढी, भूकम्प, आगलागीजस्ता हालै घटेका खतराका घटनाहरू एवं किसिमहरू । के घट्यो, कहिले, कस्तो क्षति भयो, कसलाई धेरै असर पर्‍यो
- सहन क्षमता धेरै भएका घर तथा अन्य भवनहरू । खतराका घटनाको

अ‍सर नपरेका वा भविष्यमा आईपर्ने खतराको पनि असर नपर्ने खालका बलिया भवनहरू यसअन्तर्गत पर्छन् । यसैगरी, ती घरहरू कस्ता छन्, ती घरहरूलाई यति बलियो हुने गरी कसरी बनाइयो ।

- समुदायभित्रका व्यक्ति वा समूह जसका घरमा सहनसक्ने क्षमता न्यून छ ।

यी छलफलहरूलाई नक्सामा थपेर र/वा बुँदा टिपोट गरेर राख्नुस् ।

यस चरणमा समस्याका समाधानहरू आए भने पनि तीनका बारेमा छलफल गर्नु हुँदैन तर यसपछिका अन्य चरणमा चाहिने हुनाले टिपोट गर्नुपर्छ ।

**क्रियाकलापको समापन**

- परियोजनको अभिलेखसँगै राख्नका लागि नक्साको तस्वीर लिने ।
- समूहको एक इच्छुक सदस्यलाई नक्सालाई सेतो कपडा (वा प्लाष्टिकको टुक्रा वा कागज) मा परमानेन्ट मार्करले सार्न भन्नुस् । समुदायको मध्य-भागमा सबैले हेर्न सक्ने गरी प्रदर्शन गर्नका लागि नक्सालाई फ्लेक्समा प्रिन्ट गराउनु राम्रो हुन्छ ।
- नक्सालाई पछि पनि प्रयोग गर्न सकिने गरी सुरक्षित एवं समुदायका सबैले देख्नसक्ने स्थानमा राख्न लगाउनुस् । समुदायको मध्य-भागमा सबैले हेर्न सक्ने गरी प्रदर्शन गर्नका लागि नक्सालाई फ्लेक्समा प्रिन्ट गराउनु राम्रो हुन्छ ।
- यसपछिको क्रियाकलापमा समूहले आवासलाई थप सुरक्षित पार्ने उपायहरू पहिचान गर्नेछन् भन्ने बताइदिनुस् ।





- क्रियाकलापका क्रममा सिकेका कुराहरूबारे समूहका सदस्यहरूसँग छलफल गर्नुस् एवं क्रियाकलापका मन परेका र मन नपरेका कुरा सोध्ने तथा सुधारका बुँदाहरू टिपोट गर्ने ।
- समूहको एक सदस्यलाई क्रियाकलापको सारांश तयार गर्न लगाउनुस् र अर्को क्रियाकलाप सुरु हुनुअघि सबैलाई छोटो जानकारी दिन भन्नुस् ।

**टिप्पणीहरू**

१. उनीहरूले चर्चा गरिरहेको समुदाय उनीहरूकै भएकाले नक्सा पनि उनीहरूलाई नै बनाउन दिनुस् ।

२. यस क्रियाकलापका लागि प्रशस्त समय दिनुस् । यो क्रियाकलाप आगामी क्रियाकलापको आधार हुनुका साथै समूहलाई मिलेर काम गर्ने क्षमता विकास गर्नसमेत सहयोग पुऱ्याउँछ ।

३. समुदायले नक्सालाई निम्न लिखित कार्यमा पनि प्रयोग गर्नेछ :
   - समस्याहरू र सम्भावित समाधानहरूलाई विचार गर्न (क्रियाकलाप ४ र ५)
   - योजना बनाउने (क्रियाकलाप ६)
   - प्रगतिको अनुगमको एवं मूल्याङ्कन

४. समुदायका सदस्यहरूले समूहले आफ्नो घर हेरेको र त्यसबारेमा छलफल गरेको मन नपराउन पनि सक्छन् । यो बारेमा समूहमा भ्रमणअघि नै कुरा गर्नुस् र मिलेर समाधान खोज्नुस् । एउटा उपाय भनेको पास्साका सदस्यमात्रको घर भ्रमण गर्नु हो भने अर्को उपाय भनेको पास्साका सदस्यहरूले क्रियाकलाप नभएका दिन घरहरूमा अनौपचारिक भ्रमण गर्नु हो ।

५. मिटिङको अवधिमा नै समुदायको भ्रमण गर्न समय नभएको खण्डमा सहभागीहरूले मिटिङपछिका दिनहरूमा पनि समुदायको भ्रमण गर्न सक्छन्। यसैगरी, नक्सामा गर्नुपर्ने परिवर्तनहरू पनि आगामी क्रियाकलाप सुरु गर्नुअघि केही समय लिएर सम्पन्न गर्न सकिन्छ।

६. पास्सा प्रक्रियापछिका चरणहरूको बारेमा कुराहरू उठेमा तिनीहरूलाई टिपोट गर्दै ती विषयलाई समाधान गर्ने अवसर पछि आउने कुरामा पुनः आश्वस्त पार्नुपर्छ।





# क्रियाकलाप ३: खतराहरूको बारम्बारता एवं असर
# (Activity 3: Frequency and impact of hazards)

### उद्देश्य


- समुदायले भोग्दैआएका खतराहरूबारे सूचित हुने र यीसँग सम्बन्धित नाजुकता एवं समुदायको क्षमताबारे जान्ने;
- पास्सा समूहले ध्यान दिनुपर्ने अति महत्वपूर्ण स्थानीय खतराहरू पहिचान गर्न।

### लाग्ने समय

१ देखि १.५ घण्टा

### सामाग्रीहरू

- बाढी, तेज हावाहरू, भूकम्प, आगलागीजस्ता विभिन्न प्रकारका खतराका स्रोतहरूबाट प्रभावित आवासका समूहहरूको चित्र। (चित्र समूह क)
- खतराहरूको बारम्बारता एवं असरहरूको तल देखाइएजस्तै चार्ट।
- कार्ड वा कागज र अतिरिक्त चित्र तयार गर्नका लागि मार्कर पेन।




**के गर्ने**

**क्रियाकलापको परिचय**

यस क्रियाकलापको सुरुमा अघिल्लो क्रियाकलापको विवरण राख्ने सदस्यलाई बोलाएर सो क्रियाकलापका बारेमा सङ्क्षिप्त विवरण दिन लगाउनुस् । त्यसपछि अघिल्लो क्रियाकलापमा सिकेका कुराका विषयमा समिक्षा गर्न छलफल गराउनुस् ।

यस क्रियाकलापमा समूहले आफ्ना समुदायमा भएका आवास सुरक्षासम्बन्धी अति महत्वपूर्ण खतराका स्रोतहरू पहिचान गर्नेछ भन्ने कुरा बताइदिनुस् । यसले उनीहरूलाई आवास सुरक्षित पार्ने उपायहरू पत्ता लगाउन सजिलो पार्नेछ ।





१. सहभागीहरूलाई पाँचदेखि आठ उप-समूहहरूमा विभाजन गर्नुस् । प्रत्येक उप-समूहलाई विभिन्नखाले खतराका स्रोतहरू देखाउने चित्रहरूको समूह दिनुहोस् । ती सबै चित्रहरूले क्रियाकलाप १ एवं २ (ऐतिहासिक विवरण एवं समुदाय नक्साङ्कन र भ्रमण) मा छलफल गरेजस्तै समुदायमा भएका आवासलाई असर पार्न सक्ने विभिन्न प्रकारका खतराका स्रोतहरू देखाउँछन् भन्ने कुरा स्पष्ट पारिदिनुस् । सबै सहभागीहरूले चित्रले देखाएको कुरा पहिचान गर्न सकेको तथा आवश्यक परेको खण्डमा व्याख्या गर्न सक्ने भए नभएको जाँच गर्नुहोस् ।

२. उप-समूहहरूलाई तल उल्लेखित आधारमा प्रत्येक चित्रलाई चार्टमा कहाँ राख्ने भन्ने विषयमा सहमति गर्न भन्नुस् ।

- समुदाय वा नजिकैको समुदायमा सो सम्भावित खतरा कति पटक आउँछ वा उनीहरूलाई सो खतरा आउने सम्भावन कति छ जस्तो लाग्छ ।
- त्यो घटना घटेमा वा घटेको बेलामा कति ठूलो असर पर्छ ।

आवश्यक परेको खण्डमा उदाहरणस्वरुप एउटा कार्डलाई चार्टमा उचित स्थानमा राखेर देखाइदिनुस् र निकाल्नुस् । उप-समूहहरूले आवश्यक परेको खण्डमा थप खतराका स्रोतहरूको चित्र तयार गर्न सकून् भन्नलाई केही कार्ड वा कागज र कलमहरू दिनुहोस् । उप-समूहहरूलाई यस कार्यसम्पन्न गर्न १५ मिनेटमात्रै समय भएको जानकारी दिनुस् । कार्यलाई व्याख्या गर्ने बारेमा थप जान्नलाई नोट २ हेर्नुस् ।

३. सबै उप-समूहहरूले आफ्नो कार्य सम्पन्न गरिसकेपछि चार्टहरू प्रस्तुत गर्न भन्नुस् ।

**छलफल**

सबै उप-समूहहरूले आफ्ना चार्टहरू प्रस्तुत गरिसकेपछि उल्लेखित विषयहरूमा छलफल गराउनुस् :

- समुदायमा रहेका आवासहरूका लागि अति महत्वपूर्ण खतराहरू कुन कुन हुन (बारम्बार आइरहने, धेरै असर पार्ने तथा बारम्बार आइरहने एवं उच्च असर दुबै हुने)
- समुदायमा यस्ता खतराहरूबाट को धेरै प्रभावित छ
- यस्ता खतराहरूको असर कस्तो छ : चोट लाग्ने, जीवन गुम्ने तथा सम्पत्तिको नोक्सान हुने
- यस्ता खतराका स्रोतहरूको असर वा खतराहरूको बारम्बारता कम गर्ने प्रयासस्वरुप पहिले नै कस्ता उपायहरू अपनाई सकिएका छन् ।

त्यसपछि समूहलाई छलफल गरी समुदायमा भएका आवास सुरक्षाका सम्भावित खतराहरू कुन हुन भन्नेमा सहमत हुन भन्नुस् । समूहलाई दुईदेखि चारवटा खतराका स्रोतहरू छान्न लगाउनुस् । यी स्रोतहरू पास्साका अबका क्रियाकलापको केन्द्रविन्दु हुनेछन् ।

**क्रियाकलापको समापन**

- परियोजनाको अभिलेखसँगै राख्नका लागि नक्साको तस्विर लिनुस् ।
- समूहको एक इच्छुक सदस्यलाई चाटको नक्कल कागजमा उतार्न भन्नुस् ।
- क्रियाकलापका क्रममा सिकेका कुराहरूबारे समूहका सदस्यहरूसँग छलफल गर्नुस् एवं क्रियाकलापका मन परेका एवं मन नपरेका कुरा सोध्नुस् र सुधारका बुँदाहरू टिपोट गर्नुस् ।
- समूहको एक सदस्यलाई क्रियाकलापको सारांश तयार गर्न लगाउनुस् र अर्को क्रियाकलाप सुरु हुनुअघि सबैलाई छोटो जानकारी दिन भन्नुस् ।
- यसपछिको क्रियाकलापमा समूहले पहिचान गरेका सम्भावित खतराहरूको असर कम गर्ने उपायहरूलाई विचारपूर्वक विश्लेषण गर्दै आवास सुरक्षाका उपायहरू छनौट गर्नेछ भन्ने कुरा बताइदिनुस् ।





**टिप्पणीहरू**

१. सहभागीहरूका लागि यस्तोखालको चार्ट नयाँ हुने भएकाले समय लगाएर चरणवद्धरुपमा आवश्यक परेको ठाउँमा कार्डहरू राख्दै स्पष्ट व्याख्या गर्नुस् । तपाईंले देखाउनका लागि मात्रै कार्ड राखेको हो भन्दै क्रियाकलापका क्रममा कार्ड कहाँ राख्ने हो त्यो विषयमा सहभागीहरूले नै निर्णय लिनुपर्ने बताउनुस् ।

२. सहभागीहरूलाई चार्टको प्रयोगबारे बुझ्नमा कठीन भएको खण्डमा तपाईंले निम्न उपायबाट बुझाउन सकिन्छ:

**उपाय १:** क्रियाकलापलाई दुई भागमा विभाजन गर्नुस् । पहिलो, सहभागीहरूलाई ती चित्रहरूको तीनवटा चाङ्ग बनाउन लगाउनुस्: क) बारम्बार आइरहने/सम्भावना उच्च भएका खतराहरू, ख) धेरै नआउने/सम्भावन कम भएका खतराहरू र ग) अति न्यून पटक आउने/सम्भावना नभएका खतराहरू । तिनैखालका कार्डहरू चार्टको सम्बन्धित खण्ड (कोलम) को तल राख्नुपर्छ । दोस्रो, सहभागीहरूलाई ती खतराहरूले पार्ने असरसँग मिल्ने

गरी सोही खण्डमा ती चित्रहरू राख्न भन्नुस् ।

**उपाय २:** चार्टको प्रत्येक कोठामा असर तथा बारम्बारतालाई तल देखाइएजस्तै गरिराख्नुस् र समूहलाई यसबारे बताउनुस् । यसका लागि एक सहभागीलाई त्यहाँ देखिएका शब्दहरू पढ्न लगाउनुस् र तिनको अर्थ सबैले बुझेका छन् भन्ने जाँच्नुस् ।

| | | |
|---|---|---|
| धेरै ठूलो असर पर्ने बारम्बारता कम भएका | धेरै ठूलो असर पर्ने बारम्बारता मध्यम भएका | धेरै ठूलो असर पर्ने बारम्बारता धेरै भएका |
| मध्यम असर पर्ने बारम्बारता कम भएका | मध्यम असर पर्ने बारम्बारता मध्यम भएका | मध्यम असर पर्ने बारम्बारता धेरै भएका |
| धेरै कम असर पर्ने बारम्बारता कम भएका | धेरै कम असर पर्ने बारम्बारता मध्यम भएका | धेरै क म असर पर्ने बारम्बारता धेरै भएका |

३. सहभागीहरूले विस्तारै बुझ्ाउँदा पनि चार्टमा काम गर्न कठीन मानेको खण्डमा खतराहरूलाई प्राथमिकीकरण गर्नका लागि तल उल्लेखित उपाय पनि अपनाउन सकिन्छ :

हरेक उप-समूहलाई दुई फरक रङ्गका टोकन वा गेडाहरूका दिनुस् र ती दुई रङ्गमध्ये एकले खतराको बारम्बारता र अर्कोले खतराको असर देखाउने बताउनुस् । सहभागीहरूलाई विभिन्न खतराहरूको चित्र बनाउन भन्नुस् । त्यसपछि टोकन वा गेडाहरूलाई चित्रहरूमा राख्न भन्नुस् । यसरी राख्दा खतराको तथा खतराको प्रभावअनुसार राख्नुपर्छ । जसअनुसार धेरै कम खतरामा १, मध्यम बारम्बारता भएकामा २ बारम्बारता धेरै भएकामा ३ बटा टोकन वा गेडा राख्नुपर्छ । यसैगरी, धेरै कम असर पार्नेमा १, मध्यम असर पार्नेमा २ र धेरै ठूलो असर पार्नेमा ३ टोकन वा गेडा राख्नुपर्छ । त्यसपछि उप-समूहरूलाई चित्रमा राखिएको गेडा वा टोकनको सङ्ख्याको





आधारमा आफ्ना चित्रहरू मिलाउन भन्नुस् ।

४. समूहका सदस्यहरू कुनै प्रकारको खतराका स्रोतहरूको बारेमा अस्पष्ट वा असहमत भएमा सल्लाह नदिनुस् । बरु उनीहरूलाई सहयोग गर्नेखालको प्रश्न सोध्नुस् । समूहले कुनै खतराको बारम्बारता वा असर कस्तो हुन्छ भन्ने कुरा राम्ररी ठम्याउन नसकेको जस्तो लागे पनि वास्ता नगर्नुस् । यो क्रियाकलापको उद्देश्य अति महत्वपूर्ण एवं राम्ररी परिचित खतराका स्रोतहरूको बारेमा छलफल गराउनु हो । समूहले यो क्रियाकलाप वा यसपछि अर्को क्रियाकलाप सुरु हुनुअघिको समयमा पनि अन्य कुनै खतराका स्रोतहरू पत्ता लगाउन सक्छन् ।

५. समूहले सहमति कायम गर्ने खतराहरू बारम्बारता एवं असरका आधारमा अति महत्वपूर्ण हुन् र तिनलाई यसपछिका पास्सा क्रियाकलापहरूमा आधारको रुपमा प्रयोग गरिन्छ भने यिनैको जगमा आवास सुरक्षा सुधार्ने योजनासमेत तयार हुन्छ ।

# क्रियाकलाप ४: सुरक्षित र असुरक्षित आवास
## Activity 4: Safe and unsafe shelter

### उद्देश्य

- समुदायलाई पास्सा समूहले पहिचान गरेका प्राथमिक खतराहरूप्रति नाजुक पार्ने व्यक्तिगत आवास एवं समग्र वस्तीका विभिन्न पक्षहरू पहिचान गर्न;
- समुदायभित्रका आवासहरूलाई सुरक्षित पार्नका लागि गर्न सकिने कार्यहरू पहिचान गर्न ।

### समय


२ देखि ३ घण्टा

### सामाग्रीहरू

- समूहले क्रियाकलाप ३ (सम्भावित खतराहरूको बारम्बारता एवं असर) मा पहिचान गरेका महत्वपूर्ण सम्भावित खतराहरूको चित्र समूह क मा भएका चित्रहरू
- २० देखि ३० बटा तीनवटा चाङ लगाएर राख्न मिल्ने कार्डहरू भएका चित्रहरूको ३ वा ४ वटा पूर्ण समूह (चित्र समूह ख)
- हेडिङ कार्डका ३ वा ४ समूहहरू । एउटा कार्डमा 'सुरक्षित', अर्कोमा ' असुरक्षित' र तेस्रोमा 'बीचको' लेखिएको हुनुपर्छ ।







### के गर्ने

**क्रियाकलापको परिचय**

यस क्रियाकलापको सुरुमा अघिल्लो क्रियाकलापको विवरण राख्ने सदस्यलाई बोलाएर सो क्रियाकलापका बारेमा संक्षिप्त विवरण दिन लगाउनुस् । त्यसपछि अघिल्लो क्रियाकलापमा सिकेका कुराहरूको बारेमा समूहगत छलफल गराउनुस् । समूहलाई आवास सुरक्षा सुधार गर्नका लागि केन्द्रित हुनुपर्ने अति महत्वपूर्ण सम्भावित खतराहरूका बारेमा सहमति भए नभएको सोध्नुस् ।

सदस्यहरूले पहिले आवासलाई सुरक्षित पार्ने (खतराहरूलाई थेग्न सक्ने अथवा खतराका स्रोतवाट सुरक्षित) कुराहरू तथा आवासलाई असुरक्षित पार्ने (खतराहरूलाई थेग्ने क्षमता कम भएको अथवा खतराहरूप्रति उदार भएका) कुराहरू पहिचान गर्नेछन् भन्ने जानकारी दिनुस् । त्यसपछि

उनीहरूले आफ्नो समुदायका आवासलाई सुरक्षित पार्न के गर्नुपर्ने हो त्यसबारे निर्णय गर्नेछन् ।

सबै सहभागीहरूले सुरक्षित र असुरक्षित आवासको अर्थ राम्ररी बुझेका छन् भन्ने जाँच गर्नुहोस् र आवश्यक परेको खण्डमा यस बारेमा एक छलफल गराउनुस् । सहभागीहरूलाई अघिल्लो क्रियाकलापका क्रममा समुदायमा भ्रमण गर्दा देखिएका उदाहरणहरू दिन भन्नुस् ।

१. सहभागीहरूलाई क्रियाकलाप २ (खतराहरूको बारम्बारता एवं असर) मा पहिचान भएका प्रत्येक प्राथमिक खतराका स्रोतहरूका लागि एक समूह हुने गरी पाँचदेखि आठ सदस्यहरू रहने गरी उप-समूह बनाउन लगाउनुस् । हरेक उप-समूहलाई निम्नलिखित सामाग्रीहरू दिनुस् :
   - तीनवटा हेडिङ कार्डहरू - एउटा कार्डमा 'सुरक्षित', अर्कोमा 'असुरक्षित' लेखिएको र 'बीचको' लेखिएको तेस्रो
   - क्रियाकलाप २ मा पहिचान गरिएको सम्भावित प्राथमिक खतरा वा खतराको स्रोत देखाउने एउटा चित्र (चित्र समूह ख बाट)
   - २० देखि ३० वटा तीनवटा चाङ लगाएर राख्न मिल्ने कार्डहरू भएका चित्रहरूको एउटा दुरुस्त समूह (चित्र समूह बी)

२. सबै उप-समूहलाई आफूसँग भएका कार्डहरूको तल उल्लेखित तरिकाका तीनवटा बिटा बनाउन भन्नुस् :
   - सुरक्षित : आवासलाई सुरक्षित बनाउने चित्रहरू;
   - असुरक्षित : आवासलाई असुरक्षित बनाउने चित्रहरू;
   - बीचका : आवासलाई न सुरक्षित न त असुरक्षित नै बनाउने चित्रहरू ।






यसमा केही सुरक्षित र केही असुरक्षित अथवा कस्ताखालका हुन भन्ने यकिन नभएका चित्रहरू पर्छन् ।

उप-समूहहरूलाई आफूहरूले चित्र छनौट गर्दा आफूले विचार गर्न लागेको सम्भावित खतरालाई ख्याल राखेर मात्रै छनौट गर्नुपर्ने कुरा सम्झाइदिनुस् ।

३. यो कार्य सम्पन्न गरिसकेपछि उप-समूहहरूलाई आवासलाई असुरक्षित पार्ने अतिरिक्त अवस्था वा विशेषताहरू (उनीहरूले विचार गर्न लागेका खतराको सम्दर्भमा) सकेसम्म धेरै पहिचान गर्न भन्नुस् र ती हरेक अवस्था वा विशेषताहरूलाई 'सुरक्षित आवास' मा परिणत गर्ने उपायहरू पहिचान गर्न भन्नुस् । उप-समूहहरूले अतिरिक्त 'सुरक्षित' र 'असुरक्षित' अवस्थाहरूलाई चित्रित गर्न सकून् भन्नका लागि उनीहरूलाई खाली कार्डहरू दिनुस् । सहभागीहरूलाई उनीहरूको अवस्था सुहाउनेखालका देखेका वा सुनेका जुनै पनि समस्या वा समाधानलाई विचार गर्न भन्नुस् । यसैगरी, हरेक उप-समूहहरूले आफ्नो कार्य सम्पन्न गरेसकेपछि उनीहरूले पहिचान गरेका अतिरिक्त कार्डहरू हेरिनेछन् भन्ने बताइदिनुस् ।

५. सहभागीहरूलाई थप्न सकिने 'सुरक्षित' र 'असुरक्षित' कार्डहरू सम्बन्धमा सुझाव दिन भन्नुस् र यसका लागि कागज र कलम उपलब्ध गराइदिनुस् । समूहका सदस्यलाई कल्पनाशक्तिको प्रयोग गर्न र 'सुरक्षित' अवस्था प्राप्त गर्न हुने कठिनाइबारे सोचेर आफ्नो सोच्नेशक्तिलाई यही चरणमा सीमित नपार्न उत्प्रेरित गर्नुस् । यसैगरी, सदस्यहरूलाई आगलागी नियन्त्रण गर्न भान्छामा एक बाल्टी बालुवा राख्ने अथवा धमिराहरू वा ओसले घरमा असर पारे/नपारेको नियमितरुपमा निरीक्षण गरिराख्नेजस्ता सामान्य कार्यहरूबारे सोच्न उत्प्रेरित गर्नुस् ।

६. सहभागीहरूलाई चित्रहरू भित्तामा वा अन्य देखिने ठाउँमा निम्नानुसार राख्न भन्नुस् (तलको उदाहरण हेर्नुस्) : सम्भावित खतराका चित्रहरू एकमाथि अर्को गर्दै देब्रेपट्टि राख्ने । 'असुरक्षित' चित्रहरू वर्तमान अवास नाजुकताहरू देखाउनका लागि सम्भावित खतराका चित्रहरूको दायाँपट्टि राख्ने । यसैगरी, 'सुरक्षित' चित्रहरू भने आवास सुरक्षा बढाउने उपायहरू देखाउनका लागि सबैभन्दा दायाँपट्टि राख्ने ।




**छलफल**

देखाइएका चित्रहरूले समुदायले भोगिरहेको अवास सुरक्षाका खतराहरू, नाजुकता बढाउने आवाससम्बन्धी मुख्य समस्याहरू र आवास सुरक्षा अवस्था सुधार्ने सम्भावित उपायहरू देखाउँछन् भन्नेमा सहमत भए/नभएको सहभागीहरूलाई सोध्नुस् ।





एकभन्दा धेरै सम्भावित खतरासँग जोडिएका आवास सुरक्षा समस्याहरू भए/नभएको पनि सोध्नुस् ।

समुदायलाई धेरै सम्भावित खतराबाट जोगाउन सक्नेखालको आवास सुरक्षाको एउटामात्र उपाय भए/नभएको पनि सोध्नुस् ।

समुदायमा भएको कुनै आवास सुरक्षाको विषय तपाईं आफूले देखेको तर चित्रहरूको संग्रहमा नभएको छ भने सहभागीहरूले त्यस विषयबारे सोचे/नसोचेको सोध्नुस् र त्यस विषयलाई चित्रहरूको संग्रहमा थप्नेबारेको निर्णय उनीहरूलाई नै लिन दिनुस् ।

**क्रियाकलापको समापन**

- परियोजनाको अभिलेखसँगै राख्नका लागि क्रियाकलापको अन्तमा तयार गरिएको तीनचाङ्गे चित्रमध्ये सम्भावित खतराहरूको चित्र देखिने गरी तस्विर लिनुस् ।
- समूहको एक इच्छुक सदस्यलाई प्रदर्शनका लागि राखिएको चार्टको नक्कल कागजमा उतार्न भन्नुस् ।
- क्रियाकलापका क्रममा सिकेका कुराहरूबारे समूहका सदस्यहरूसँग छलफल गर्नुस् एवं क्रियाकलापका मन परेका एवं मन नपरेका कुरा सोध्नुस् र सुधारका बुँदाहरू टिपोट गर्नुस् ।
- समूहको एक सदस्यलाई क्रियाकलापको सारांश तयार गर्न लगाउनुस् र अर्को क्रियाकलाप सुरु हुनुअघि सबैलाई छोटो जानकारी दिन भन्नुस् ।
- यसपछिको क्रियाकलापमा समूहले पहिचान गरेका सम्भावित खतराहरूको

असर कम गर्ने उपायहरूलाई विचारपूर्वक विश्लेषण गर्दै आवास सुरक्षाका उपायहरू छनौटलाई पुन: विचार गरिनेछ भन्ने कुरा बताइदिनुस् ।

- सहभागीहरूलाई अर्को क्रियाकलाप सुरु हुनुअघिको केही समय लिएर आफ्ना घर तथा समग्र समुदायलाई नै हेर्न र थप सुरक्षित र असुरक्षित अवस्थाहरू पहिचान गर्न भन्दै क्रियाकलापको समापन गर्नुस् ।

**टिप्पणीहरू**

१. यो क्रियाकलापलाई थप चुनौतीपूर्ण पार्न एवं छलफललाई जिवन्त पार्नका लागि 'बीचका' चित्रहरू महत्वपूर्ण हुन्छन् । यस्ता चित्रहरूलाई मानिसहरूको ज्ञान वा आवाससम्बन्धी उनीहरूको छनौटलाई प्रश्न गर्न नभई आवास सुरक्षाका स्थानीय अवस्थाहरूबारेको छलफल सुरु गर्नमा प्रयोग गर्नुपर्छ ।

२. सहभागीहरू छलफल गर्न स्वतन्त्र छाडिदिनुस् र चित्रहरू पनि उनिहरूकै खुशीमा छान्न दिनुस् । कुनै पनि जानकारी नदिनुस् ।

३. समूहले अति महत्वपूर्ण सम्भावित खतराहरूबारेको विश्लेषण परिवर्तन गर्न खोजेको खण्डमा यसबारे छलफल गर्न केही समय लिनुस् र आवश्यक परेको खण्डमा प्राथमिक सम्भावित खतराहरूलाई नै परिवर्तन गर्नुस् । क्रियाकलापको नियन्त्रण समूहले नै गर्छ र पास्सा प्रक्रियाले विचारमा आउने परिवर्तनलाई प्रोत्साहन एवं स्वीकार गर्छ भन्ने कुरा महत्वपूर्ण छ ।

४. आगामी क्रियाकलाप (समाधानका विकल्पहरू) का लागि सबै चित्रहरू यस क्रियाकलापको अन्तमा भएजस्तै अवस्थामा उपलब्ध हुन्छन् भन्नेमा ढुक्क हुनुस् । यसका लागि चित्रहरूको धेरैवटा समूहहरू तयार गर्नुपर्छ ।





५. समूहले आफ्नो सोचलाई उपलब्ध गराइएका चित्रहरूमा मात्रै सीमित नगरुन् भन्ने कुरा अति महत्वपूर्ण हुन्छ । यसले आगामी क्रियाकलापमा विचार गरिने आवासलाई सुरक्षित पार्ने विभिन्नथरिका उपायहरूको धेरैलाई सानो पार्छ ।

६. सम्भव भएसम्म कलाकारलाई यस क्रियाकलापबाट प्राप्त हुने अति महत्वपूर्ण 'सुरक्षित' र 'असुरक्षित' सुझावहरूको पनि चित्र बनाउन भन्नुस् । यस्ता चित्रहरूलाई अन्य समुदायमा प्रयोग गर्नका लागि चित्र समूहमा राख्न सकिन्छ ।

# क्रियाकलाप ५ : समाधानका उपायहरू
# Activity 5: Options for solutions

### उद्देश्य

- आवासको सुरक्षा सुधारका लागि उपलब्ध विकल्पहरूलाई तिनीहरूको प्रभावकारिता, सम्भाव्यता अथवा कार्यान्वयनमा हुने सहजताको आधारमा विश्लेषण गर्ने;
- समुदाय वा यसको कुनै भागमा हालसम्म पनि सुरक्षाका प्रभावकारी उपायहरू अपनाउने कार्यको सुरुवात हुन नसक्नाका कारणहरू पहिचान गर्ने;
- परिवर्तनका लागि समुदायको सबलता एवं क्षमताहरू पहिचान गर्ने ।

### समय


२ देखि ३ घण्टा

### सामाग्रीहरू

- क्रियाकलाप ३ (खतराहरूको बारम्बारता एवं असर) मा छानिएका तीनवटा प्राथमिक खतरासँग सम्बन्धित क्रियाकलाप ४ (सुरक्षित र असुरक्षित आवास) मा तयार भएको 'सुरक्षित' चित्रहरूको चाङ
- सम्भावित खतराहरूको चित्रहरू (ड्रईङ समूह बी)
- टाँस्ने टेप, पिनहरू, थम्पिन
- कागज तथा कलमहरू








### के गर्ने

**क्रियाकलापको परिचय**

यस क्रियाकलापको सुरुमा अघिल्लो क्रियाकलापको विवरण राख्ने सदस्यलाई बोलाएर सो क्रियाकलापका बारेमा सङ्क्षिप्त विवरण दिन लगाउनुस् । त्यसपछि अघिल्लो क्रियाकलापमा सिकेका कुराहरूको बारेमा समूहगत छलफल गराउनुस् ।

अघिल्लो क्रियाकलापको समापनपछि पनि सुरक्षित तथा असुरक्षित आवासका बारेमा थप केही विचारहरू आएका छन् कि सोध्नुस् । आएका भए ती विचारहरूलाई यो क्रियाकलापमा प्रयोग गर्नका लागि कार्डमा लेखिराख्न वा चित्र तयार गर्न लगाउनुस् ।

समूहले यस क्रियाकलापका दौरान अघिल्लो क्रियाकलापमा पहिचान

गरिएका आवास सुरक्षाका समाधानमध्ये अघि बढाउन चाहेका समाधानबारे निर्णय गर्ने जानकारी गराउनुस् ।

१. सहभागीहरूलाई क्रियाकलाप ४ (सुरक्षित र असुरक्षित आवास) मा छलफल गरिएका प्रत्येक प्राथमिक खतराहरूका लागि एक-एक समूह हुने गरी उप-समूहहरू बनाउन भन्नुस् । हरेक उप-समूहलाई तिनीहरूसँग सम्बन्धित सम्भावित खतरालाई देखाउने कार्डको समूह दिनुस् (समूहमा सम्भावित खतराका चित्रहरू र सम्बन्धित सम्भावित खतरालाई देखाउने क्रियाकलाप ४ मा पहिचान भएका 'सुरक्षित' आवासका चित्रहरू पर्छन्) ।
२. उप-समूहहरूलाई 'सुरक्षित' कार्डहरूको चाङबाट कार्ड लिन र आवास सुरक्षा सुधारनका लागि सो विकल्प कति राम्रो (कति प्रभावकारी छ) एवं सहज छ भन्ने कुराको आधारमा चार्टमा तिनलाई कहाँ राख्नुपर्ने हो त्यहीं राख्न भन्नुस् । आवश्यक परेको खण्डमा चार्टमा एउटा कार्ड राखेर देखाइदिनुस् र निकाल्नुस् । उप-समहूहरूलाई १५ मिनेटमा यो काम सकाउन भन्नुस् । यस कार्यलाई व्याख्या गर्नेबारे थप जान्नका लागि टिप्पणी ४ हेर्नुस् ।
३. सबै उपसमूहरूले काम सकाएपछि आ-आफ्नो चार्ट प्रस्तुत गर्न लगाउनुस् ।

**छलफल**

सबै उपसमूहरूले आ-आफ्नो चार्ट प्रस्तुत गरिसकेपछि निम्न विषयमा छलफल गराउनुस्:

- हरेक उप-समूहले कार्डहरू कसरी राखे । यो चरणमा समूहले सो उप-समूहको चार्टमा केही परिवर्तनसमेत गर्न सक्छन्;
- समूहले व्यक्तिगत घरमालिकको रुपमा वा सामुदायिकस्तरमा आवास सुरक्षा सुधार गर्न कुन उपाय प्रयोग गर्न चाहान्छ;
- आवास सुरक्षा सुधार गर्नका लागि समुदायमा भएका क्षमताहरू;
- समूहले पहिचान गरेका आवास सुरक्षाका प्रभावकारी उपायहरूको समुदायमा अभाव हुनाका कारणहरू;
- सुधारहरूलाई कार्यान्वयन गर्दाका व्यावहारिकताहरू ।

समाधानका विभिन्न उपायहरूको कति प्रभावकारी एवं सम्भाव्य छन् भन्नेमा सबै सहभागीहरू स्पष्ट छन् भन्ने जाँच गर्नुस् ।

**क्रियाकलापको समापन**

- परियोजनाको अभिलेखसँगै राख्नका लागि क्रियाकलापको अन्तमा तयार भएको समाधानका विकल्पहरूको चार्टको चित्रसमेत देखिने गरी तस्विर लिनुस् ।
- समूहलाई अभिलेखका लागि सो प्रदर्शनको नक्कल कागजमा उतार्न भन्नुस् ।
- समूहको एक सदस्यलाई क्रियाकलापको सारांश तयार गर्न लगाउनुस् र अर्को क्रियाकलाप सुरु हुनुअघि सबैलाई छोटो जानकारी दिन भन्नुस् ।
- क्रियाकलापका क्रममा सिकेका कुराहरूबारे समूहका सदस्यहरूसँग छलफल गर्नुस् एवं क्रियाकलापका मन परेका एवं मन नपरेका कुरा सोध्नुस् र सुधारका बुँदाहरू टिपोट गर्नुस् ।
- यसपछिको क्रियाकलापमा समूहले आवास सुरक्षाको अवस्था सुधार्नका

लागि छनौट गरेका विकल्पहरूलाई कार्यान्वयन गर्ने योजना बनाउनेछ भन्ने जानकारी दिनुस् ।

**टिप्पणीहरू**

१. समूहले छनौट गरेको विकल्पहरू कति सहज वा कठिन छन् भन्ने कुरा बाह्य सहयोग चाहिने वा नचाहिनेजस्ता धेरै कुराहरूमा भर पर्छ । यदि उप-समहूका सदस्यहरू केही सुरक्षित विकल्पहरूका बारेमा अस्पष्ट छन् वा सहमत हुन सकिरहेका छैनन् भने सल्लाह नदिनुस् । बरु उनीहरूलाई निर्णय लिन सहयोग गर्नेखालको प्रश्न गर्नुस् ।

२. सहभागीहरूलाई चार्ट प्रयोग गर्न कठिन भएको खण्डमा निम्नलिखित उपायबाट व्याख्या गर्न सक्नुहुन्छ :

**उपाय १:** क्रियाकलापलाई दुई चरणमा बाँड्नुस् । पहिलो, सहभागीहरूलाई चित्रहरूको तीन चाङ बनाउन लगाउनुस्: क) आवास सुरक्षामा अति प्रभावकारी विकल्पहरू, ख) कम प्रभावकारी विकल्पहरू र ग) धेरै प्रभाव नहुने विकल्पहरू । यी चाङहरू सम्बन्धित शीर्षकसँग मिल्ने गरी चार्टको बायाँपट्टि राख्नुपर्छ । दोस्रो, सहभागीहरूलाई हरेक चित्रहरूलाई लागू गर्नमा हुने सहजताको आधारमा मिल्ने खण्डमा राख्न लगाउनुस् ।

**उपाय २:** चार्टका हरेक खण्डमा प्रभावकारिता र कठिनताको स्तर (तल देखाइएबमोजिम) राख्न लगाउनुस् र यसबारे समूहलाई व्याख्या गर्नुस् । यसका लागि समूहको एक इच्छुक सदस्यलाई पढ्न लगानुस् र सबैले यसको अर्थ बुझेका छन् भन्ने जाँच गर्नुस् ।





| | | |
|---|---|---|
| अति प्रभावी<br>अति कठिन | अति प्रभावी<br>मध्यम कठिन | अति प्रभावी<br>अति सहज |
| मध्यम प्रभावी<br>अति कठिन | मध्यम प्रभावी<br>मध्यम कठिन | मध्यम प्रभावी<br>अति सहज |
| निष्प्रभावी<br>अति कठिन | निष्प्रभावी<br>मध्यम कठिन | निष्प्रभाव<br>अति सहज |

३. विस्तारपूर्वक व्याख्या गर्दा पनि सहभागीहरूलाई चार्टमा काम गर्न कठिन भएको खण्डमा सम्भावित खतराहरूलाई प्राथमिकीकरण गर्न निम्न लिखित उपाय अपनाउन सकिन्छ :

हरेक उप-समूहलाई दुई फरक रंगका टोकन वा गेडाहरूका दिनुस् र ती दुई रंगमध्ये एकले आवास सुरक्षा समाधानका विभिन्न उपायहरूको प्रभावकारिताको स्तर र अर्कोले हरेक समाधान प्राप्त गर्नमा हुने कठिनाईको स्तर देखाउने बताउनुस् । सहभागीहरूलाई समाधानका विभिन्न उपायहरूको चित्र बनाउन भन्नुस् र ती चित्रहरूमा चाहिए जति टोकन वा गेडाहरू राख्न भन्नुस् । गेडा वा टोकन राख्दा समाधानको प्रभावकारिता वा कठिनाईको स्तर मिल्ने गरी राख्नुपर्छ । जसअनुसार निष्प्रभावी समाधानमा १, मध्यम प्रभावीमा २ र अति प्रभावितमा ३ वटा टोकन वा गेडा राख्नुपर्छ । यसैगरी, प्राप्त गर्न अति कठिन समाधानमा १, मध्यम कठिनमा २ र अति सहजमा ३ टोकन वा गेडा राख्नुपर्छ । त्यसपछि उप-समूहरूलाई प्रत्येक चित्रमा राखिएको गेडा वा टोकनको कुल सङ्ख्याअनुसार क्रम मिलाएर चित्रहरू राख्न भन्नुस् ।

४. आवश्यक परेको खण्डमा अघिल्लो क्रियाकलापपछि प्राप्त समाधानका विकल्पसम्बन्धी विचारहरूका लागि थप चित्रहरू तयार गर्नुपर्ने पनि हुनसक्छ ।

# क्रियाकलाप ६: परिवर्तको योजना
## Activity 6: Planning for change

### उद्देश्य

- आवास सुरक्षामा सुधारका उपायहरू कार्यान्वयन गर्न योजना तयार गर्न;
- योजना कार्यान्वनका लागि समुदायभित्र र वाहिरबाट आवश्यक पर्ने स्रोतहरू पहिचान गर्न;
- योजनाको प्रत्येक भागको नेतृत्व लिने विषयमा सहमति गर्न;


### समय
३ देखि ४ घण्टा

### सामाग्रीहरू

- प्लानिङ कार्डहरू (चित्र समूह सी)
- क्रियाकलाप ४ (सुरक्षित र असुरक्षित आवासहरू) बाट ल्याइने 'असुरक्षित' र 'सुरक्षित' चित्रहरू (चित्र समूह बीबाट)
- यो प्रक्रियासम्म आइपुग्दा तयार भएका आवास सुरक्षाका सान्दर्भिक विषयहरू देखाउने अतिरिक्त चित्रहरू
- कागजका टुक्राहरू अथवा कार्ड
- टाँस्ने टेप
- कागज र कलमहरू








### के गर्ने

**क्रियाकलापको परिचय**

यस क्रियाकलापको सुरुमा अघिल्लो क्रियाकलापको विवरण राख्ने सदस्यलाई बोलाएर सो क्रियाकलापका बारेमा सङ्क्षिप्त विवरण दिन लगाउनुस् । त्यसपछि आवास सुरक्षालाई सुधार्नका लागि छानिएका अति प्रभावकारी तथा सहज उपायहरूलाई पुनरावलोकन गर्नका लागि समूहगत छलफल गराउनुस् ।

समूहले यस क्रियाकलापमा समुदायलाई वर्तमान अवस्थावाट सुरक्षित आवास भएको अवस्थामा लैजानका लागि के गर्नुपर्छ भन्ने खाका तयार गर्ने जानकारी दिनुस् । यसका लागि समूले एउटा योजना तयार गर्नुपर्छ र योजनाका हरेक भागको जिम्मेवारी कसले लिने भन्ने निर्णय पनि गर्नुपर्छ ।

१. समूहका सदस्यहरूलाई आफूले प्राप्त गर्न चाहेको अवस्था देखाउनका लागि कस्ता 'सुरक्षित' चित्रहरू प्रयोग गर्ने हो पक्का गर्न भन्नुस् (समाधानका उपायहरू क्रियाकलापमा पहिचान भएका केही अति प्रभावि र सहज उपाय प्रतिनिधित्व गर्ने गरी)। 'सुरक्षित' चित्रहरूले समाधान गर्ने ठानिएका 'असुरक्षित' चित्रहरू पहिचान गर्न भन्नुस् (क्रियाकलाप ४ बाट)। सहभागीहरूलाई हरेक 'असुरक्षित' अवस्थाका एकभन्दा धेरै 'सुरक्षित' समाधान हुनसक्ने तथा धरै 'असुरक्षित' अवस्थाका लागि एकमात्र 'सुरक्षित' समाधान हुन सक्छन् भन्ने कुरा सम्झाइदिनुस्।

२. कार्यको व्याख्या विस्तारै गर्नुस्। 'असुरक्षित' र 'सुरक्षित' कार्डहरूको एक जोडीलाई भित्ता वा भूईंमा बीचमा धेरै ठाउँ रहने गरी राख्नुस्। प्लानिङ कार्डहरूबाट केही कार्ड लिनुस् र तिनीहरूलाई 'असुरक्षित' एवं 'सुरक्षित' चित्रहरूको बीचमा कसरी राख्न सकिन्छ भन्ने कुरा देखाइदिनुस्। यो कार्य योजनाका चरणहरू देखाउनका लागि गरिन्छ। सहभागीहरूलाई उल्लेखित कार्य आफूले प्रदर्शनका लागि मात्रै गरेको भन्दै कुन चरण कस्तो क्रममा चाहिने हो त्यो उनीहरूले नै तय गर्नुपर्ने बताइदिनुस्।

३. सहभागीहरूलाई 'असुरक्षित' र 'सुरक्षित' चित्रहरूको एक जोडीलाई एक उप-समूह हुने गरी समूह विभाजन गर्न भन्नुस्। हरेक उप-समूहलाई एक जोडी चित्र, प्लानिङ कार्डको एक समूह एवं कागजका टुक्राहरू र कलम दिनुस्। उनीहरूलाई प्लानिङ कार्डमा हेर्दै आवासहरूलाई 'असुरक्षित' बाट 'सुरक्षित' अवस्थामा परिवर्तन गर्ने क्रमअनुसार ती कार्डहरू मिलाउन भिन्नुस्। उनीहरूलाई कुनै अतिरिक्त चरण समावेश गर्ने इच्छा भए खाली कागजमा चित्र तयार गर्न वा लेख्न सक्छन् भन्ने जानकारी दिनुस्। केही चरणहरू अन्यजस्तै एकै समयमा सुरु हुन सक्नेछन् र केही भने एकपछि अर्को गर्दै हुनुपर्छ भन्ने कुरा विचार गर्नुस्।





४. हरेक उप-समूहलाई आफ्नो प्लानिङ कार्डहरू मिलाउनका लागि ३० देखि ४५ मिनेट समय दिनुस् र हरेक उप-समूहलाई आफ्नो योजनाको बारेमा अन्य सहभागीहरूलाई बताउन भन्नुस्। हरेक उप-समूह आफ्नो प्रस्तुतिबारे उठ्न सक्ने सम्भावित प्रश्नहरूको उत्तर दिन तयार हुनुपर्छ भने हरेक उप-समूहले आफ्नो प्रस्तुतिकरण नगरुञ्जेलसम्म साझा विषयमा छलफल हुन दिनुहुँदैन।

५. सबै उप-समूहलाई आफ्ना प्रस्तुतिकरणहरू एकमाथि अर्को हुने गरी तथा सबै प्रस्तुतिकरण देखिने गरी मिलाउन भन्नुस्। धेरै फाइदा पुऱ्याउने सम्भावना भएका र कार्यान्वयन गर्न सहज हुनेखालका योजनाहरूलाई प्राथमिकता दिँदै सबैभन्दा माथि राख्नुपर्छ।

**छलफल १**

प्रस्तुतिकरणपछि साझा योजना तयार गर्नका लागि सामूहिक छलफल गर्न उत्प्रेरित गर्नुस्। छलफलमा निम्न कुराहरू समावेश हुनुपर्छ :

- योजना गरिएका परिवर्तनको सङ्ख्या। उदाहरणका लागि, यदि एउटा 'सुरक्षित' अवस्थाले घरलाई सुरक्षित पार्ने एउटा विशेष सुधारलाई जनाउँछ भने यस्ता सुधारहरू कतिवटा गर्ने हो त्यसबारे समूहले निर्णय गर्नुपर्छ। सुधारका सङ्ख्या 'सुरक्षित' चित्रहरूमा नै लेख्नुपर्छ। समूहलाई यसरी उल्लेख गरिएको सङ्ख्या निकै कम वा धेरै लागेको खण्डमा पछि परिवर्तन गर्न सकिने जानकारी दिनुस्;
- विभिन्न कार्य सम्पन्न गर्नका साथै समग्र योजनाको पूर्ण कार्यान्वयनमा लाग्ने समय;
- योजनाका विभिन्न भागहरूबीच कुनै सम्बन्ध भए ती पनि। उदाहरणका

लागि: समग्र योजनाको एक वा बढी भागमा योगदान पुऱ्याउनेखालका सामुदायिक छलफलजस्ता कार्यहरू वा खास व्यक्तिहरूका लागि उपलब्ध समयजस्तै सीमित साधनका लागि प्रतिस्पर्धा गर्दै आपसमा विवादित हुने कार्यहरू;

- उल्लेखित तहहरू पार गर्दा आउन सक्ने कठिनाईहरू;
- उल्लेखित तहहरू पार गर्न लाग्ने संशाधनहरू तथा संशाधनहरू उपलब्ध हुनुपर्ने समय ।

६. अब समूहलाई योजनामा समावेश भएका प्रत्येक तहहरू कसले सम्पन्न गर्नुपर्ने हो तोक्न भन्नुस् । यसका लागि समूहले योजनाका हरेक तहहरू तथा ती तहहरू पार गर्नका लागि आवश्यक व्यक्तिगत गुण एवं विशेषताहरूबारे सामूहिक छलफल गर्दै जिम्मेबारी तोक्नुपर्छ । हरेक तहका लागि को जिम्मेबार हुने भन्ने तय भएपछि उनीहरूले तिनको नाम कागजमा लेखेर र सम्बन्धित तहको तल टाँस्नुपर्छ ।

७. कार्य विभाजन भइसकेपछि समूहलाई विभिन्न तहहरू पार गर्ने जिम्मेवारी लिएका व्यक्तिहरूलाई कसले संयोजन गर्ने हो त्यो निर्धारण गर्न भन्नुस् । योजनामा धेरैवटा 'सुरक्षित आवास' अवस्थाहरू छन् भने हरेकलाई एउटा छुट्टै संयोजक चाहिने हुनसक्छ । संयोजकको नाम प्लानिङ कार्डहरूको माथि लेख्नुहोस् । पास्सा समूहभित्र संयोजकहरू छनौट गर्ने कार्य एक महत्वपूर्ण कार्य हो र यसले योजनाको पूर्ण जिम्मेवारी समूहले लिएको देखाउँछ भन्ने कुरा बताउनुस् । यसैगरी, छानिएक संयोजनहरूले योजना बुझ्न सक्ने र प्रगति अनुगमन गर्न सक्षम हुनुपर्छ भन्ने कुरा पनि स्पष्ट पार्नुस् ।

८. मिटिङ्ग बाँकी भागको संयोजनका लागि छनोट गरिएका व्यक्तिहरूमध्येबाट





बोलाउनुस् । यसले योजनाको हरेक भाग सम्पन्न गर्न लाग्ने समयावधि विकास गर्न लाग्ने समयलाई बचाउँछ । संयोजकहरूलाई आवश्यकताअनुसारको सहायता प्रदान गर्नुस् र उनीहरू जिम्मामा आएका कार्य सम्पादन गर्न सक्षम भए नभएको विचार गर्नुस् ।

९. योजनाका हरेक तह पार गर्न लाग्ने समय पुनरावलोकन गर्न भन्नुस् र यसलाई एउटा कागजमा लेखिराख्नुस् वा लेखेर प्लानिङ कार्डहरूभन्दा माथि टाँसिदिनुस् । समूहले आफ्नो योजनामा पास्साका नियमित मिटिङहरूलाई समावेश गरेको छन् भन्ने सुनिश्चित गर्नुस् ।

**छलफल २**

निम्नलिखित विषयको छलफल गराउनुस् :

- योजनाका हरेक भागमा सम्भाव्यता । योजनाको कुनै पनि पक्ष प्राप्त गर्नका लागि वाह्य संशाधनहरू आवश्यक छन् कि सोध्नुस् । यसैगरी, योजनामा ती संशाधनहरू पहिचान तथा परिचालन गर्नका लागि खास कार्यहरू भए/नभएको सोध्नुस् ।
- योजनाका लागि जिम्मेबार मानिसहरूमा चाहिने अतिरिक्त सीपहरू (उदाहरणका लागि वित्तीय व्यवस्थापन) तथा आवश्यक पर्ने तालिमहरू । यस्ता कुराहरूलाई योजनामा समावेश गर्नुपर्छ ।
- समूहले जिम्मेवार मानिसहरूले जिम्मेवारी पूरा गरे/नगरेको जाँच कसरी गर्न सक्छ ।
- कार्यहरू सम्पादन नभएमा अथवा धेरै ढिला भएमा समूहले के गर्न सक्छ ?

**क्रियाकलापको समापन**

- समूहको एक सदस्यलाई योजनाको नक्कल कागजमा उतार्न भन्नुस् । यसलाई समुदायका अन्य सदस्यसँग बाँड्न र यसपछिका क्रियाकलापमा प्रयोग गर्न सकिन्छ ।
- परियोजनाको अभिलेखसँगै राख्नका लागि योजनाको तस्विर लिनुस् ।
- क्रियाकलापका क्रममा सिकेका कुराहरूबारे समूहका सदस्यहरूसँग छलफल गर्नुस् एवं क्रियाकलापका मन परेका एवं मन नपरेका कुरा सोध्नुस् र सुधारका बुँदाहरू टिपोट गर्नुस् ।
- समूहको एक सदस्यलाई क्रियाकलापको सारांश तयार गर्न लगाउनुस् र अर्को क्रियाकलाप सुरु हुनुअघि सबैलाई छोटो जानकारी दिन भन्नुस् ।
- यसपछिको क्रियाकलापमा समूहले आफूले तयार गरेको योजनामा कुनै त्रुटीहरू छन् कि भनेर हेर्ने र त्यसपछि योजनाका क्रियाकलापहरूको प्रगतिलाई पालन कसरी गर्ने भन्नेबारेमा निर्णय गर्नेछ भन्ने जानकारी दिनुस् ।

**टिप्पणीहरू**

१. सहभागीहरूलाई उपलब्ध संशाधनहरूबारेको जानकारी र समूहभित्र एवं समग्र समुदायबाट नै प्राप्त हुने योजनाप्रतिको संभावित प्रतिवद्धताबारे सकेसम्म वास्तविक हुन उत्प्रेरित गर्नुस् । यसैगरी, समूहलाई योजनाका बारेमा सल्लाह दिने वा योजनाको एक दिशावाट अर्को दिशामा निर्देशित गर्ने कार्य नगर्नुस् ।

२. योजनामा पास्सा समूह वा समूहसँग कार्य गर्न प्रतिवद्ध समुदायका अन्य





सदस्यहरू मात्रले पनि गर्न सक्ने कार्यहरू उल्लेख गरिनुपर्छ । समूहले योजनाका केही अंश पूरा गर्न बाह्य सहायता चाहिने भए त्यसको पहिचान गर्न पनि सक्छ । यस्तो भएमा समूहले बाह्य सहायता परिचालन गर्न र सो कार्यको जिम्मेवारी वहन गर्नका लागि छानिएको व्यक्तिबाटै कार्य सम्पादन गर्ने गरी योजनामा समावेश गर्न कस्ता खास कार्यहरू गर्नुपर्ने हो त्यसको पहिचान गर्नुपर्छ । रेडक्रस र रेड-क्रेसेन्ट सोसाईटी वा अन्य संगठनहरूले योजनाको त्यस्ता भाग पूरा गर्न सहयोग गर्ने इच्छा देखाएका भए समूहलाई त्यो जानकारी कुन चरणमा दिने हो तपाईंले पहिले नै थाहा पाउनुपर्छ ।

३. यदि समूह परिवर्तनमा जिम्मेवार हुन नखोजेको देखियो भने (अधिकांश कार्यहरू बाह्य पक्षलाई भाग लगाएबाट यो प्रस्ट हुन्छ) उनीहरू सो जिम्मेवारी वहन गर्नबाट किन पन्छिएको भन्नेबारे बुझ्न छलफल गर्नुस् । यसैगरी, उनीहरूले आवास सुरक्षालाई एक समस्याकै रुपमा लिएका छन् कि छैनन् ? छन् भने उनीहरूले तयार गरेको योजनाले समस्या समाधान गर्छ वा गर्दैन ? यसबारे उनीहरूको सोच के छ ? सबै कुरा बुझ्नुस् ।

४. योजनामा भएका जिम्मेबारिहरू लैङ्गिक रुपमा असमान भएका वा योजनाले समुदायका सामान्य लैङ्गिक सिद्धान्त समेत पालन नगरेको देखियो भने यस्तो कुरा उठाउनुस् । उनीहरूले यसलाई विचार गरे/नगरेको सोध्नुस् । यसले महिला वा पुरुषलाई अशक्तिकरण गर्ने समस्या ल्याउन सक्ने अथवा महिला वा पुरषमाथि अनुचित कार्यबोझ थोपर्ने गरी समस्या सिर्जना गर्न सक्छ कि सक्दैन ? सोध्नुस् । समस्या सिर्जना गर्ने भएमा समाधानका उपाय पत्ता लगाउन उत्प्रेरित गर्नुस् ।

५. समग्र कार्यलाई एकै सत्रमा समापन गर्न नसकिने भएमा छलफल १ अघि र पछि गरी दुई चरणमा बाँड्न सकिन्छ । यद्यपि, सम्भव भएसम्म सम्पूर्ण क्रियाकलाप एकै सत्रमा सकाउनु राम्रो हुन्छ ।

# क्रियाकलाप ७: समस्याको बाकस
# Activity 7: Problem box

### उद्देश्य

- आवास सुरक्षा सुधारका योजना कार्यान्वयनमा आईपर्ने सम्भावित समस्याहरू पहिचान गर्न र समाधानमा उपायहरू तय गर्न;
- यस्ता समस्याहरूको समाधानहरू खोज्न;
- योजनामा आवश्यक पर्ने संभावित परिवर्तनहरू पहिचान गर्न ।

### समय

१ देखि १.५ घण्टा

### सामाग्रीहरू

- कागज र कलमहरू;
- राख्ने भाँडो (टोपी, टोकरी, बाकस आदि);
- अघिल्लो क्रियाकलापमा तयार गरिएको सुरक्षित आवास कार्य योजना ।







### के गर्ने

**क्रियाकलापको परिचय**

यस क्रियाकलापको सुरुमा अघिल्लो क्रियाकलापको विवरण राख्ने सदस्यलाई बोलाएर सो क्रियाकलापका बारेमा सङ्क्षिप्त विवरण दिन लगाउनुस् । त्यसपछि कार्ययोजनाका मुख्य बुँदाहरूलाई समिक्षा गर्नका लागि समूहगत छलफल गराउनुस् ।

यस क्रियाकलापमा समूहले कार्ययोजनामा आई पर्न सक्ने हुने सम्भावित समस्याहरू पहिचान गर्ने र तिनलाई समाधान गर्ने उपायहरू पत्ता लगाउने जानकारी दिनुस् । यसैगरी, यो चरणमा जति धेरै समस्याहरू पहिचान गऱ्यो र समाधानसमेत गर्न सक्यो त्यति नै कार्ययोजना सफल हुने सम्भावना बढ्ने जानकारी पनि दिनुस् ।

कार्ययोजनालाई सहजै देखिने ठाउँमा राख्न लगाउनुस् । सहभागीहरूलाई एक-अर्कालाई देख्न र सुन्न सक्ने गरी गोलो घेरामा बस्न भन्नुस् ।

१. सबै सहभागीहरूलाई कार्ययोजनालाई विचार गर्दै यसमा सिर्जना हुने समस्याहरू कागजमा लेख्न भन्नुस् । उनीहरूलाई यस्ता समस्याहरूलाई प्रश्नका रुपमा लेख्न वा चित्र बनाएर देखाउन भन्नुस् । उदाहरणका लागि: सिकर्मीले समुदाय नै छोडेर गयो भने हामी के गर्ने होला ? कुनै सहभागीलाई लेख्न वा चित्र बनाउन कठिन भएमा नजिकैको सहकर्मीलाई लगाउन सक्छ ।

२. समूहको एक सदस्यलाई ती समस्याहरू कुनै भाँडोमा राख्न भन्नुस् । त्यही भाँडो नै समस्याको बाकस हो ।

३. सबै समस्याहरू सङ्कलन भइसकेपछि, समस्याको बाकस एक सहभागीलाई दिनुस् र त्यसबाट एउटा कागज निकाल्न अनि त्यसको जवाफ दिन भन्नुस् । सबै प्रश्नको जवाफ नआउञ्जेलसम्म यो क्रम जारी राख्नुस् । आफ्नै प्रश्न निकाल्ने सहभागीहरूलाई सो प्रश्नको साटो अर्को प्रश्न निकाल्न भन्नुपर्छ । यदि कुनै सदस्यले आफूले निकालेको प्रश्नको जवाफ दिन सक्दैन भने त्यसको जवाफ समूहकै अन्य कुनै सदस्यले दिन सक्छन् ।

४. यसपछि सहभागीहरूलाई ती समस्याहरूलाई चार वर्गमा विभाजन गर्न भन्नुस् ।





| | |
|---|---|
| **चाङ १ : समूहले योजनामा कुनै परिवर्तन नगरी आफैं समाधान गर्न सक्ने समस्याहरू** | **चाङ २ : समूहले आफै समाधान गर्न सक्ने तर योजनामा परिवर्तन गर्नुपर्ने समस्याहरू । समूहलाई आवश्यक पर्ने परिवर्तनहरू लेख्न भन्नुस् ता कि योजना परिमार्जन गर्न सकियोस् ।** |
| **चाङ ३: समूहले समाधान गर्न नसक्ने तर बाह्य सहयोगबाट समाधान हुने समस्याहरू । समूहलाई बाह्य सहयोगको स्रोत तथा त्यस्तो सहयोग प्राप्त कसरी गर्न सकिन्छ भन्नेबारे समस्याको छेउमा एक टुक्रा कागजमा लेख्न भन्ने** | **चाङ ४ : समूहले समाधान (बाह्य सहयोग लिनेसमेत) पत्ता लगाउन नसकेका समस्याहरू । समूहलाई यसबारेम छलफल गर्न र यस्ता समस्याहरू उल्लेख गर्नका लागि योजनामा आवश्यक पर्ने परिवर्तनहरूको अभिलेख राख्न भन्नुस् ।** |

५. योजनाको हरेक भागका लागि जिम्मेवार व्यक्तिहरुलाई यो क्रियाकलापबाट कुनै परिवर्तन आएको भए समावेश गर्न लगाउने । योजनामा भएका परिवर्तनहरुलाई सबैले देख्नसक्ने गरी चिन्ह लगाउनु पर्छ ।

**क्रियाकलापको समापन**

- कार्ययोजनामा परिमार्जन भएको भए एक सहभागीलाई परिमार्जित योजनाको नक्कल कागजमा उर्तान भन्नुस् ।
- परियोजनाको अभिलेखसँगै राख्नका लागि योजनाको तस्विर लिनुस् ।
- क्रियाकलापका क्रममा सिकेका कुराहरूबारे समूहका सदस्यहरूसँग

छलफल गर्नुस् एवं क्रियाकलापका मन परेका एवं मन नपरेका कुरा सोध्नुस् र सुधारका बुँदाहरू टिपोट गर्नुस् ।

- समूहको एक सदस्यलाई क्रियाकलापको सारांश तयार गर्न लगाउनुस् र अर्को क्रियाकलाप सुरु हुनुअघि सबैलाई छोटो जानकारी दिन भन्नुस् ।
- यसपछिको क्रियाकलापमा समूहले आफूले तयार गरेको योजनामा भएका कार्यहरूको प्रगतिलाई कसरी पालन गर्ने भन्नेबारेमा निर्णय गर्ने जानकारी दिनुस् ।

## टिप्पणीहरू

१. यस क्रियाकलापमा सोधिएका प्रश्नहरूले यहाँसम्म आइपुग्दा समूहमा रहेका डर तथा अपेक्षाहरूलाई देखाउँछन् । यसरी उठेका मुद्दाहरू समाधानका लागि चाहिए जति समय दिनुस् ।

२. पहिचान गरिएका समस्या समाधान गर्नका लागि कार्ययोजनामा आवश्यक पर्ने परिवर्तनहरूले यसलाई अझै वास्तविक बनाउन सक्छन् । यी अन्तर्गत योजनाको कार्य स्तर घटाउने (जस्तैः २०० को ठाउँमा १०० घरमात्रै सुधार्ने), व्यापकता घटाउने (जस्तैः एक वा धेरै कार्यहरू एकै पटक हटाउने), प्रविधिहरू परिवर्तन गर्ने (जस्तैः उत्पादितभन्दा स्थानीय सामाग्री प्रयोग गर्ने) र समयावधि बढाउने (जस्तैः ढल निकास प्रणालीलाई सफा गर्न एकको ठाउँमा तीन महिनाको समय दिने) ।





# क्रियाकलाप ८ः अनुगमन योजना
# Activity 8: Monitoring plan

## उद्देश्य


- प्रगति जाँच गर्ने प्रक्रिया स्थापित गर्न (आवास सुरक्षामा भएका सुधारहरू);
- प्रक्रियाको अनुगमन कति पटक र कसले गर्ने तय गर्न;
- मूल्याङ्कन कार्यको दिन तोक्न ।

## समय

२ देखि ३ घण्टा

## सामाग्रीहरू

- साधन : अनुगमन चार्ट (त्यस्तो योजना तपाईंले समुदायको भ्रमण गर्नुअघि तपाईंले दुईवटा फ्लीप चार्ट पेपरमा तल देखाइएअनुसार बनाउनुपर्छ);
- कागज र कलमहरू;
- परिवर्तनको योजना अभ्यास (क्रियाकलाप ६) बाट सुरक्षित आवास छनौटका चित्रहरू ।




**के गर्ने**

**क्रियाकलापको परिचय**

यस क्रियाकलापको सुरुमा अघिल्लो क्रियाकलापको विवरण राख्ने सदस्यलाई बोलाएर क्रियाकलाप ७ (समस्याको बाकस) को संक्षिप्त विवरण दिन लगाउनुस् । त्यसपछि योजनामा भएका परिवर्तनलाई समिक्षा गर्न र योजनाका विषयवस्तुलाई अन्तिम रुप दिनका लागि समूहगत छलफल गराउनुस् ।

समूहले क्रियाकलाप ६ (परिवर्तनको योजना) मा छनौट गरिएका लक्ष्यहरूमा





भएको प्रगतिलाई कसरी मापन गर्ने भन्ने विषयमा निर्णय गर्नेछन् भन्ने जानकारी दिँदै क्रियाकलापलाई परिचय गराउनुस् ।

१. अनुगमन चार्ट तयार गरिराख्नुस् (अघिल्लो पानामा भएको उदाहरण हेर्नुस्) । यो चाहीँ क्रियाकलाप ६ (परिवर्तनको योजना) मा समूहले तयार गरेको योजनाको विस्तृत रुपमात्रै हो जुन योजनाको 'सुरक्षित (भविष्य)' खण्डबाट सुरु हुन्छ । चार्टमा ६ वटा कोलम (खण्ड) हुनुपर्छ:
   - लक्ष्यहरू : परिवर्तनको योजना क्रियाकलापमा समूहले छानेका 'सुरक्षित (भविष्य)' चित्रहरू - जस्तै: सुरक्षित घरहरू;
   - कति वटा : उदाहरणका लागि : कति वटा घरहरू सुधार गरिँदैछन्;
   - सूचक: के मापन गर्ने - उदाहरणका लाीग सुधारिएका घरहरको सङ्ख्या । सूचकहरू मापन गर्न सहज र समूहलाई योजनाले राम्रो प्रगति गरे/नगरेको प्रत्यक्षरुपमा देखाउनेखालका सूचनाहरू दिनसक्ने हुनुपर्छ;
   - कसरी मापन गर्ने : प्रगतिलाई कसरी मापन गर्ने - उदाहरणका लागि सुधारिएका घरहरूको सङ्ख्या कसरी जाँच गर्ने (घरधनिहरूसँगको छलफल, घर भ्रमण आदि);
   - बारम्बारता: सूचकलाई कति समयान्तरमा मापन गर्ने (हरेक हप्ता, हरेक महिना आदि);
   - कसले मापन गर्ने: प्रगति मापन गर्ने जिम्मेवारी कसको हुने - जस्तै: कसले गएर सुधारिएका घरहरूको सङ्ख्या गन्ने र पास्सा समूहलाई जानकारी दिनका लागि अभिलेख राख्ने;

२. सहभागीहरू सबैलाई एकै समूहमा कार्य गर्न लगाउनुस् । क्रियाकलाप ६ (परिवर्तनको योजना) मा संयोजकका रुपमा छनौट भएका मानिसहरूलाई

यो क्रियाकलापमा सहजीकरण गर्न भन्नुस् । अघिल्लो मिटिङमा तयार भएको योजना कसरी अघि बढ्दैछ भन्ने कुरा जाँच्ने तरिकाबारे समूहमा सहमति कायम गर्नमा संयोजकहरूले सहयोग गर्नेछन् भन्ने जानकारी दिनुस् । उनीहरूको लक्ष्यको प्रतिनिधित्व गर्ने चित्रहरू ('सुरक्षित' चित्रहरू) चार्टको बायाँ भागमा टाँस्न भन्नुस् ।

३. संयोजकहरू कुन खण्डमा के राख्ने भन्नेमा स्पष्ट भएको यकिन गर्नुस् अनि चार्टका खण्डहरू भर्दै जान भन्नुस् (१ नम्बर बुँदा हेर्नुस्) । प्रक्रिया देखाउनका लागि तपाईंले एउटा उदाहरण दिनुपर्ने हुनसक्छ, तर उनीहरूको निर्णयमा प्रभाव पर्न नदिनुस् । आवश्यक परेको खण्डमा संयोजकहरूलाई केही समय लगाएर कामको बारेमा बुझाउनुस् र उनीहरूले पूर्णरुपमा बुझेका छन् भन्नेमा ढुक्क हुनुस् ।

**छलफल**

चार्ट पूर्णरुपमा भरिएपछि त्यसमा उल्लेखित व्यक्तिहरू आफूले पाएको जिम्मेवारी पूरा गर्न सक्नेमा ढुक्क छन् र यसका लागि के के गर्नुपर्छ भन्ने राम्ररी बुझेका छन् भन्ने जाँच गर्न एउटा छलफल गर्नुस् ।

समुदायका अन्य सदस्यहरूलाई पनि परियोजनाका लक्ष्यहरूमा भएको प्रगति तथा प्राप्तिको जाँच गर्नमा समावेश गर्ने उपायहरूबारे समूहलाई सोध्नुस् ।

समूहलाई अनुगमनबाट प्राप्त सूचनाहरू राखिने तथा बाँड्ने उपायबारे एवं परियोजना कार्ययोजनाअनुसार अघि नबढेमा के गर्ने भन्नेबारेमा समूहले कसरी निर्णय गर्नेछ भन्ने विषयमा पनि निर्णय गर्न उत्प्रेरित गर्नुस् ।

योजना कार्यान्वयन गर्नुअघि समूहलाई यो क्रियाकलाप अन्तिम हो भन्ने





सम्झाइदिनुस् । पास्सा समूहलाई निरन्तररुपमा सहायता दिने व्यवस्थाबारे छलफल गर्नुस् । यसका लागि प्रगति अनुगमन एवं मूल्याङ्कन गर्ने एक वा धेरै कार्यहरूलाई सहायतामा समावेश गर्न लगाउनुस् ।

**क्रियाकलापको समापन**

- समूहको एक इच्छुक सहभागीलाई अनुगमन योजनाको नक्कल कागजमा उतार्न भन्नुस् । परियोजनाको अभिलेखसँगै राख्नका लागि योजनाको तस्विर लिनुस् ।
- क्रियाकलापका क्रममा सिकेका कुराहरूबारे समूहका सदस्यहरूसँग छलफल गर्नुस् एवं क्रियाकलापका मन परेका एवं मन नपरेका कुरा सोध्नुस् र सुधारका बुँदाहरू टिपोट गर्नुस् ।
- समूहले हालसम्म प्राप्त गरेका उपलब्धीहरूको खुशी मनाउनका लागि कुनै प्रकारको कार्य गर्दै सत्रको समाप्ति गर्न सक्नुहुन्छ । आफूले कार्य गर्ने समुदायको परिस्थिति सुहाउनेखालको कार्य गरेर खुशियाली मनाउनुपर्ने हुनाले यस विषयमा आफ्नो सुपरिवेक्षकसँग सहमत हुनुस् ।

**टिप्पणीहरू**

१. अनुगमन गर्ने कार्यमा पास्सा समूहभित्रका महिला तथा पुरुष एवं विभिन्न समुदायका मानिसहरूलाई सहभागी गराउन समूहलाई उत्प्रेरित गर्नुस् ।

२. योजनाको विभिन्न भागका संयोजकहरूले नै अनुगमकको भूमिका निर्वाह गर्नु सुहाउँदो हुनसक्छ । यसले अनुगमन कार्यलाई सहज त बनाउँछ तर पैसा वा अन्य संशाधन प्रयोग हुने कार्यहरूमा भने पारदर्शिता गुम्ने र

निष्पक्षताको बारेमा सन्देह उत्पन्न हुने समस्या सिर्जना गर्न सक्छ। यस्तो अवस्था आएमा अनुगमन गर्ने कार्य संयोजक नभएका व्यक्तिलाई दिनुपर्ने हुन्छ।

३. यो क्रियाकलापमा लेखनकार्य प्रशस्त मात्रामा हुन्छ। सहभागीहरूलाई लेखन तथा पढ्नमा कठिनाई भए, क्रियाकलाप सम्पन्न गर्नका लागि अन्य वैकल्पिक उपाय अपनाउन सक्नुहुन्छ। उदाहरणका लागि :

- चार्टमा लक्ष्यहरू शब्दमा लेख्नुको साटो 'लक्ष्य' शीर्षकमा उनीहरूले प्राप्त गर्न चाहेको आवास सुरक्षाका विशेषताहरूको चित्रहरू पनि राख्न सक्छन्।
- विचारहरू तथा शब्दहरूलाई प्रतिनिधित्व गर्न एवं कार्य सम्पादन गर्ने तथा प्रगति अनुगमन गर्ने व्यक्तिहरू पहिचान गर्न चित्र राख्न सकिन्छ।








# विषयसूची

**भाग २/ व्यवस्थापकहरूका लागि निर्देशन**

**१. प्रवेश विन्दु** ९४
**२. मूल्याङ्कन** ९६
**३. समुदायको छनोट** ९८
**४. चित्र र टुलकीट निर्माण** १००
४.१ चित्रहरू किन महत्वपूर्ण छन् १००
४.२ टुलकीट बनाउने चरणहरू १०१
४.३ कलाकारको शुल्क र लागत १०१
४.४ कलाकारको छनोट १०२
४.५ कलाकारलाई कामका बारेमा बताउने १०३
४.६ समुदाय भ्रमण १०३
४.७ चित्रका अरू स्रोतहरू १०४
४.८ कलाकारको कामको सुपरीवेक्षण १०४
४.९ चित्रहरूको गुणस्तर १०५
४.१० चित्रहरूको पूर्व-परीक्षण १०५
४.११ कार्यान्वयनका क्रममा चित्रहरूको संशोधन १०६
४.१२ टुलकीटको प्रबन्ध र भण्डार १०६
**५. पास्साका निम्ति व्यवस्थापक र स्वयंसेवीको छनोट** १०८
५.१ व्यवस्थापक १०८
५.२ स्वयंसेवीहरू १०९
**६. स्वयंसेवी र व्यवस्थापकको तालिम** ११०
६.१ स्वयंसेवी ११०
६.२ व्यवस्थापकहरू १११
**७. कार्यान्वयन, सुपरीवेक्षण र अनुगमन** ११२
७.१ योजना निर्माण ११२
७.२ पास्सा स्वयंसेवीहरूको सुपरीवेक्षण ११३
७.३ अरू सरोकारवालाहरूसँग समन्वय ११६
७.४ आवास सुरक्षामा सुधार ल्याउने कानुनी र सामाजिक अबरोधको सामना११६
७.५ द्वन्द्व व्यवस्थापन ११७
७.६ अनुगमन र प्रतिवेदन ११७
७.७ पास्सा क्रियाकलापहरू र टुलकीटको संशोधन र सुधार ११८

यो खण्डले पास्सा प्रयोग गर्न चाहने राष्ट्रिय समाजहरू (नेसनल सोसाईटिज्) लाई मानव संशाधान तथा औजारहरू सुहाउँदो राष्ट्रिय क्षमता सिर्जना गर्ने कार्यमा सहयोग गर्ने हेतुले निर्देशन प्रदान गर्छ। यसको तयारीमा निम्न चरणहरू पर्छन्: मूल्याङ्कन (भीसीएसँगै वा नभइकन), मूल्याङ्कनबाट पहिचान भएका आवास सुरक्षाका विषयहरूको आधारमा आवश्यक पर्ने चित्रहरू तथा अन्य साधनहरूको टुलकिट (चित्र तथा अन्य साधनहरू भएको भाँडो) को विकास तथा उत्पादन, स्वयंसेवकहरूको छनौट, स्वयंसेवकहरूका लागि तालिमको विकास तथा प्रदान गर्ने (हार्डवेयर र सफ्टवेयर दुवै), समुदायहरूसँग प्रारम्भिक परीक्षण र टुलकिटहरूको अपडेट गर्ने तथा पास्साका क्रियाकलापहरूलाई संशोधन गर्ने। पास्साको कार्यान्वयनमा त्यसपछि स्वयंसेवकहरूको सुपरिवेक्षण गर्ने तथा परिणामहरूको अनुगमन गर्नेसहित व्यवस्थापन गर्ने कार्य पर्दछ। उल्लेखित चरणहरूलाई तलको फ्लोचार्टमा देखाइएको छ भने यसपछिका खण्डहरूमा विस्तृतरुपमा व्याख्या गरिएको छ।

एकदेखि सात चरणसम्मका कार्यलाई एकदेखि दुई महिनाको समय दिनुपर्छ। आठौं चरणमा रहेको कार्यान्वयन कार्यलाई पनि एक समुदायका लागि एकदेखि दुई महिनासम्म लाग्न सक्छ।





१. प्रवेश विन्दु

२. मूल्याङ्कन

३. समुदायको छनोट

४. चित्र र टुलकिट निर्माण

५. पास्साका निम्ति व्यवस्थापक र स्वयंसेवीको छनोट

६. स्वयंसेवी र व्यवस्थापककको तालिम

७. कार्यान्वयन, सुपरिवेक्षण र अनुगमन

# १. प्रवेश विन्दु


तल सूचीकृत गरिएबमोजिम पास्सा (PASSA) का सम्भाव्य प्रवेश विन्दुहरू धेरैवटा छन्। तिनीहरू एक-अर्कासँग बिल्कुलै अलग भने होइनन्।

- **भीसीए**: कुनै एक भीसीएबाट प्राथमिकताका रुपमा आवास सुरक्षाको पहिचान गरिनेछ। पास्साले भीसीएबाट ज्यादै तर्कसंगत किसिमबाट नेतृत्व प्रदान गर्दछ, र समस्या पहिचान तथा विश्लेषणका निम्ति कतिपय साधनहरू आदान-प्रदान गर्दछ।
- **पुनर्उत्थान कार्यक्रम**: पास्सालाई राहतका कार्यक्रम समाप्त भएपछि आवास पुनर्उत्थान कार्यक्रम निर्माणमा सहयोगका लागि प्रयोग गर्न सकिन्छ, र आवास सुरक्षालाई दिगो बनाउने गरी समुदायमा संयन्त्र स्थापनामा मद्दत पुऱ्याउन आवास कार्यक्रमको अन्त्यपछि पनि पास्सालाई प्रयोग गर्न सकिन्छ।
- **अन्य सहभागितामूलक वा सामुदायिक विधिहरू**: सहभागितामूलक स्वच्छता तथा सरसफाई रुपान्तरण (फास्ट) वा सामुदायिक स्वास्थ्य तथा प्राथमिक सहयोग (सीबीएचएफए) सँग स्वयंसेवीले कार्य गरेका बेला आवास सुरक्षा समुदायका निम्ति चासोको विषय हुनसक्छ।

प्रवेश विन्दु जेसुकै भए पनि पास्सालाई एक्ल्याएर प्रयोग गरिनु हुँदैन, बरु यसलाई रेडक्रस रेड-क्रिसेन्टका कार्यहरू र सामुदायिक अभियानहरूमा सहयोग पुऱ्याउने किसिमबाट प्रयोग गरिनु पर्दछ।







# २. मूल्याङ्कन

पास्साको कार्यान्वयन गर्नुअघि देहायबमोजिम विशिष्ट मूल्याङ्कन प्रक्रिया सञ्चालन गरिनु आवश्यक हुन्छ :

- महत्वपूर्ण खतराहरू, क्षमताहरू र नाजुकताहरूको नक्साङ्कन;
- आवासका किसिमहरू, निर्माण प्रक्रिया, आवासका विशेषताहरू र समुदायले सामना गरेका प्राविधिक चुनौतीहरूको नक्साङ्कन;
- पहलका निम्ति क्षेत्रहरूको छनोट, पहलका किसिमको परिभाषा र आवश्यक रहेका स्रोत-साधन;
- समुदायका सामाजिक, आर्थिक, सांस्कृतिक र संस्थागत विशेषताहरू तथा द्वन्द्व र लैंगिक भूमिका एवं सम्बन्धसमेतका क्षेत्रमा उनीहरूको पहिचान;
- स्वयंसेवीहरूका निम्ति उपयुक्त टुलकीट र तालिम सत्रहरूको निर्माण ।

यो मूल्याङ्कन सामान्यतया आवास कार्यक्रमको आधारका रुपमा सञ्चालन गरिनेछ, जसमा पास्सा एक अङ्गका रुपमा रहनेछ ।

भीसीए यसअघि नै सञ्चालन गरिसकेको भए आवाससँग सम्बन्धित केही जानकारी उपलब्ध भइसकेको हुनेछ । यदि त्यस्तो हो भने, यसलाई प्रारम्भिक विन्दुका रुपमा प्रयोग गर्न सकिन्छ । भीसीएबाट प्राप्त हुने अरू सान्दर्भिक जानकारीलाई सन्दर्भ बुझ्नका निम्ति पनि प्रयोग गर्न सकिन्छ ।

मूल्याङ्कनको कार्य गर्दा खासगरी तथ्याङ्क सङ्कलनमा दक्ष बहुविधागत टोलीमार्फत् स्वीकृत मापदण्डबमोजिमको विधिलाई प्रयोग गरिनु पर्दछ र यसक्रममा प्रतिवेदन तथा तथ्याङ्क प्रस्तुतीकरणका निम्ति स्वीकृत मापदण्डका ढाँचाहरूको प्रयोग गरिएको हुनु पर्दछ । यो खासगरी ठूलो र विविधतापूर्ण





तथ्याङ्क सङ्कलन र प्रस्तुतिका सन्दर्भमा बढी आवश्यक हुन्छ जहाँ निर्णय-निर्माणका निम्ति तुलनात्मक जानकारी रहनु जरुरी ठानिन्छ । मूल्याङ्कनको डिजाइन र व्यवस्थापन गर्न तथा प्राप्त नतिजाको व्याख्या गर्नका निम्ति आवास विशेषज्ञ र सामाजिक शास्त्र विशेषज्ञ अत्यावश्यक हुन्छन् ।

# ३. समुदायको छनोट

## ३.१ छनोटको मापदण्ड

पास्सामा आधारित आवास सुरक्षा अभियानका निम्ति क्षेत्र र समुदायको छनोट गर्दा निम्न सम्भाव्य मापदण्ड अपनाइनेछ:

- समुदायका निम्ति आवास सुरक्षा निकै चासो भएका क्षेत्र;
- आवास र बसोबासको स्वामित्वका बारेमा केही महत्व बुझेका विवेकशील स्थिर समुदायहरू;
- सामाजिक एकताको एउटा वर्ग जहाँ सानो सामुदायिक समूहले समग्र समुदायमा प्रभाव पारिरहेको हुन्छ;
- आफ्नो घर र वातावरणको निर्माण र मर्मतको परम्परा रहेका घरपरिवार बसोबास गर्ने समुदायहरू;
- राम्रो सुरक्षा अवस्था;
- सकारात्मक कानुनी व्यवस्था;
- सहयोगी स्थानीय निकायहरू ।

## ३.२ छनोट प्रक्रिया

पास्साका निम्ति समुदायको छनोट गर्दा देहायबमोजिमका चरणहरू आवश्यक हुन्छन् । यसलाई माथि खण्ड २ मा व्याख्या गरिएको मूल्याङ्कनपछि पूरा गरिनेछ ।

- जिल्लास्तरमा स्थानीय निकायहरू र सान्दर्भिक मन्त्रालयहरू (कृषि र वन, सार्वजनिक निर्माण, योजना, इत्यादि) लाई जानकारी गराउने र पास्साका निम्ति प्रयोग गर्ने गरी सम्भाव्य समुदायहरू पहिचान गर्ने;
- पास्साको प्रयोग गर्न सम्भाव्य समुदायसँग परामर्श गर्ने तथा छनोट मापदण्डमा सर्वाधिक मिल्नेहरू र उच्च अभिरुची भएकाहरू पहिचान गर्ने ।





समुदायहरू भीसीएमार्फत् पनि सोझै छनोट गर्न सकिन्छ । स्वयंसेवी र व्यवस्थापकहरूको छनोट र तालिमपछि अन्तिम टुङ्गो लगाउन तथा पास्सा टुलकीट निर्माण गर्न केही सन्दर्भमा यो उपयुक्त हुनसक्छ ।

# ४. चित्र र टुलकीट निर्माण

यो खण्डले आवश्यक साधनहरूको समूह तयार पार्न तथा आवश्यक हुने चित्रका किसिमको नमुना सूची बनाउन निर्देशन दिन्छ । यी सूचीहरू मार्गदर्शकका रुपमा मात्र रहेका छन्- टुलकीटहरू चित्रसहित तयार पारिनु पर्दछ जुन स्थानीय परम्परा, धर्म, वर्ग, पोशाक, अन्तरवैयक्तिक सम्बन्ध र जीवनशैलीसँग सुहाउने किसिमको हुनु पर्दछ । चित्रहरूमा पास्सा कार्यान्वयन भएका क्षेत्रका क्रियाकलापका किसिमहरू, भवनहरू, सुविधाहरू, खेतीपाती र पशुहरू त्यही क्षेत्रमा पाइने किसिमका हुनु पर्दछ ।

## ४.१ चित्रहरू किन महत्वपूर्ण छन्

यो निर्देशिकाका प्रत्येक क्रियाकलापका निम्ति सुझाइएका चित्रहरू पास्सा प्रक्रियाका अभिन्न अङ्गहरू हुन् । यसले छलफललाई जीवन्त तुल्याउँछ र समूहगत सत्रहरूमा साक्षर र निरक्षर दुवै किसिमका मानिसलाई बोल्नका निम्ति सशक्तीकृत गर्दछ । यही कारण, चित्रहरू बनाउँदा कलाकारले निकै होशियारीपूर्वक कार्य गर्नुपर्दछ ।

सबै चित्रहरूको सङ्कलन र त्यसलाई वर्गीकृत गरी क्रियाकलापअनुरुप छुट्याइएको छ भने त्यसलाई टुलकीट भनिन्छ । यहाँ चित्रहरूको कुरा गर्दा तस्विरहरू र नमुनाजस्ता दृश्यात्मक सहयोग पनि लिइनु पर्दछ ।

## ४.२ टुलकीट बनाउने चरणहरू

पास्सा टुलकीट बनाउँदा तल दिइएबमोजिमका चरणहरू अपनाउनु पर्दछः

- कलाकारको छनोट;





- पास्साका अन्तर्निहीत विधिहरूका बारेमा व्याख्या गर्ने ताकि चित्र बनाउनुको उद्देश्य स्पष्ट होस्;
- स्थानीय परिवेशसँग परिचित गराउन कलाकारलाई स्थानीय समुदायको भ्रमणमा लैजाने जसबाट चित्रहरू यथार्थपरक हुन सकून्;
- चित्रहरूको अभ्यास समूह उत्पादन;
- स्थानीय समुदायमा र पास्सा तालिमका अवधिमा चित्रहरूको पूर्व-परीक्षण;
- चित्रहरूको अन्तिम समूहको उत्पादन;
- समुदायमा प्रयोग गर्नका निम्ति ल्यामिनेट गरिएका चित्रका प्रतिहरूका समूहको उत्पादन ।

यो सम्पूर्ण प्रक्रियाका निम्ति एक महिनासम्म लाग्न सक्छ ।

## ४.३ कलाकारको शुल्क र लागत

टुलकीट बनाउनका निम्ति लागत अनुमान गर्दा तलका बुँदाहरूलाई ध्यान दिइनु पर्दछ ।

कलाकारको शुल्कबारेमा काम सुरु हुनुअघि नै सहमति जनाइनु पर्दछ । सर्वाधिक राम्रो पक्ष भनेकै लचकतापूर्ण व्यवस्थापन गर्नु हो- उदाहरणका लागि, चित्रहरूको समूह तयार पार्न लाग्ने समयको गणना गर्ने, समुदायको भ्रमण गर्न लाग्ने समयको गणना गर्ने तथा तालिम कार्यशालामा उपस्थिति । यो सबै दैनिक पारिश्रमिकका आधारमा हिसाब गरिनु पर्दछ । त्यसपछि कुनै चित्रहरूमा परिवर्तन गर्नुपरेमा, वा परम्परागत चित्रहरू आवश्यक भएमा, वा समुदायको अतिरिक्त भ्रमण गर्नु जरुरी भएमा कुन दरमा भुक्तानी गर्ने हो स्पष्ट गर्नु पर्दछ र यसले रकमसम्बन्धी तनावलाई हटाउँछ । आवश्यकताअनुरुपको चित्र उत्पादन गरिदिएको खण्डमा राम्रा कलाकारलाई केही अतिरिक्त लगानी

गर्नु पनि ठीकै हुन्छ । पास्सामा उनीहरूका कार्यहरू निकै महत्वपूर्ण पक्षहरू हुन् र तुलनात्मकरुपमा यो रकम कार्यान्वयनको कूल लागतको सानो अंशमात्र हो ।

समुदायको भ्रमण गर्दा र पास्सा तालिम कार्यशालाका निम्ति भ्रमण र निर्वाह खर्चहरूलाई समावेश गरिनु पर्दछ ।

कागज र रङ्ग, चित्रहरूको छायाँप्रति, तिनीहरूको ल्यामिनेसन र त्यसलाई व्यवस्थित किसिमबाट राख्नका निम्ति फोल्डरको आवश्यकतासमेतका सामग्रीको खर्चका बारेमा पनि ध्यान दिइनु पर्दछ ।

## ४.४ कलाकारको छनोट

टाढाका कलाकारलाई प्रयोग गर्नुको साटो पास्सा प्रयोग गरिएका क्षेत्रमा नै बसोबास गर्ने कलाकारलाई प्रयोग गरिनु राम्रो हो । उनीहरूले स्थानीय परिवेश राम्रोसँग बुझ्ने सम्भावना बढी हुन्छ र चित्र बनाउनका निम्ति उनीहरू बढी सहज किसिमबाट समुदायको भ्रमणमा पुग्न सक्छन् तथा केही पास्सा क्रियाकलापहरूमा आफैं उपस्थित हुन सक्छन् ।

धेरैजना कलाकारलाई आ-आफ्ना काम देखाउन आमन्त्रण गरिनु उपयोगी हुनसक्छ ताकि प्रारम्भिक चरणको छनोट कार्यमा विविधता ल्याउन सकिन्छ । छनोट जाँचका रुपमा उनीहरूलाई कुनै दृश्य, जीवन, मानिस र भवनसमेतका रेखाचित्रहरू तयार पार्न लगाउँदा सहयोग पुग्छ । यसले उनीहरू कति छिटो काम गर्न सक्छन् र उनीहरूले कति राम्रोसँग मानिस, भूदृश्य र भवनहरू मिहिन किसिमबाट बनाउन सक्छन् भन्ने हेर्न सकिन्छ । यी सबै कार्यहरू निकै महत्वपूर्ण छन् ।

सुरुवाती चित्रहरूको उत्पादनका निम्ति आवश्यक परेको समयमा कलाकार





उपलब्ध हुनुपर्दछ, तालिम कार्यशालामा सहभागी हुनुपर्दछ र कार्यान्वयन आरम्भ भइसकेपछि कुनै आवश्यक संशोधन गर्नु पर्दछ । उनीहरू लचक हुनुपर्दछ र आवश्यक परेको खण्डमा उनीहरू आफ्ना कार्यको पुन: चित्र बनाउन तयार हुनु पर्दछ ।

## ४.५ कलाकारलाई कामका बारेमा बताउने

कलाकारले पास्सा विधि र सहभागितामूलक पद्धतिका बारेमा राम्ररी बुझ्नुपर्दछ । यसबाट प्रवाह गर्न खोजिएका खास सन्देशका बारेमा उनीहरूले बुझ्न सक्नेछन् र जनताले सोच्न तथा विश्लेषण गर्न मद्दत गर्ने र नयाँ धारणाहरू प्रवाहित गर्न सघाउने किसिमका उदाहरणसहितका चित्रहरू तयार गरिनु पर्दछ । कलाकारले चित्रको शैलीलाई स्थानीय जनताले जतिसक्दो सरल, स्पष्ट र बुझ्ने किसिमले तयार गर्नुपर्ने कुरा सम्झनु पर्दछ । आवश्यक रहेका चित्रहरूका सम्बन्धमा प्रष्टरुपमा बुझ्नका निम्ति कलाकारलाई चित्रहरूका केही नमुनाहरू देखाउँदा उपयोगी हुनसक्छ । केही उदाहरणहरूका निम्ति खण्ड ४ (पास्सा कलाकारका लागि निर्देशिका) हेर्नुहोस् । यसले पास्सा क्रियाकलापहरू मार्फत् कुराकानी गर्न उनीहरूलाई मद्दत गर्नेछ, खासगरी चित्रहरूको प्रयोग गर्नेहरूका निम्ति ।

## ४.६ समुदाय भ्रमण

कलाकारले मानिसहरूले लगाउने पोशाक, बसाई, आवासको किसिम, उनीहरूसँग रहेका आवास र सुविधा, वातावरणीय अवस्था, सुरक्षित आवासका सन्दर्भमा खासगरी समुदायका कुनै समस्याग्रस्त क्षेत्रसँग राम्रोसँग परिचित हुनका लागि आवास विज्ञ र स्वयंसेवीसँगै समुदायको अवलोकन भ्रमण गर्नु पर्दछ । उनीहरूले खेस्रा नक्सा (स्केच) बनाउन सक्छन् र आफूले देखेका कुराहरूका बारेमा टिपोट लेख्न र फोटो खिच्न सक्छन् । यो कार्यबाट आवश्यक पर्न सक्ने

चित्रहरूका बारेमा छलफल गर्न सहज हुनेछ ।

भ्रमण सम्पन्न गरेलगत्तै आवश्यक परेका चित्रहरूको सूची तयार गर्नु पर्दछ ताकि कलाकारले चित्रहरू बनाउन आरम्भ गर्न सक्छन् ।

## ४.७ चित्रका अरू स्रोतहरू

कलाकारले आफ्ना काममा आवास सुरक्षाबारेमा सञ्चार गर्नका लागि विद्यमान सामग्रीहरू प्रयोग गर्न सक्छन् । यी सामग्रीहरूमा फोटो, पोस्टर र फ्लीपचार्ट वा निर्माण रेखाचित्रको विस्तृत विवरण समावेश गर्न सकिन्छ । यस किसिमबाट हाल प्रयोग गरिएका कुनै पनि सामग्रीलाई पुनः बनाउनु पर्दछ जसबाट शैलीमा एकरुपता आउनेछ र आवश्यक परेको खण्डमा त्यसको विषयवस्तुलाई परिवर्तन गर्न सकिन्छ ।

## ४.८ कलाकारको कामको सुपरीवेक्षण

कलाकारले काम गर्ने समयमा आवास विज्ञले त्यसलाई नजिकबाट सुपरीवेक्षण गर्नु पर्दछ । यो कार्यबाट चित्रहरूमा प्राविधिक विवरणहरू सही रहेको र मानिस तथा भूदृश्यसमेतका चित्रहरू स्पष्टरुपमा देखाइएको सुनिश्चित गर्न मद्दत पुग्नेछ ।

कलाकारहरूको पृष्ठभूमि प्राविधिक चित्र कोर्नेमा भन्दा पनि फाइन आर्टमा राम्रो दखखल हुनु जरुरी हुन्छ । चित्रहरूलाई सोझै अन्तिमस्वरुप प्रदान गर्नुअघि सर्वप्रथम खेस्रो (स्केच) तयार गर्नुपर्नेमा सहमति जनाउनु पर्नेछ ।





## ४.९ चित्रहरूको गुणस्तर

पास्सा क्रियाकलापहरूका निम्ति बनाइएका चित्रहरू सामान्यतया साधारण रेखात्मक हुने गर्दछन् । प्रारम्भमा कालो/सेतो रेखात्मक चित्रहरू तयार गर्नु नै सर्वोत्तम हुनेछ । यी चित्रहरूलाई स्थानीय क्षेत्रीय परिस्थितिलाई प्रतिबिम्बित गर्नेगरी अनुकूलन गर्न सकिन्छ र प्रयोगका निम्ति छायाँप्रति बनाउनुअघि यी चित्रमा रङ्ग भर्न सकिन्छ जसबाट मानिसले यसलाई सहज किसिमले बुझ्न सक्छन् । विस्तृत विवरणका निम्ति खण्ड ४ (पास्सा कलाकारका निम्ति निर्देशिका) हेर्नुहोस् ।

## ४.१० चित्रहरूको पूर्व-परीक्षण

टुलकीटमा समावेश गर्ने लक्ष्य राखिएका चित्रहरूलाई एक वा दुईवटा समुदायमा पूर्व-परीक्षण गर्नु आवश्यक हुन्छ । तल दिइएका समेत स्पष्ट मूल्याङ्कन मापदण्ड अवलम्बन गर्नु पर्दछ:

- के समुदायका सदस्यहरूले आफ्नो संस्कृति र बानी व्यवहार तथा बसाइको अवस्थाका बारेमा चित्रहरूले प्रतिबिम्बित गरेको अनुभूति गरेका छन् ?
- के चित्रहरूका समूहमा सही किसिमले निर्माणका किसिम, निर्माणको विवरण र बसोबासका विवरणहरू स्पष्टरुपमा समेटिएका छन् ?
- के चित्रको शैली पर्याप्त छ- के समुदायका सदस्यहरूले सोचेबमोजिम नै चित्रहरूले व्याख्या गरेका छन् ?

टुलकीटलाई पास्सा तालिम कार्यशालाका अवधिमा पनि पूर्व-परीक्षण गर्न सकिन्छ किनभने पास्सा क्रियाकलापको सहजीकरण गरेका बेला स्वयंसेवीहरूले यसलाई प्रयोग गर्न पाउँछन् । राम्रोसँग तयार नगरिएका चित्रहरू र कुनै थप चित्र चाहिएको सम्बन्धमा स्वयंसेवी र प्रशिक्षकहरूले सुझाव दिन सक्छन् ।

## ४.११ कार्यान्वयनका क्रममा चित्रहरूको संशोधन

कार्यान्वयनको प्रारम्भिक चरणका अवधिमा खासगरी खण्ड ४.१० मा सूचीबद्ध गरिएका मापदण्डको प्रयोग गरी टुलकीटको मूल्याङ्कन गर्नु आवश्यक हुन्छ, ताकि कलाकारले चित्रमा आवश्यकता भएबमोजिम कुनै संशोधन र थपघट गर्न सक्छन् । त्यसपछि, पास्सा समूह वा स्वयंसेवीबाट टुलकीटका सम्बन्धमा कुनै महत्वपूर्ण पृष्ठपोषण प्राप्त भएको खण्डमा त्यसलाई ध्यान दिइनु पर्दछ । त्यसकारण कलाकारलाई संलग्न गराइने व्यवस्था मिलाउनु आवश्यक हुन्छ ।

## ४.१२ टुलकीटको प्रबन्ध र भण्डार

सबै चित्रहरूको मुख्यप्रति (Master Copy) कालो र सेतो रेखात्मकस्वरुपमा तयार गरिनु पर्दछ र सुरक्षित स्थानमा भण्डार गरिनु पर्दछ । यी चित्रहरूलाई स्क्यान गरी विद्युतीय साधनबाट पनि भण्डार गरिनु उपयुक्त हुन्छ । हार्डकपी र विद्युतीय प्रतिलाई प्रत्येक क्रियाकलापअनुरुप फोल्डरमा मिलाएर राख्नु पर्दछ ताकि तिनीहरूलाई चाहिएका बखत सहजै भेट्न र फोटोकपी गर्न वा आवश्यकताअनुसार प्रिन्ट गर्न सकिन्छ । त्यसपछि यो टुलकीटलाई स्वयंसेवीले प्रयोग गर्न सहज हुनेगरी ल्यामिनेसन गर्नु पर्दछ ।

प्रत्येक स्वयंसेवीसँग आफूले काम गर्ने समुदायका लागि एक-एक थान टुलकीट हुनुपर्दछ । प्रत्येक टुलकीटमा उपसमूहमा प्रयोग गर्न मिल्नेगरी तीनप्रति चित्रहरू हुनुपर्दछ । चित्रहरूलाई मिलाएर राख्न र भण्डार गर्न तीनवटा खण्ड भएको फोल्डर फाइल हुनु सबैभन्दा राम्रो हुन्छ । चित्रहरूलाई क्रियाकलापका आधारमा विभाजन गरी मिलाएर राख्नु पर्दछ । पास्सा क्रियाकलापहरूको अन्त्यमा पास्सा समूहमा आबद्ध समुदायले आफ्ना टुलकीट आफैँसँग राख्न चाहेको खण्डमा पास्सा कार्यान्वयन गरिने प्रत्येक नयाँ समुदायलाई नयाँ टुलकीटको आवश्यकता पर्नेछ ।





पास्साको प्रयोगका समयावधिमा नयाँ चित्रहरू बनाउने सम्भावना पनि हुन्छ, खासगरी पहिलो चरणमा केही समुदायमा सहयोग गरिएपछि । यदि सम्भव भए, एकै कलाकारलाई यी थप चित्रहरू बनाउन लगाउनु पर्दछ र त्यसपछि यी चित्रहरूका थप प्रति बनाइ ल्यामिनेसन गरी क्रमसंख्या दिनुपर्दछ । यी चित्रलाई अन्त्यमा टुलकीटमा राख्नु पर्दछ ।

# ५. पास्साका निम्ति व्यवस्थापक र स्वयंसेवीको छनोट

## ५.१ व्यवस्थापक

पास्सा प्रक्रियाका व्यवस्थापकहरूको मुख्य कार्य नै सहभागितामूलक पद्धति कार्यान्वयन गराउने स्वयंसेवीहरूको छनोट गर्ने, तालिम सञ्चालन गर्ने र सुपरीवेक्षण गर्ने हो । व्यवस्थापकहरूमा यो क्षेत्रमा राम्रो अनुभव हुनु पर्दछ र पास्सा पद्धतिप्रति प्रतिबद्ध हुनु पर्दछ । कार्यक्रम निर्माणका महत्वपूर्ण सबै पक्षहरू (प्रस्ताव लेखन, प्रतिवेदन, सम्झौता, इत्यादि) को व्यवस्थापन गर्न सक्षम हुनु पर्दछ र स्थानीय सरकारी निकायहरू (Authorities) सँग समन्वय गर्ने प्रमुख भूमिका पनि रहन्छ ।

यसबाहेक, पास्सा व्यवस्थापकमा स्वयंसेवीलाई प्रशिक्षण र सहयोग गर्ने क्षमताका निम्ति पर्याप्त प्राविधिक पृष्ठभूमि आवश्यक पर्नेछ। केही अवस्थामा, उनीहरूले प्राविधिक सल्लाह पनि दिन सक्नु पर्दछ । पास्सा कार्यान्वयन गरिने क्षेत्रमा प्राविधिक विषयहरूको व्यवस्थापनमा त्यति कठिनाइ नरहे पनि कतिपय अवस्थामा बढी जटिल संरचना वा बसोबासका विषयहरूमा बसोबास तथा निर्माणसम्बन्धी विशेषज्ञको सेवा आवश्यक हुन सक्छ ।

साना परियोजनाहरूमा पास्सा व्यवस्थापकहरू नै सम्पूर्ण आवास सुरक्षा परियोजनाका व्यवस्थापक हुन सक्छन्। ठूला परियोजनामा पास्सा व्यवस्थापनका निम्ति सामाजिक शास्त्र पृष्ठभूमिका एक व्यक्ति र प्राविधिक पक्षहरूको व्यवस्थापन गर्न आवास पृष्ठभूमिको अर्को व्यक्ति आवश्यक हुन्छ । यी दुवै व्यवस्थापकले एकअर्कासँग अत्यन्त निकट रहेर कार्य गर्नु पर्दछ ।





## ५.२ स्वयंसेवीहरू

पास्सा सहजकर्ता हुनका निम्ति सही स्वयंसेवी छनोट ज्यादै आवश्यक हुन्छ । पास्सा स्वयंसेवीहरूको छनोट मापदण्ड तल सिफारिस गरेबमोजिम हुनेछ ।

### पास्सा स्वयंसेवीको छनोटका आधारहरू:

- विद्यालय शिक्षा वा सोभन्दा माथिको शिक्षा हासिल गरेको
- राम्रोसँग सञ्चार गर्न सक्ने
- समूह कार्यमा विश्वास भएको
- अरूलाई आफ्ना भनाइ अभिव्यक्त गराउन मद्दत गर्न सक्षम
- समुदाय र राष्ट्रिय समाज बीच बलियो सम्पर्क स्थापित गर्न सक्षम
- आवास समस्याको सिर्जनात्मक र उपयुक्त समाधान पत्ता लगाउन मानिसको क्षमतामा विश्वास रहेको ।

स्वयंसेवीहरू होशियारीपूर्वक छनोट गरिनु पर्दछ र त्यसपछि पास्सा सहजकर्ता हुन आवश्यक सीप र भावना रहेको सुनिश्चित गर्न पास्सा तालिमका समयावधिमा नजिकबाट अवलोकन गरिनु पर्दछ ।

# ६. स्वयंसेवी र व्यवस्थापकको तालिम

## ६.१ स्वयंसेवी

स्वयंसेवीहरूका निम्ति पास्सा तालिम पाँच दिनको हुनेछ र यसमा सहभागी सबैले सहजीकरण सीप सिक्ने अवसर प्राप्त गर्नेछन्। साथै, उनीहरूले पास्सा समूह सदस्यको दृष्टिबाट क्रियाकलापहरूको अनुभव हासिल गर्न सक्नेछन्। विस्तृत पास्सा तालिम प्याकेजलाई अलग खण्डमा प्रस्तुत गरिएको छ।

तालिम कार्यक्रम पास्सा निर्देशिकामा आधारित छ र कार्यक्रमका निम्ति प्रारम्भिक रुपमा तयार पारिएको टुलकीट (माथि खण्ड ४ हेर्नुहोस्) लाई स्थानीयरुपमा अनुकूलन गरिनु पर्दछ । पास्सा प्रशिक्षक र स्वयंसेवीको व्यवस्थापन गर्ने कम्तीमा अर्को एक व्यक्ति रहेको तालिम सञ्चालन टोलीबाट कोर्सलाई सहजीकरण गर्न सल्लाह दिइन्छ। तालिम कार्यक्रमको एक भागका रुपमा आवास विशेषज्ञ रहनु आवश्यक हुन्छ।

स्वयंसेवीलाई तालिम र पछिका अरू प्रयोगका निम्ति राष्ट्रिय भाषामा निम्न खण्डहरू सहितको पास्सा निर्देशिका उपलब्ध गराउनु पर्दछ:

- परिचय
- खण्ड १ - पास्सा क्रियाकलापहरू
- खण्ड २ - स्वयंसेवीहरूका निम्ति मार्गनिर्देश
- खण्ड ३ - पास्सा कलाकारका निम्ति मार्गनिर्देश
- खण्ड ४ - स्फूर्तिकरण (Energizers)





## ६.२ व्यवस्थापकहरू

व्यवस्थाहरूको भर्नाको कार्य सम्पन्न भएलगत्तै उनीहरूलाई सर्वप्रथम तालिम दिइनेछ। प्रशिक्षित व्यवस्थापकहरूले स्वयंसेवीको व्यवस्थापन र तालिम दिन मद्दत पुऱ्याउनेछन्। व्यवस्थापकहरूको तालिमको समयावधि र पाठ्यसामग्री उनीहरूको तह र अनुभवका आधारमा फरक हुनेछ। उनीहरूको तालिममा खण्ड ५.१ मा दिइएबमोजिमका सीपहरू रहनेछन्।

# ७. कार्यान्वयन, सुपरीवेक्षण र अनुगमन

## ७.१ योजना निर्माण

कार्यान्वयनका निम्ति पूरै टुलकीटको उत्पादन (माथि खण्ड ४ हेर्नुहोस्), मसलन्द तथा स्वयंसेवी, व्यवस्थापक र तालिममा सहभागी स्थानीय शाखाका कर्मचारीका निम्ति यातायात र दैनिक भत्ता आवश्यक पर्नेछ। स्वयेंवीहरूलाई डिजिटल क्यामरा वा क्यामरा सहितको मोबाइल फोन उपलब्ध गराउनु पर्दछ जसबाट उनीहरूले पास्सा समूहका चार्टहरू, नक्साहरू र अरू सामग्रीहरूको तस्बिर खिच्न सक्छन्।

स्वयंसेवीले दुई जनाको समूह बनाइ कार्य गर्नु पर्दछ जसमा सम्भव भएसम्म एक जना पुरुष र एक जना महिला हुनु पर्दछ। सम्पूर्ण क्रियाकलापमा तिनै स्वयंसेवी प्रत्येक पास्सा समूहमा रहन सक्छन्। यो कार्यबाट उनीहरूबीच विश्वास र समझदारीको निर्माणमा योगदान पुग्न सक्नेछ। प्रत्येक स्वयंसेवी जोडीले हरेक दिन एउटा पास्सा बैठक सञ्चालन गर्न सक्षम हुनेछन्। हरेक समुदायमा बढीमा दुईवटा बैठक गर्न सल्लाह दिइन्छ। एक पटकमा प्रत्येक जोडी स्वयंसेवीले सहयोग पुऱ्याउने समुदायको संख्या स्वयंसेवीको उपलब्धता र स्वयंसेवा प्रदान गरिएका कार्यको प्रति हप्ताको कार्यको स्वीकार्य संख्याका आधारमा सीमित हुन सक्नेछ।

पास्सा कार्यान्वयनको तीव्रता र भार, आवास कार्यक्रमको भार, यसको समयतालिका र कार्यान्वयनको सन्दर्भ अनुसार ज्यादै भिन्न हुनेछ। कतिपय अवस्थामा, पास्सालाई आवास कार्यक्रमको सहयोगमा एकै देशका विभिन्न भागमा धेरै वर्षसम्म कार्यान्वयन गर्न सकिनेछ। अन्य कतिपय परिस्थितिमा,





आवासका बारेमा यो एकपटक मात्र सञ्चालन गर्न सकिन्छ र यो एकदेखि दुई महिनासम्म चल्न सक्छ।

## ७.२ पास्सा स्वयंसेवीहरूको सुपरीवेक्षण

राम्रो सुपरीवेक्षण सफलताको सूत्र हो, खासगरी पहिलो पटक समुदाय स्तरमा पास्सा सहजीकरण सीपको अभ्यास गरिरहेका स्वयंसेवीलाई तालिमपछिको अवधिमा सुपरीवेक्षण गरिए सफलता मिल्छ।

पास्सा व्यवस्थापकहरूले नयाँ तालिमप्राप्त स्वयंसेवीहरूका निम्ति अनुभवी सल्लाहकारको रुपमा कार्य गर्नु पर्दछ। उनीहरूले सहजीकरणका क्रममा गर्न सक्ने कुनै किसिमका गल्ती कमजोरीलाई सच्याउन र आत्मविश्वास जागृत गराउन पनि सहयोग गर्नु पर्दछ।

पास्सा व्यवस्थापकले पास्सा तालिम र सम्भव भए ‘प्रशिक्षक प्रशिक्षण’ कोर्स लिएको हुनु पर्दछ। उनीहरूले स्वयंसेवीले आफ्ना क्रियाकलापको रिपोर्ट गर्ने क्रममा उठाउन सक्ने विषयहरूलाई थाहा पाउने साधन र सहजीकरण गर्ने सीप बुझ्न सक्नु पर्दछ। स्वयंसेवीका रिपोर्टका आधारमा समस्या पहिचान गर्न र समाधान पत्ता लगाउन उनीहरूले मद्दत पुऱ्याउन सक्छन्। कुनै क्रियाकलाप सहजीकरण गर्दा स्वयंसेवीले गल्ती गरे क्रियाकलापलाई पुनः बताउनुभन्दा सँगै बसेर समस्या बुझ्ने र समाधान पत्ता लगाउन चरणबद्धरुपमा अघि बढ्नु पर्दछ।

पास्सा व्यवस्थापकहरूले पास्सा समूहहरूबाट गरिएका निर्णयहरू र योजनाहरूका सम्बन्धमा स्वयंसेवीहरूलाई मद्दत गर्नु पनि आवश्यक छ। स्वयंसेवीहरूले नियमित किसिमबाट जानकारी दिनु पर्दछ ताकि व्यवस्थापकहरूले प्रत्येक समुदायमा प्रगतिको मूल्याङ्कन गर्न र समूहले निर्माण गर्ने कुनै अभियानलाई कसरी आवास कार्यक्रमले सहयोग पुऱ्याउन सक्छ भनी योजना बनाउन सकून्।

स्वयंसेवीहरूलाई पास्सा कार्यान्वयनमा संलग्न सबै समूहलाई राखेर गरिने नियमित बैठकमार्फत् पनि सुपरीवेक्षण गर्न सकिन्छ । यो कार्य साप्ताहिक वा प्रत्येक पास्सा क्रियाकलाप पछि गर्न सकिन्छ । साथै, स्वयंसेवीले पास्सा क्रियाकलापलाई कसरी सहजीकरण गरिरहेका छन् भनी नियमित किसिमबाट गरिने अवलोकन भ्रमणले पनि सुपरीवेक्षणमा मद्दत गर्दछ ।

**स्वयंसेवीको भूमिका सम्बन्धमा थप सहयोग आवश्यक रहेको खण्डमा खण्ड ३ – पास्साको प्रयोगमा स्वयंसेवीहरूका निम्ति मार्गनिर्देश हेर्नुहोस् ।**

### *नियमित सुपरीवेक्षण बैठकहरू*

नियमित बैठकहरू अनुभव आदानप्रदानका निम्ति स्वयंसेवीहरूलाई राम्रो अवसर हो र यसले पास्सा क्रियाकलापहरू र पास्सा समूह तथा समग्रमा समुदायभित्रै भइराखेका विकासका बारेमा पृष्ठपोषण प्रदान गर्दछ। यी बैठकहरूलाई अनुभव आदानप्रदानलाई प्रोत्साहित गर्ने किसिमबाट व्यवस्थापन गरिनु पर्दछ र यसले अभ्यासमा सुधार ल्याउन स्वयंसेवीहरूका योगदानलाई प्रोत्साहित गर्दछ । यी बैठकहरूलाई व्यवस्थित तुल्याउन छोटो अनुगमन फारम वा जाँचसूची (चेकलिस्ट) उपयोगी हुन सक्छ ।

### *सुपरीवेक्षण भ्रमण*

कार्यक्षेत्रमा खटिएका स्वयंसेवीहरूको अध्ययन गर्नेगरी हुने भ्रमणलाई होसियारीपूर्वक व्यवस्थापन गरिनु आवश्यक हुन्छ । यो कार्यबाट स्वयंसेवीको आत्मविश्वासमा कमी आउनु हुँदैन । साथै, बैठकको सहजीकरणका निम्ति स्वयंसेवीहरू जिम्मेवार रहेको पास्सा समूहहरूलाई स्पष्ट गर्नु पर्दछ । पास्सा क्रियाकलापहरू सहजीकरण गर्ने स्वयंसेवीहरूको अवलोकन गर्नेक्रममा निम्न जाँचसूची प्रयोग गर्न सकिन्छ:





- के स्वयंसेवीहरूले क्रियाकलापलाई सही किसिमबाट अघि बढेका छन् ?
- के स्वयंसेवीहरूले छलफलमा सहजता ल्याउन सहभागीहरूको बस्ने ठाउँलाई राम्रोसँग मिलाएका छन् ?
- के स्वयंसेवीहरूले क्रियाकलापका बारेमा स्पष्ट निर्देशन दिएका छन् ?
- के समूहका सबै सदस्यहरू क्रियाकलापका बारेमा बोल्ने र सहभागी हुने गरेका छन् ?
- के दिइएको कार्यलाई समूहले सोचेबमोजिम नै सम्पन्न गरेको छ ?
- के स्वयंसेवीहरूले जीवन्त एवं विषयकेन्द्रित छलफल गराउन सहजीकरण गरेका छन् ?
- के स्वयंसेवीहरूले सामग्रीहरूलाई सही किसिमबाट प्रयोग गरेका छन् ?
- के स्वयंसेवीहरूले समूहलाई आफैं निचोडमा पुग्न प्रोत्साहित गरेका छन् ?
- के स्वयंसेवीहरूले सत्रलाई सही किसिमबाट अन्त्य गरेका छन् ?
- के स्वयंसेवीहरूले समय र ऊर्जालाई प्रभावकारी रुपमा व्यवस्थापन गरेका छन् ?
- के स्वयंसेवीहरूले समूहको रुपमा राम्रोसँग कार्य गरेका छन् ?

कुनै क्रियाकलापको अवलोकन पश्चात स्वयंसेवीहरूलाई तत्कालै पृष्ठपोषण दिनु पर्दछ। यसक्रममा के राम्रो भयो, र के राम्रोसँग सम्पन्न भएन भनी बताइदिनु पर्दछ । पृष्ठपोषण बैठकलाई सुधार गर्नुपर्ने विषयका बारेमा व्यवस्थापक र स्वयंसेवीबीच सहमति गरी अन्त्य गरिनु पर्दछ । साथै, कुनै पनि सकारात्मक सिकाईलाई अरू स्वयंसेवीसँग आदानप्रदान गरिनु पर्दछ ।

## ७.३ अरू सरोकारवालाहरूसँग समन्वय

स्थानीय सरकारी निकायहरूसँग यो क्रियाकलापको कार्यान्वयनको अवधिभर समन्वय स्थापना गर्नु आवश्यक छ। यसमा पास्सा समूहको प्रगति र अभियान सम्बन्धी अद्यावधिक जानकारी प्रदान गर्ने तथा आवास सुरक्षामा मद्दत गर्न नेसनल सोसाइटीले प्रदान गर्ने कुनै सहायताको समन्वय गर्ने कुरा समावेश छन् । यदि पास्सा क्रियाकलापहरूका निम्ति स्थानीय सरकारी निकायहरू र अरू विकासका पक्षहरूबाट सहयोग आवश्यक रहेको कार्य योजनालाई नेतृत्व गर्नुपर्दा स्थानीय प्रमुख सरोकारवालाहरूलाई संलग्न गराउनु आवश्यक हुन्छ। तर, पास्सा समूहको पक्षमा अयार्थपरक अपेक्षाहरू सिर्जना गर्न नहुनेमा ध्यान दिइनु पर्दछ।

## ७.४ आवास सुरक्षामा सुधार ल्याउने कानुनी र सामाजिक अबरोधको सामना

धेरै अवस्थामा असुरक्षित आवासको प्रमुख कारण प्राविधिक नभइ कानुनी वा सामाजिक रहेको पाइएको छ। उदाहरणका लागि, समुदायमा कानुनी हैसियत नभएका अनौपचारिक, अर्ध-शहरी आवास रहेका पाइन्छन् र स्थानीय सरकारी निकायहरूले आवास सुधार वा पूर्वाधार विकास गर्न अस्वीकृत गरेका हुन सक्छन्। अरू कतिपय अवस्थामा, सामाजिक द्वन्द्व पनि जिम्मेवार हुन्छ जसका कारण समुदायमा क्रियाकलापहरू सञ्चालन गर्न असाध्यै कठिन भएको हुन्छ। यस्तै, आवास सुरक्षाका दृष्टिले वास्तवमै प्रभावकारी र दिगोरुपमा महत्वपूर्ण पूर्वाधार निर्माण कार्य गर्नुपर्ने हुन सक्छ तर लगानी आकर्षित गर्नु समुदायको सामर्थ्यभन्दा बाहिरको कुरा हुनसक्छ । स्वयंसेवीहरूले प्रारम्भिक चरणमा समूहसँग रहेर यी समस्या पहिचान गर्न प्रयास गर्नु पर्दछ र आवास विज्ञबाट मार्गनिर्देश प्रदान गरिनु पर्दछ। पास्सा प्रक्रिया मार्फत निर्माण गरिएका कार्य योजना यथार्थपरक हुनु पर्दछ र आवास सुरक्षाका निम्ति व्यावहारिक एवं धान्न





सक्ने किसिमका सुधारका उपायहरू समावेश गरिनु पर्दछ। छोटो अवधिमा ठूला समस्या सुल्झाउन नसकिने अवस्था रहे पनि यी उपायहरूलाई समावेश गरिनु बुद्धिमानी हुन्छ।

## ७.५ द्वन्द्व व्यवस्थापन

पास्सा कार्यान्वयन भइरहेका, पास्सासँग कुनै न कुनै रुपमा जोडिएका वा आवास अभियान सञ्चालन भइरहेका कुनै पनि समुदायमा द्वन्द्व रहेको वा द्वन्द्व उत्पन्न हुन सक्दछ। यी द्वन्द्वहरू व्यक्तिहरू वा सामाजिक समूहहरूबीच हुन सक्छन् र समुदायका महिला र पुरुषबीच पनि यस्तो द्वन्द्व हुन सक्दछ। पास्साले द्वन्द्व निम्त्याउने वा अझ खराब स्थितिमा पुऱ्याउन सक्दछ किनभने यसले समुदायभित्र उपलब्ध हुने स्रोत-साधन, शक्ति वा हैसियतमा प्रतिस्पर्धा सिर्जना गर्न सक्दछ। द्वन्द्वकै कारण पास्सामार्फत् सकारात्मक प्रभाव सिर्जना गर्न कठिनाइ हुन सक्दछ वा बिल्कुलै असम्भव हुन सक्दछ। व्यवस्थापकहरू सजग हुनु पर्दछ र स्वयंसेवीहरूलाई द्वन्द्वसँग सम्बन्धित कुनै सरोकार भए नियमित अनुगमन बैठकमा बताउन प्रोत्साहित गर्नु पर्दछ।

द्वन्द्व व्यवस्थापनका बारेमा अझ बढी जानकारी चाहिएमा आईएफआरसीको राम्रो कार्यक्रम निर्माण अभियान सम्बन्धी सामग्री हेर्नुहोस्।

## ७.६ अनुगमन र प्रतिवेदन

पास्सा कार्यान्वयनसम्बन्धी अनुगमन र प्रतिवेदनका निम्ति विशिष्ट आवश्यकताहरू यसले सहयोग गर्ने आवास कार्यक्रममा निर्भर हुन्छ। कम्तीमा, देहायबमोजिमका जानकारीहरू सङ्कलन गरिनु पर्दछः

- प्रति जिल्लाः पास्सा क्रियाकलापको कार्यान्वयनको प्रगति, अबरोध र उपलब्धिहरू

- प्रति समुदाय: प्रमुख निर्णयहरू, समूहमा आएको परिवर्तन, सहभागीहरूको उपस्थिति, बाँकी समुदाय र बाह्य सरोकारवालाहरूसँग अन्तर्क्रिया
- प्रति समुदाय: पास्साको परिणामस्वरुप आवास सुरक्षाका निम्ति सामग्रीको परिवर्तन, नेसनल सोसाइटी/आवास कार्याक्रमबाट अनुरोध गरिएको सहयोग, नेसनल सोसाइटी/आवास कार्यक्रम वा अरू पक्षबाट प्रदान गरिएको सहयोग ।

स्वयंसेवीहरूका निम्ति मापदण्ड अपनाई तयार पारिएका अनुगमन फारम र सारंश फारमहरूलाई अनुगमनका विवरणहरू संकलन र सञ्चार गर्नका निम्ति निर्माण गरिनु पर्दछ । पास्सा क्रियाकलापका तस्बिरहरूमा पनि उपयोगी नभएकालाई होसियारीपूर्वक हटाउनु पर्दछ र सुरक्षित राख्नुपर्ने भनी छनोट गरिएकाहरूलाई प्रत्येक समुदायको अलग अलग फाइलमा सुरक्षित साथ राख्नु पर्दछ ।


## ७.७ पास्सा क्रियाकलापहरू र टुलकीटको संशोधन र सुधार

अनुभवका आधारमा स्वयंसेवीहरूले पास्सा क्रियाकलापलाई सहजीकरण गरेभैंm आवश्यकीय परिवर्तन गर्न आरम्भ गर्न सक्नेछन् । कुनै पनि सुधारलाई अरू स्वयंसेवीसँग आदानप्रदान गरिनु पर्दछ र क्रियाकलापहरूका निम्ति दिइएका निर्देशनहरूलाई परिवर्तन गर्न सकिन्छ । तर, कुनै पनि परिवर्तनले क्रियाकलाप वा आफ्ना उद्देश्यलाई कमजोर नपारेको सुनिश्चित गर्न ध्यान दिनु पर्दछ ।

टुलकीटलाई आवधिकरुपमा समीक्षा गरिनु पनि पर्दछ, आवश्यकता बमोजिम चित्रहरूलाई प्रतिस्थापन गर्ने वा परिवर्तन गर्नु पर्दछ तथा यो कार्य स्वयंसेवीहरूको अनुभवमा आधारित हुनु पर्दछ । प्रत्येक पटक कुनै परिवर्तन गर्नासाथ स्वयंसेवीका सबै टुलकीटलाई अद्यावधिक गरिनु पर्दछ । सम्भव भएसम्म, सुरुमा चित्र तयार गर्ने कलाकारलाई नै संशोधनका निम्ति आग्रह गरिनु उपयुक्त हुन्छ ।







# भाग ३ / पास्सा प्रयोगसम्बन्धी स्वयंसेवीहरूका निम्ति मार्गनिर्देश





## विषयसूची


**१. परिचय** १२२

**२. पास्सा कार्यान्वयनको तयारी** १२४

२.१ आफ्नै तयारी १२४

२.२ पास्सा टुलकीटको तयारी १२४

२.३ पास्सा समूह सदस्यको छनोट १२५

२.४ पास्सा समूहलाई सङ्क्षिप्त जानकारी १२७

२.५ पास्सा बैठकका निम्ति स्थान र समय निर्धारण १२८

**३. पास्सा क्रियाकलापहरूको सञ्चालन** १२९

३.१ क्रियाकलापहरूका बारेमा बताउने १२९

३.२ उपसमूहमा कार्य १२९

३.३ सहजकर्ताका रुपमा स्वयंसेवीहरूको भूमिका १३०

३.४ सहजकर्ताहरूको टोलीको रुपमा कार्य १३२

३.५ राम्रो सहजीकरणका लागि उपयोगी जानकारी १३३

३.६ क्रियाकलाप र सहजीकरणको मूल्याङ्कन १३७

३.७ अनुगमन र प्रतिवेदन १३८

३.८ पास्सा क्रियाकलाप मार्फत अघि बढ्दा १३९

३.९ रेकर्ड राख्ने १४०

३.१० पास्सा समूहमा निरन्तरतालाई प्रोत्साहन १४१

३.११ सबै क्रियाकलापहरूका निर्देशनको सारंश १४२

**४. पास्सापछिको अनुगमन** १४५

४.१ स्वयंसेवीको निरन्तरको भूमिका १४५

४.२ अनुगमन र मूल्याङ्कन १४५


# १. परिचय

पास्सा निर्देशिकाको यो खण्डमा पास्सा कार्यान्वयन गर्न, पास्सा क्रियाकलापलाई सहजीकरण गर्न तथा फलोअप उपलब्ध गराउनेगरी स्वयंसेवीलाई तयारीमा मद्दत पुऱ्याउने किसिमका जानकारी र सल्लाह रहेका छन् ।

कुनै खास क्षेत्र वा कुनै खास शाखाबाट पास्सा सञ्चालनका निम्ति निर्णय हुनासाथ तथा पास्सा तालिम सत्र सञ्चालन गरिसकेपछि पास्सा प्रक्रिया सामान्यतया तल दिइएबमोजिमको चरणबाट गुज्रन्छ ।







# २. पास्सा कार्यान्वयनको तयारी

## २.१ आफ्नै तयारी

पास्सा कार्यान्वयनको तयारी गर्नुअघि तपाईंले तालिम लिएको हुनु पर्दछ जसले तीनवटा मुख्य क्षेत्रलाई समेट्नु पर्दछ:

- पास्सा कार्यपद्धति, सहजीकरण सीप र स्वयंसेवीहरूको भूमिका
- पास्सा क्रियाकलापहरू
- आवास सुरक्षाका निम्ति महत्वपूर्ण प्राविधिक विषयहरू ।

तालिम पश्चात र समुदायका समूहसँग काम गर्न थाल्नुअघि तपाईंले:

- निर्देशिकाको यो खण्डको सबै भाग र खण्ड १ (पास्सा क्रियाकलाप) लाई सावधानीपूर्वक अध्ययन गर्नु पर्दछ र प्रत्येक क्रियाकलापको उद्देश्य तथा अपेक्षित नतिजाका बारेमा राम्रोसँग बुझेको सुनिश्चित गर्नु पर्दछ ।
- क्रियाकलापहरूका बारेमा विस्तृत रुपमा अध्ययन गर्नु पर्दछ र कुनै कुरा अस्पष्ट भए अरू स्वयंसेवीहरू वा व्यवस्थापकलाई सोध्नु पर्दछ ।
- प्रत्येक क्रियाकलापलाई ए५ (A5) आकारको कागजमा सहजै सम्झन सक्नेगरी सारंश तयार पर्दछ जसलाई पास्सा समूहमा रहेका बेला प्रयोग गर्न सकियोस् ।
- अरू स्वयंसेवीहरूसँग क्रियाकलापहरूको अभ्यास गर्नु पर्दछ र उनीहरूको पृष्ठपोषण लिनु पर्दछ ।

## २.२ पास्सा टुलकीटको तयारी

पास्सा टुलकीट निश्चित क्रियाकलापहरूमा प्रत्येक पास्सा समूहले प्रयोग





गर्नेगरी चित्रहरूको संकलन हो । प्रत्येक समूहलाई कम्तीमा तीन समूह चित्रहरू आवश्यक पर्दछ, किनभने उनीहरूले यी चित्रलाई कम्तीमा तीन उपसमूहमा प्रयोग गर्नु पर्दछ । अन्तिम स्वरुप प्रदान गरिएका चित्रहरूलाई ल्यामिनेट गर्नु पर्दछ ताकि तिनीहरू नोक्सानी हुनबाट जोगिन सक्छन् ।

चित्रहरू पास्सा कार्यविधिका ज्यादै महत्वपूर्ण भागहरू हुन्, त्यसैले तपाईं यी सबैसँग नजिकबाट परिचित हुनु पर्दछ । कलाकारले प्राप्त गरेका निर्देशनहरूका सम्बन्धमा थाहा पाउन निर्देशिकाको खण्ड ४ (पास्सा कलाकारका निम्ति मार्गनिर्देश) पढ्नुहोस् तथा अवसर जुटेको खण्डमा कलाकारसँग कुराकानी गर्नुहोस् ।

पास्सा क्रियाकलापलाई सहजीकरण गर्न आरम्भ गर्नासाथ तपाईंलाई थप चित्रहरूको आवश्यकता भएको अनुभव भएमा व्यवस्थापकलाई जानकारी गराउनुपर्दछ ताकि त्यस्ता चित्र बनाउनका निम्ति उनीहरूले कलाकारको व्यवस्था गर्न सक्छन् ।

पास्सा समूह कार्यका निम्ति क्रियाकलाप निर्देशनमा उल्लेख गरिएबमोजिम तपाईंले पनि कागज, मार्कर कलम र कपडा वा प्लास्टिक सिट लिनु पर्दछ । तपाईंलाई डिजिटल क्यामरा वा क्यामरा सहितको मोबाइल फोन उपलब्ध हुनु पर्दछ जसबाट तपाईंले पास्सा समूहका चार्टहरू, नक्साहरू र अरू सामग्रीहरूको तस्विर खिच्न सक्नुहुन्छ । प्रत्येक पटक समुदायमा भ्रमण गर्नुअघि यी सबै सामग्री आफूसँग छ छैन जाँच गर्नु पर्दछ ।

## २.३ पास्सा समूह सदस्यको छनोट

पास्सालाई सबै आठवटा क्रियाकलापमा स्वेच्छिकरुपमा सहभागिता जनाउने गरी १५ देखि ४० जना मानिसको समूहमा प्रयोग गर्ने किसिमबाट निर्माण

गरिएको छ। आफ्ना घर र समुदायको सुरक्षा बढाउने गरी अरूलाई प्रोत्साहित गर्न तथा समुदायका अरू सदस्यसँग विचारहरू आदानप्रदान गर्न मिल्नेगरी पास्सा निर्माण गरिएको हो । समूह छनोट गर्नेक्रममा ध्यान दिनुपर्ने केही बुँदाहरू यहाँ दिइएका छन्:

- समूहमा रहेका मानिसलाई उनीहरूका समुदायका सदस्यहरूबाट सम्मान दिइएको हुनु पर्दछ। यसको अर्थ उनीहरू अधिकारको पदमा रहेको हुनुपर्दछ भन्ने होइन, तर उनीहरूका विचारलाई गम्भीरतापूर्वक लिइनु पर्दछ । यो निकै महत्वपूर्ण पक्ष हो किनभने पास्सा प्रक्रियाका चरणमा समूहबाट गरिने कार्यहरूलाई समग्रमा समुदायले आत्मसात गर्न सक्नु पर्दछ ।
- समूहमा रहेका मानिसहरू आवास सुरक्षासँग धेरै किसिमबाट जोडिएकाहरू हुनु पर्दछ। यसमा समुदायका विभिन्न क्षेत्रका सामान्य घरपरिवार (सुरक्षित आवासका विविध तहसँग आबद्ध व्यक्ति समेत), आवासका सम्बन्धमा केही विज्ञता रहेका मानिसहरू, जस्तै बिल्डर्स, सिकर्मीहरू, तथा जमिनको प्रयोग समेतका सामुदायिक निर्णयमा प्रभाव पार्ने आधिकारिक वा अनौपचारिक नेताहरू समावेश हुनु पर्दछ। स्थानीय नेताहरूले सान्दर्भिक स्थानीय सरकारी कार्यालयसँग सम्बन्ध जोड्नेगरी मद्दत पुऱ्याउन सक्छन् ।
- लैंगिक दृष्टिबाट समूहहरू सन्तुलित हुनु पर्दछ। आवासका सन्दर्भमा पुरुष र महिलाका भूमिका तथा जिम्मेवारीहरू भिन्न हुन सक्छन् र उनीहरूलाई पर्याप्तरुपमा प्रतिनिधित्व गराइनु पर्दछ । धेरैजसो समुदायमा महिलाहरूले घरमै बढी समय व्यतित गरेका हुन्छन् र उनीहरू घरभित्रका दैनिक काममै संलग्न हुन्छन् । समूहमा महिलाको प्रतिनिधिमूलक संख्या सुनिश्चित गर्न कहिलेकाहिँ चुनौती देखा पर्दछ। जोड दिनुपर्दछ कि समूहको निर्माण समान संख्याका महिला र पुरुषबाट बन्नु नै पर्याप्त हुँदैन, बरु दुवै लिङ्गका व्यक्तिलाई पूर्णरुपमा सहभागी गराउने गरी पर्याप्त अवसर दिइनु पर्दछ ।





- पास्सा समूहका एक वा दुई सदस्यको प्रतिनिधित्व समुदायका प्रत्येक भागबाट हुनु राम्रो हो । उदाहरणका लागि, ३०० परिवार रहेको कुनै समुदायमा २० परिवार रहेको प्रत्येक समूहमा एक जना पुरुष र एक जना महिलाले प्रतिनिधित्व गर्न सक्छन् जसले आफ्ना छरछिमेक सबैलाई सम्भवत: चिनेका हुन्छन् । यसले पास्सा समूह र व्यापक समुदायबीच अनुभव आदानप्रदान गर्न तथा व्यापक प्रतिनिधित्वलाई प्रोत्साहित गर्न सहजीकरण गर्दछ ।
- यदि समुदायमा पहिल्यै कुनै समूह जस्तै स्वास्थ्य समिति वा गाउँ विकास समिति गठन भएको भए तपाईंले यो समूहसँग पनि काम गर्न सक्नुहुन्छ । तपाईंले यो कार्य गर्दा कुनै ठूलो अबरोध छ वा छैन भनी बुझ्नु उपयुक्त हुन्छ - जस्तै: समूहमा द्वन्द्व, समूह र समुदायबीच द्वन्द्व, वा समुदायमा लैंगिक वा भिन्न सामाजिक समूहका आधारमा सन्तुलन ।

## २.४ पास्सा समूहबारे जानकारी

पास्सा समूह छनोटको प्रक्रियाका क्रममा र पहिलो क्रियाकलाप आरम्भ गर्नुअघि पास्सा प्रक्रियाका बारेमा बताउन समय लिनुहोस् र सहभागी तथा समुदायका निम्ति यसको के अर्थ छ भनी बताउनुहोस्। यसका निम्ति पास्सा समूहसँग विशेष बैठक गर्नु आवश्यक हुन्छ वा क्रियाकलाप १ (ऐतिहासिक परिचय) आरम्भ गर्नु ठीक अघि यो आयोजना गरिएको हुन सक्दछ। समुदायका सदस्यहरूसँग हुन सक्ने कुनै किसिमका अपेक्षाहरूलाई होशियारीपूर्वक सामना गर्नुहोस् र यी आकाँक्षाहरू यथार्थपरक रहेको सुनिश्चित गर्नुहोस् ।

पास्सा समूहका सदस्यहरूले पास्सा एउटा प्रक्रिया हो र यसले आफ्नो निकै बढी समय लिन्छ भन्ने कुरा बुझ्नु पर्दछ । उनीहरूले आफ्ना लागि नयाँ रहेका यी क्रियाकलाप र जिम्मेवारीमा आबद्ध गराउनु पर्ने कुरा थाहा पाउनु पर्दछ। पास्सा क्रियाकलापहरू समग्र समुदायभित्र सुरक्षित आवासलाई बढावा

दिने कार्य योजना तयारी र कार्यान्वयन गर्न उनीहरूसँगै मिलेर कार्य गर्नेगरी निर्माण गरिएको हो भनी बताउनु पर्दछ ।

यो विन्दुमा तपाईंको भूमिका सहजकर्ताको रुपमा स्थापित गरिनु महत्वपूर्ण हुन्छः आवास सुरक्षाका बारेमा पास्सा समूहलाई कुनै पनि कुरा अहिल्यै पढाउने होइन, तर उनीहरूका आफ्नै ज्ञान र सीपको प्रयोग गरी मिलेर कामहरू सिक्न र निर्णयमा पुग्न उनीहरूलाई मद्दत गर्नु तपाईंको जिम्मेवारी हो ।

तपाईंका व्यवस्थापक र पास्सा समूह सदस्यहरूबीच नेसनल सोसाइटी नीतिको परिचय (टोपी वा टीसर्ट) का साथै सबै सहभागीलाई रिफ्रेसमेन्ट उपलब्ध हुने सम्झौता रहेको सुनिश्चित गर्नु पर्दछ ।

## २.५ पास्सा बैठकका निम्ति स्थान र समय निर्धारण

पास्सा क्रियाकलापका निम्ति बैठक गर्ने स्थान सफा, राम्रोसँग प्रकाश पुग्ने र सुविधाजनक हुनुपर्दछ जसले सकारात्मक र उत्पादनशील कार्य वातावरण निर्माण गर्दछ । चार्ट र चित्रहरू झुण्ड्याउन भित्ता वा बोर्डमा ठाउँ हुनुपर्दछ र समूह कार्यका अवधिमा चित्रहरूलाई फिँजाउन भूइँलाई सफा गर्नु पर्दछ ।

पास्सा सत्रका निम्ति बैठक गर्ने स्थान र समयले पनि पूर्ण सहभागितालाई प्रोत्साहन गर्नु पर्दछ र कुनै खास सामाजिक वा धार्मिक समूहको उपस्थितिलाई निरुत्साहित गर्नु हुँदैन । पास्सा सत्र सञ्चालनको तीव्रताका बारेमा छलफल गरी सहमतिमा पुग्नु पर्दछ (जस्तै, साप्ताहिक वा हप्ताको दुईपटक) र बैठक कुन समयमा आरम्भ गरिने हो निक्यौंल गर्नु पर्दछ । समूहका सदस्यहरूको सम्पर्क विवरण आफूसँग रहेको सुनिश्चित गर्नु पर्दछ ताकि यसबाट तपाईंले आफू तोकिएको समयमा आउन नसक्ने जानकारी समूहका सदस्यहरूलाई दिन सजिलो होस् ।





# ३. पास्सा क्रियाकलापहरूको सञ्चालन

## ३.१ क्रियाकलापहरूका बारेमा बताउने

यो निर्देशिकाको खण्ड १ मा क्रियाकलापहरूका बारेमा विस्तृत निर्देशनहरू दिइएका छन् । यदि तपाईंले सावधानीपूर्वक यो निर्देशिका पढ्नुभयो र पहिल्यै क्रियाकलापहरूको सहजीकरणसम्बन्धी अभ्यास गर्नुभएको छ भने निर्देशिका नै नपढी पनि पास्सा समूहका सदस्यहरूलाई यसका बारेमा बताउन सक्षम हुनुहुनेछ । आवश्यक परेको खण्डमा सम्झनाका निम्ति क्रियाकलाप सारांशलाई प्रयोग गर्नुहोस् । एक पटकमा एउटामात्र क्रियाकलापका बारेमा बताउनुपर्दछ । एकै पटक ज्यादै बढी जानकारी दिइए त्यसले भ्रम सिर्जना गर्दछ । सहभागीहरू सबैले कुनै कार्यका लागि तपाईंले अनुरोध गर्नुअघि नै त्यससम्बन्धी निर्देशनहरू राम्रोसँग बुझेको विचार गर्नु पर्दछ । यदि, होशियारीपूर्वक व्याख्या र प्रदर्शनपश्चात् पनि केही मानिसले विषयलाई राम्रोसँग बुझ्न नसकेको देखिए त्यसैको समाधान गर्नेतर्फ बढी समय खेर फाल्नु हुँदैन: क्रियाकलाप पुनः आरम्भ गर्नुहोस् र पुनः व्याख्या गरिदिनुहोस् अथवा विषयलाई बुझेका अर्को सहभागीलाई व्याख्या गर्न आग्रह गर्नुहोस् ।

## ३.२ उपसमूहमा कार्य

पास्सा क्रियाकलापका अवधिमा सम्पन्न गरिने अधिकांश कार्य पाँचदेखि दश जनाको उपसमूहमा हुने गर्दछ, किनभने यसले राम्रो सहभागिताको अवसर जुटाउँछ र त्यही समयमा विभिन्न पक्षहरूमा कार्य गर्न सहभागीले मौका पाउँछन् । विभिन्न क्रियाकलापमा उपसमूहका सदस्यहरूलाई यताउता फेरबदल

गर्नु पर्दछ जसबाट अर्को समूहका सदस्यसँग काम गर्ने अवसर जुट्दछ । द्वन्द्व उत्पन्न भएको वा उत्प्रेरणाको कमी भएको कारण कुनै समूहका काममा कठिनाई उत्पन्न भएको छ कि ध्यान दिनुहोस् ।

पूर्ण सहभागिता र महिला तथा पुरुषबाट प्रतिनिधिमूलक किसिमबाट धारणा राख्ने कार्यलाई सुनिश्चित गराउन आवश्यक परेको अवस्थामा महिला मात्र र पुरुष मात्रका कम्तीमा एकएक उपसमूह बनाउन सहभागीहरूलाई आग्रह गर्नुहोस् ।

पास्सा क्रियाकलापका प्रत्येक उपसमूहलाई कामको जिम्मेवारी दिइँदा प्रत्येक समूहले आफ्ना कामको अभिलेख राख्न र प्रस्तुत गर्न उपसमूहका सदस्य वा सदस्यहरूलाई छनोट गर्नु पर्दछ । उपसमूहलाई काम सम्पन्न गर्न बढी समय खेर नफाल्न प्रोत्साहित गर्नु पर्दछ र उनीहरूको छलफल विषय-केन्द्रित तथा उत्पादनशील भएको निश्चित गर्नु पर्दछ ।

उपसमूहहरू आ-आफ्ना प्रतिवेदन प्रस्तुत गर्न तयार भएपछि तपाईंले अरू सहभागीले पनि त्यो प्रस्तुति सहजरुपमा देख्न पाउने व्यवस्था मिलाउन मद्दत गर्नु पर्दछ र प्रतिवेदनलाई भित्तामा वा बोर्डमा वा भूइँमा राम्रोसँग देखिनेगरी राख्नु पर्दछ । सबै उपसमूहका प्रतिवेदनप्रति पास्सा समूहका बाँकी सदस्यबाट पूर्णरुपमा ध्यान दिइएको सुनिश्चित गर्नुपर्दछ र प्रस्तुतिका चरणमा आउने प्रश्नहरूलाई सकारात्मक किसिमबाट जवाफ दिइनु पर्दछ । उपसमूहले आफ्नो प्रस्तुति सम्पन्न गरेपछि प्रत्येक क्रियाकलापका निर्देशनहरूमा सङ्केत गरिएबमोजिम छलफललाई सहजीकरण गर्नुपर्दछ ।

## ३.३ सहजकर्ताका रुपमा स्वयंसेवीहरूको भूमिका

पास्सा क्रियाकलापहरू आवास सुरक्षाका विषयमा पास्सा समूह स्वयंले





विश्लेषण र समाधानको योजना बनाउने गरी डिजाइन गरिएका छन् । यो प्रक्रियालाई सहजीकृत गर्न तपाईंको भूमिका आवश्यक पर्दछ र तपाईंको भूमिका शिक्षकको जस्तो हुनु हुँदैन । त्यसर्थ, तपाईंले निम्न कार्य गर्नु हुँदैन:

- समूहलाई निर्देशित गर्ने;
- समूह आफैँले प्रयत्न गरी थाहा पाउनुको साटो जानकारी दिने;
- समूहले के गर्नुपर्छ भनी सल्लाह वा सुझाव दिने;
- कुनै क्रियाकलापको उपयुक्त समाधानका बारेमा अनुमान गर्ने;
- समूहले गरेका कार्यलाई सच्याउने वा ठीक गर्ने ।

उदाहरणका लागि, यदि तपाईंले समस्या पहिचानको सुरुवाती चरणमै जानकारी उपलब्ध गराउन थाल्नुभयो भने तपाईंले समूहलाई निर्देशित गर्ने खतरा हुन्छ । तर अपवादको रुपमा समूहले कुनै विशेष प्राविधिक जानकारीका लागि अनुरोध गरेको वा उनीहरूले राखेका जानकारी ठीक नभएको अनुभूति भएमा मात्र सुझाव दिन सकिन्छ । यो विश्लेषण वा योजना निर्माण चरणको कार्य हुन सक्दछ । यो अवस्थामा, आफूले राम्रोसँग थाहा पाएको विशिष्ट प्राविधिक सल्लाह उपलब्ध गराउनु पर्दछ । यदि शङ्का लागेमा, व्यवस्थापक वा सम्बद्ध स्थानीय सेवाप्रदायकसँग सोध्नु पर्दछ । यदि तपाईंले सल्लाह दिनैपरेको अवस्थामा पास्सा समूहका सदस्यलाई उत्साहित गर्ने किसिमले दिने कोसिस गर्नुहोस् र यसक्रममा प्रश्न सोध्न वा विभिन्न विकल्पमा विचार गर्नका लागि सहभागीलाई आग्रह गर्न सकिन्छ ।

पास्सा समूहका सदस्यहरूलाई सदैव सक्रिय अवस्थामा राख्न कोशिस गर्नु पर्दछ । उनीहरू आफैँले सिकेका कुरामा आधारित रहेर जानकारी खोज्न, विचारहरू आदान-प्रदान गर्न र निर्णय गर्न सक्षम हुनु पर्दछ । तपाईंले पास्सा क्रियाकलाप अघि बढ्दै जाँदा एक-अर्काका कुरा धैर्यपूर्वक सुन्नेगरी उनीहरूको

आत्मविश्वास, आत्मसम्मान र क्षमता निर्माण गर्न मद्दत पुऱ्याउन सक्नुहुन्छ। समूहका सदस्यहरूले सम्भवत विगतमा थाहा नपाएका ज्ञान र क्षमताको खोजी गर्न सक्नेछन्।

सुरुकै अवस्थादेखि पास्सा समूहले तपाईंको भूमिका सहयोगी रहेका बारेमा राम्रोसँग बुझेको हुनुपर्दछ। समूहका सदस्यहरूले पास्सा प्रक्रियाका उपलब्धिहरू तपाईंको व्यक्तिगत नभइ सहभागीका आफ्नै धारणा र ज्ञानमा आधारित रहेका छन् भन्ने बुझ्नु पर्दछ र त्यसरी निर्माण गरिने कुनै पनि निर्णय र योजनाको पूर्ण जिम्मेवारी उनीहरूमै निहीत हुनेछ। समुदायका अरू सदस्यसँग छलफल गर्नका लागि तपाईंलाई केही थप समय आवश्यक पर्न सक्छ।

## ३.४ सहजकर्ताहरूको टोलीको रुपमा कार्य

पास्सा सहजीकरण गर्दा दुईजना स्वयंसेवीको टोलीमा कार्य गर्नु सर्वाधिक उपयुक्त हुन्छ। राम्रोसँग कार्य गर्नुपर्दा निम्न सल्लाहलाई ध्यानमा राख्नुपर्दछः

- बैठकको तयारी मिलेर गर्नु पर्दछ।
- प्रत्येक क्रियाकलापका निम्ति मुख्य सहजकर्ता को हुने भनी निर्णय गर्नु पर्दछ।
- आफूहरूबीच बारम्बार सहजीकरणका बारेमा अनुभव आदान-प्रदान गर्नु पर्दछ।
- पास्सा समूहलाई आफूहरूले सँगै रहेर काम गरिरहेको कुरा बताउनु पर्दछ।
- तपाईंको साथीले नेतृत्व गरिरहेका बखत के भइरहेको छ ध्यान दिनु पर्दछ। उनीहरूले नगरेका कुराहरूलाई ध्यान दिनु पर्दछ र उनीहरूलाई सहयोग आवश्यक भए तपाईले मद्दत गर्न सक्नुहुन्छ।





- पास्सा बैठकका समयावधिमा साथीलाई रोक्ने, अलमल्याउने वा असहमति राख्ने कार्य त्याग्नु पर्दछ। केही कुरामा तपाईंको सहमति नभए त्यस विषयमा पछि छलफल गर्नु उचित हुन्छ।
- प्रत्येक क्रियाकलाप सम्पन्न भएपछि समूहका रुपमा पुनः व्याख्या गर्नु पर्दछ जसबाट कतिपय कुराहरू सिक्न सकिनेछ र अर्को पटक अझ राम्रो गर्न सकिन्छ।

## ३.५ राम्रो सहजीकरणका लागि उपयोगी जानकारी

### *सहज वातावरण निर्माण*

क्रियाकलापसम्बन्धी प्राथमिकतामा सहमतिलाई पूरा गर्न तथा आवास सुरक्षाको सुधारका लागि योजना बनाउन पास्सा समूह सदस्यहरूले राम्रोसँग मिलेर कार्य गर्न सक्षम हुनै पर्दछ। तपाईंको भूमिकाको एक भागको रुपमा सम्पूर्ण पास्सा प्रक्रियामार्फत् सहज र रचनात्मक परिस्थिति निर्माणमा मद्दत गर्नु हुनेछ।

प्रत्येक पास्सा सत्रहरू रमाइला क्रियाकलापबाट आरम्भ गर्नु राम्रो हुन्छ, मानिसलाई हँसाउनु पर्दछ र अनौपचारिक किसिमबाट अन्तर्क्रिया गर्न उनीहरूलाई प्रोत्साहित गर्नु पर्दछ। तपाईंले परम्परागत गीतहरू वा नृत्यहरूको प्रयोग गर्न सक्नुहुन्छ, अथवा पास्सा तालिमका अवधिमा तपाईंले थाहा पाएका अतिरिक्त क्रियाकलापलाई प्रयोग गर्न सक्नुहुन्छ। (केही उदाहरणका निम्ति अनुसूची-२ हेर्नुहोस्।)

पहिलो क्रियाकलापमा खासगरी सकारात्मक वातावरण निर्माण गर्नु तथा सबै सहभागीबीच कुराकानी गराउन प्रोत्साहित गर्नु आवश्यक छ। कार्यक्रममा उपस्थित पास्सा समूहका सबै सदस्यहरू परिचित नै रहेका भए पनि एक-

अर्काबीच रमाइलो किसिमबाट परिचय गराउनु निकै उपयोगी हुन्छ ।

### *सहभागीहरूले क्रियाकलापका बारेमा बुझेको सुनिश्चित गर्ने*

पास्सा समूहका सदस्यहरूले प्रत्येक क्रियाकलापका निर्देशनहरूलाई बुझ्नु अत्यावश्यक हुन्छ ताकि उनीहरूले प्रभावकारीरुपमा र आत्मविश्वासका साथ पछि त्यसलाई कार्यरुपमा परिणत गर्न सक्छन् । तपाईंले साथीहरूसँग अभ्यास गर्नु पर्दछ र पास्सा समूहबाट पृष्ठपोषण प्राप्त गर्नुपर्दछ । यसक्रममा राम्रो तरिकाबाट बुझाउन स्थानीय मानिसले बुझ्नेगरी स्थानीय भाषाका उपयुक्त शब्दको प्रयोग गर्न सकिन्छ । कुनै निर्देशनलाई स्थानीय मानिसले राम्रोसँग बुझेनन् भन्दैमा उनीहरू मूर्ख हुन् भन्ने किसिमको अनुभूति हुनेगरी व्यवहार गर्नु हुँदैन । मानिसले कुनै निर्देशनलाई बुझ्न कठिनाई महसूस गरेको पाइए त्यो उनीहरूको समस्या बिल्कुलै होइन । समस्या त निर्देशिकामा हुनसक्छ वा तपाईंले विषय प्रकाश पार्दा नै समस्या रहेको हुनसक्छ । तपाईंले व्याख्या गरेका विषयलाई पुन: भन्न उनीहरूलाई लगाउनुहोस् । उपसमूहका कार्यहरू थालनी गर्नुअघि यस्तो अभ्यास गर्दा उनीहरूले विषयवस्तुलाई राम्रोसँग बुझे/नबुझेको प्रस्ट गर्न मद्दत पुग्दछ । उपसमूहले काम थाल्नासाथ उनीहरूले विषयवस्तुलाई साँच्चिकै राम्रोसँग बुझे-नबुझेको तथा क्रियाकलापलाई प्रभावकारीरुपमा प्रयोग गरे/नगरेको थाहा पाउन अवलोकन गर्नुहोस् ।

### *समूहका सबै सदस्यहरूलाई सहभागी गराउन प्रोत्साहन*

हरेक पास्सा समूहका सदस्यहरूले केही न केही योगदान गर्नु पर्दछ र तपाईंले यसका निम्ति मद्दत गर्नु पर्दछ । कतिपय समुदायमा सहयोगको जरुरत नरहे पनि विषयकेन्द्रित सहयोग आवश्यक पर्न सक्छ । पहिलो, पास्सा समूहकै सदस्यको हाराहारीमा आफू रहेको सहभागीहरूलाई बताउनु पर्दछ र माथिल्लो निकायको





पदमा रहेको वा बढी ज्ञान भएको भन्नेजस्ता कुरा देखाउनु हुँदैन । समूहका सदस्यहरूबाट सिक्नुपर्ने कुराहरू धेरै रहेको दर्शाउनुहोस् । हरेक सहभागीको योगदानलाई बुझ्ने प्रयत्न गर्नुहोस् र यस्तै गर्न अन्य समूहका सदस्यहरूलाई पनि प्रोत्साहित गर्नुहोस् । मानिसले दिएका टिप्पणीमाथि आलोचना नगर्नुहोस् र अरूलाई पनि यस्तै गर्न प्रोत्साहित गर्नुहोस् । दोस्रो, तपाईंले सुनाइ र अवलोकनलाई निरन्तर जारी राख्नु पर्दछ । यसबाट छलफलमा योगदान नगर्नेहरू अथवा अरू सहभागीले उनीहरूका योगदानलाई खासै महत्व नदिएको बारेमा तपाईंले थाहा पाउन सक्नुहुन्छ अथवा यस्तो भइरहेको तपाईंले देख्नुभयो भने समूहमा यसलाई उठाउनुहोस् र यसलाई परिवर्तन गर्न प्रोत्साहित गर्नुहोस् ।

### *समय र ऊर्जाको व्यवस्थापन*

पास्सा क्रियाकलापको सहजीकरण गर्दा तपाईंले समयलाई होशियारीपूर्वक व्यवस्थापन गर्न सक्नु पर्दछ । सत्रहरू दिक्दारीपूर्ण वा दिग्भ्रमित हुने खतराहरूलाई हटाउन पनि समय व्यवस्थापनको विशेष महत्व रहने गर्दछ । छलफलमा लामो समय व्यतित भएको तर कुनै प्रगति नभएको पाइए तपाईंले त्यस्तो विषयलाई खुट्याउन र सहभागीहरूलाई आवश्यक मुद्दामा मात्र केन्द्रित हुन आग्रह गर्न सक्नुहुन्छ । उपसमूहमा रहेर काम गर्ने तरिकाका बारेमा तपाईं सचेष्ट रहनु पर्दछ । उनीहरूले क्रियाकलापलाई बुझेको पाइएन भने समय र ऊर्जा दुवैको नोक्सानी हुनबाट जोगाउनका निम्ति उनीहरूलाई बुझाउन सहयोग गर्नु पर्दछ । सिकेका कुरालाई संक्षिप्त किसिमबाट बताउन मानिसहरूलाई प्रोत्साहन गर्नुहोस् र त्यसपछि जीवन्त तथा छोटो छलफलको सहजीकरण गर्नुहोस् । यो छलफल लामो हुनु हुँदैन । तपाईंले यदि मानिसहरू थकित अवस्थामा पाउनुभयो भने तपाईंले केही नयाँ कामहरू दिनु राम्रो हुन्छ (हेर्नुहोस् अनुसूची-२) ।

तपाईंले छिटोछिटो क्रियाकलापहरूलाई बीच-बीचमा छाड्दै अगाडि बढ्नु ठीक

हुँदैन, किनभने पास्सा प्रक्रियाका प्रत्येक क्रियाकलापहरू अघिल्लो सत्रका जगमा निर्माण भएका छन् । तपाईंले कहिलेकाहिँ निर्धारित क्रियाकलापहरू सम्पन्न हुनुअघि नै सत्रको समापन गर्न समूहसँग सहमति जनाउन सक्नुहुन्छ, र अर्को बैठकको प्रारम्भमा छुटेको सत्रलाई पूरा गर्न सक्नुहुन्छ । समय र ऊर्जाको व्यवस्थापनका बारेमा सहजीकरणसम्बन्धी विगतको अनुभव तपाईंसँग रहेको भए त्यो राम्रो हुन्छ ।

### *भिन्न-भिन्न किसिमका व्यक्तित्वको व्यवस्थापन*

पास्साको सफलता भनेकै सबै समूह सदस्यहरूबाट पूर्ण र स्वतन्त्र सहभागिता सुनिश्चित भएमा मात्र सम्भव हुन्छ, र एसएआरएआर[२] विधिको प्रयोगले यसलाई प्रोत्साहित गर्दछ। तर, एक वा त्योभन्दा बढी व्यक्तिले समूहमा प्रभुत्व कायम राख्न तथा सोचाई र निर्णयमा नियन्त्रणका लागि कोशिस गर्न सक्छन् अथवा प्रक्रियामै अवरोध सिर्जना गर्न सक्छन् । यस्तो स्वभावका व्यक्तिलाई चिन्ने र यस्तो तरिकाबाट किन उनीहरूले व्यवहार प्रदर्शन गरिरहेका छन् भनी थाहा पाउने कोसिस गर्नुहोस् । प्रतिस्पर्धात्मक वा आक्रामक मानिसलाई अलग्याउन र समूह प्रक्रियाको महत्वका बारेमा आश्वस्त बनाउन सकिन्छ, अथवा उनीहरूलाई व्यस्त राख्न अलग्गै काम दिन सकिन्छ र समूहलाई आफ्ना कार्यमा निरन्तरताका लागि अनुमति प्रदान गर्न सकिन्छ । तपाईंले बढी महत्व दिएको कुरा थाहा पाएमा उनीहरूले आफ्ना ज्ञान र प्रभावलाई देखाउने जरुरत ठान्दैनन् । सरोकार रहेका व्यक्तिहरू समुदायका अगुवाहरू हुन् भने जतिसक्दो चाँडो उनीहरूसँग सम्पर्क राख्नुहोस्, प्रक्रियाका बारेमा

([२]फास्ट एसएआरएआर भनिने सहभागितामूलक पद्धतिमा आधारित रहेको छ जुन आत्मसम्मान, सहयोगात्मक क्षमता, स्रोत-साधनयुक्त, कार्य योजना तथा जिम्मेवारीको जगमा अडिएको छ ।)





बताउनुहोस् र उनीहरूको सहयोग लिने प्रयत्न गर्नुहोस् । अरू पास्सा समूहका सदस्यहरूलाई पूर्ण र समान रुपबाट सहभागी गराउँदा सबैका निम्ति लाभदायी परिणाम आउने सम्बन्धमा तपाईंले उनीहरूलाई विश्वस्त तुल्याउनु हुनेछ ।

समूहका अरू कतिपय सदस्यहरूले कुराकानी गर्दा लज्जाबोध गरिरहेका हुन सक्छन् वा अरू सहभागीहरूबाट त्यसलाई निरुत्साहित गरिएको हुनसक्छ । शान्तसँग रहेका मानिसहरू पहिचान गर्नका निम्ति समय लिनुहोस् र उनीहरूको मौनताको कारण पत्ता लगाउने कोशिस गर्नुहोस् । उनीहरूलाई पनि योगदान गर्न प्रोत्साहित गर्नुहोस्, तर उनीहरूलाई दबाबमा भने नपार्नुहोस् ।

### *सकारात्मक परिवर्तनको मान्यता र प्रोत्साहन*

पास्सा समूह विभिन्न क्रियाकलापहरूमार्फत् अघि बढ्दै जाँदा तपाईंले दुई किसिमका परिवर्तनहरू देख्न थाल्नुहुनेछ । पहिलो, पास्सा समूहका सदस्यहरूले बढी प्रभावकारीरुपमा मिलेर काम गर्ने सम्भावना हुन्छ, आत्मविश्वास बढेको हुन्छ र प्रक्रियामा बढी सक्रिय साझेदार हुन सक्छन् । दोस्रो, समूहले आवास सुरक्षाका निम्ति साधारण सुधारका कार्यहरू गर्न थाल्नेछ, र यो कार्य आफ्नै घरमा परिवर्तन ल्याएर हुनेछ अथवा परिवर्तनलाई प्रोत्साहित गर्नका निम्ति समुदायका अरू सदस्यहरूसँग उनीहरूले छलफल गर्न सक्छन् । तपाईंले व्यक्त गरिएका दुवै किसिमका परिवर्तनलाई औंल्याएर पास्सा समूहलाई मद्दत गर्न सक्नुहुनेछ ।

## ३.६ क्रियाकलाप र सहजीकरणको मूल्याङ्कन

प्रत्येक पास्सा बैठकको अन्त्यमा पास्सा समूह सदस्यहरूबाट पृष्ठपोषण लिनेगरी समय छुट्याउनु पर्दछ । यसक्रममा सहभागीले क्रियाकलापका बारेमा रुचाएका र नरुचाएका विषय तथा के कुरामा सुधार गर्न सकिन्थ्यो भन्ने कुरा टिपोट गर्नु पर्दछ । यो पृष्ठपोषणलाई आफ्ना व्यवस्थापक र अरू स्वयमसेवीसँग नियमित

किसिमबाट छलफल गरिनुपर्दछ ताकि आवश्यक देखिएका कुनै परिवर्तनका बारेमा सबैले मिलेर परिवर्तन गर्न सक्छन् । तपाईंले त्यसपछि लगत्तै यो विषयमा अर्को क्रियाकलापको प्रारम्भमा समूहसँग छलफल गर्नुपर्दछ । यस्तो गर्दा सहभागीले दिएका पृष्ठपोषणलाई महत्व दिइएको र त्यसलाई कार्यरुपमा परिणत गरिएको देखिनेछ ।

तपाईंले प्रत्येक क्रियाकलापको सहजीकरण गर्ने तरिकाका बारेमा पनि समूहको धारणा लिन सक्नुहुन्छ, र यो पृष्ठपोषण आफ्नो कार्यशैलीमा सुधार ल्याउन उपयोगी हुनसक्छ । समय-समयमा तपाईंका व्यवस्थापक पास्सा सत्रका समयावधिमा बस्नुपर्छ र तपाईंको सहजीकरण सीपलाई अझ सुधार गर्नेगरी तपाईंलाई पृष्ठपोषण र सल्लाह दिन सक्छन् ।

## ३.७ अनुगमन र प्रतिवेदन

कुनै पनि समुदायमा प्रत्येक पास्सा सत्रपछि तपाईं व्यवस्थापक र अरू स्वयंसेवीहरूसँग बस्न समय मिलाउनुहोस् । यो बसाईंमा कसरी क्रियाकलापको कार्य अघि बढ्यो र अनुभव आदान-प्रदान गर्न छलफल गर्नुहोस् । यदि तपाईंसँग कुनै क्रियाकलाप वा कुनै पास्सा समूह सदस्यसँग कुनै समस्या रहेका छन् भने तपाईंले टोलीका सदस्यहरूबाट आवश्यक सल्लाह लिन सक्नुहुन्छ । यदि तपाईंले क्रियाकलापलाई राम्रोसँग सहजीकरण गर्ने तरिका थाहा पाउनुभयो भने तपाईंको सफलताबाट टोलीका अरू सदस्यहरूलाई थाहा दिन सक्नुहुन्छ ।

तपाईंले पास्सा समूहबाट कुनै राम्रो विचार र निर्णय आएको छ तथा समुदायभित्र कुनै महत्वपूर्ण छलफल वा कार्य भएका छन् भने त्यसबारेमा आफ्ना व्यवस्थापकलाई सूचित पनि गर्नु पर्दछ ।

पास्सा समूह वा समुदायभित्रै यदि कुनै ठूलो द्वन्द्व उत्पन्न भएको छ, अथवा





पास्सालाई असफल बनाउने किसिमका यदि कुनै द्वन्द्व रहेका छन् अथवा कुनै सकारात्मक असर पार्नबाट पास्सालाई रोक्न खोजिएको छ भने त्यस्तो अवस्थामा तपाईंले आफ्ना व्यवस्थापकसँग छलफल गर्नुपर्दछ । तपाईंले यस्तो जटिल विषयलाई एक्लै समाधान गर्ने कोशिस गर्नु राम्रो हुँदैन ।

यो नियमित बैठकका अलावा तपाईंले प्रत्येक क्रियाकलाप सम्बन्धमा छोटो प्रतिवेदन तयार गर्नुपर्दछ । प्रतिवेदनका बारेमा आफ्ना व्यवस्थापकसँग छलफल गरिनुपर्दछ ।

## ३.८ पास्सा क्रियाकलापमार्फत् अघि बढ्दा

### पास्सा क्रियाकलापलाई सिलसिलाबद्ध बनाउने

पास्सा क्रियाकलाप सिलसिलाबद्ध रहेको निश्चित गर्नुहोस् किनभने प्रत्येक क्रियाकलापले सहभागीले गर्नुपर्ने अवाश्यकताका बारेमा बुझ्न वा अर्को सत्रलाई पूरा गर्ने बारेमा थाहा पाउने छन् । यदि कुनै क्रियाकलाप छुटेको खण्डमा समूहलाई अघि बढ्न समस्या पैदा हुन्छ ।

### *पास्सा पूरा गर्नका निम्ति पर्याप्त समय दिने*

समूहमा आठवटा पास्सा क्रियाकलापहरू सञ्चालन गर्न चारदेखि आठ हप्ताको समय आवश्यक हुन्छ । पास्सा सत्रहरूका प्रक्रियाको गतिलाई कमी हुन नदिन अत्यन्त निकट रहेर सञ्चालन गर्नु पर्दछ । तर, समूहका सदस्यहरूले दोहोऱ्याउन र सिक्न सत्रहरूबीच पर्याप्त समय उपलब्ध हुनु पर्दछ, र समुदायका बाँकी सदस्यहरूसँग जानकारी र धारणाहरू आदानप्रदान गर्नु पर्दछ । प्रति हप्ता एक वा दुईवटा सत्र सामान्यतया राम्रोसँग सम्पन्न गर्न सकिन्छ, तर यसको तीव्रताका बारेमा निर्णय गर्ने जिम्मेवारी समुदायलाई नै दिनु उपयुक्त हुन्छ ।

***क्रियाकलापहरू एकआपसमा जोडिएको सुनिश्चित गर्ने***

प्रत्येक पास्सा क्रियाकलापको अन्त्यमा एकजना सहभागीलाई सम्पन्न गरिएका कार्य, सिकेका कुरा तथा निर्णय गरिएका विषयको टिपोट गर्ने जिम्मेवारी दिनु पर्दछ । त्यो व्यक्तिले त्यसपछि अर्को सत्र आरम्भ गर्नुअघि अघिल्लो सत्रको सारांश प्रस्तुत गर्नेछ । यसबाट गत सत्रका बारेमा सबैको स्मरणलाई पुनर्ताजगी प्राप्त हुन्छ ।

***आवश्यक परेको खण्डमा क्रियाकलापहरूको अनुकूलन***

एसएआरएआर विधिमा आधारित रहेर बनाइएको पास्सा क्रियाकलाप सिर्जनात्मक र लचकतापूर्ण रहेको अपेक्षा गरिएको छ । तपाईंले पर्याप्त अनुभव र विश्वास हासिल गरेलगत्तै र क्रियाकलापका बारेमा पास्सा समूहबाट पृष्ठपोषण प्राप्त गरेपछि आफ्ना व्यवस्थापक र स्वयंसेवीहरूलाई परिवर्तन गर्न खोजिएका विषयमा सुझाव दिन स्वतन्त्र रहेको अनुभूति गर्नुहुनेछ । यसबाट स्थानीय परिवेशमा क्रियाकलापहरू अझ बढी उपयुक्त र सान्दर्भिक बन्नेछन् ।

## ३.९ रेकर्ड राख्ने

पास्सा समूहले प्रत्येक क्रियाकलापका नतिजा र निर्णयहरूको रेकर्ड राख्नु पर्दछ, ताकि आवश्यक परेका समयमा यसलाई समीक्षा गर्न र अरू समुदायका सदस्यहरूसँग यसका कार्यलाई आदान-प्रदान गर्न सकिन्छ । सामान्यता, यो कार्य गर्नका निम्ति समूहले एक वा बढी स्वयमसेवीहरू छनोट गर्नु सर्वोत्तम हुनेछ । पास्सा टुलकीटमा सोतो कपडाको टुक्रा र नक्सा तथा चार्टको रेकर्डलाई दिगोरुपमा व्यवस्थित गर्न पर्मानेन्ट मार्कर राख्नु पर्दछ । सुनिश्चित गर्नुहोस् कि





विगतका क्रियाकलापहरूका रेकर्डहरूलाई आवश्यक परेको अवस्थामा पास्सा सत्रहरूमा ल्याइनु पर्दछ ।

पास्सा समूहले पास्सा प्रक्रियाको अन्त्य भएपछि आफ्ना एक वा सोभन्दा बढी चित्र (चित्र) समूहका रेकर्डहरूलाई राख्ने चाहना गर्न सक्छन् । यदि यस्तो परिस्थिति सिर्जना भए, अरू समुदायमा प्रयोग गर्नका लागि थप समूहहरू बनाइएको छ/छैन निश्चित गर्न व्यवस्थापकसँग सम्पर्क गर्नुहोस् ।

तपाईंले परियोजना फाइलमा राख्न क्रियाकलापहरू, सिकाईहरू र निर्णयहरूका रेकर्डहरू पनि राख्नु पर्दछ ताकि चाहिएको अवस्थामा पास्सा समूहका निम्ति यसलाई सन्दर्भ सामग्रीका रुपमा प्रयोग गर्न सकिन्छ । कुनै पनि चार्ट, नक्सा र चित्रको प्रदर्शनको तस्विर खिच्नु ज्यादै उपयोगी हुन्छ । यसो गर्दा खासगरी एकै पटक धेरैवटा समुदायमा कार्य गर्दा समूहका नतिजाहरूलाई शीघ्र पुनःस्मरण गर्न मद्दत पुग्दछ । समुदायमा पास्सा सामग्रीहरू हराए वा क्षति भए यी तस्विरहरू निकै राम्रो स्रोत बन्न सक्छन् ।

## ३.१० पास्सा समूहमा निरन्तरतालाई प्रोत्साहन

पास्सा प्रक्रियाका क्रममा समूहका सदस्यहरूले एक-अर्कासँग अझ राम्रो किसिमबाट घुलमिल हुन पाउनेछन्, आत्मविश्वास निर्माण गर्नेछन् र टिमका रुपमा अझ बढी प्रभावकारीरुपमा काम गर्न सिक्नेछन् । यी क्षमताहरू निर्माण गर्न पास्सा समूहमा निरन्तरता आवश्यक हुन्छ । प्रक्रियाको क्रममा कतिपय सदस्यले छाड्ने निर्णय गर्न सक्छन् र सीप, लैंगिक, उमेर इत्यादिका आधारमा सही सन्तुलन कायम राख्न अरूहरूलाई ल्याउनु आवश्यक हुन्छ । प्रत्येक बैठकमा उपस्थित हुने व्यक्ति को हो थाहा पाउनुहोस् । यदि तपाईंले धेरै मानिस अनुपस्थित हुनथालेका छन् भन्ने देख्नुभयो भने यसका विषयमा समूहमा छलफल गरी मिलेर

समाधानको बाटो पहिल्याउनुहोस् । यस्तो पनि हुन सक्दछ कि सदस्यहरूले धेरै समय लिने किसिमको भएको गुनासो गर्न सक्दछन् वा उनीहरूका निम्ति तालिम कार्यक्रम अनुपयुक्त समयमा रहेको हुन सक्दछ अथवा सहभागी हुनबाट रोक्न समुदायका अरू सदस्यहरूबाटै दबाब आएको हुन सक्दछ । सम्झनुहोस्: पास्सा प्रक्रिया समुदायमा जबर्जस्ती लाद्नका निम्ति होइन ।

## ३.११ सबै क्रियाकलापहरूका निर्देशनको सारांश

प्रत्येक पास्सा क्रियाकलापको सहजीकरण गर्दा ध्यान दिनुपर्ने कुराहरूको सारांश यहाँ प्रस्तुत गरिएको छ:

१. आफू स्वयं र सामग्रीको तयारी गर्ने: सत्र आरम्भ गर्नुअघि प्रत्येक क्रियाकलापका निम्ति सबै सामग्री तयारी अवस्थामा हुनुपर्दछ । क्रियाकलापलाई सुरुदेखि अन्तसम्म पढ्नुहोस् र स्मरणका निम्ति सारांशलाई प्रयोग गर्नुहोस् । साथी स्वयंसेवीसँग अभ्यास गर्नुहोस् ।

२. सही वातावरण सिर्जना गर्ने: सुनिश्चित गर्नुहोस् कि मानिसहरूले एकअर्कासँग सहजरुपमा कुराकानी गर्न सक्छन् । सहभागीहरूलाई अङ्ग्रेजी अक्षर U-आकृतिमा वा सम्भव भएसम्म वृत्त बनाएर बस्न आग्रह गर्नुहोस् । प्रत्येक नयाँ सत्र खेल वा गीतजस्ता क्रियाकलापबाट आरम्भ गर्नुहोस् ।

३. क्रियाकलापका निम्ति स्पष्ट निर्देशन दिने: क्रियाकलापको व्याख्या गर्ने, यसका उद्देश्य र यो कसरी सञ्चालन गर्ने हो भन्नेबारेमा बताउने । क्रियाकलापमा प्रयुक्त प्रत्येक चरणका बारेमा बताउन केही समय लिनुहोस्। साथै, यी चरणहरूका बारेमा सबैले राम्रोसँग बुझेको जाँच गर्नुहोस् ।





४. उपसमूहलाई होशियारीपूर्वक प्रयोग गर्ने: उपसमूहले कार्य गरिरहेका समयमा सबैले आफ्ना विषयवस्तुका बारेमा राम्रोसँग बुझेको कुरा जाँच गर्नुहोस् । उपसमूहलाई जीवन्त र संक्षिप्त किसिमबाट रिपोर्ट गर्न प्रोत्साहित गर्नुहोस् । मानिसहरू उपसमूहमा फेरबदल भइरहनु नै उपयुक्त हुन्छ किनभने यो कार्यबाट उनीहरूले एक-अर्कालाई अझ नजिकबाट बुझ्ने अवसर प्राप्त गर्नेछन् ।

५. सहजीकरण गर्नुहोस्, पढाउने होइन: तपाईं आफ्नो भूमिका जानकारी दिने नभइ अरूहरूलाई सामूहिक किसिमबाट खोजी र निर्णयमा मद्दत गर्ने हो भन्ने कुरा कहिल्यै नबिर्सनुहोस् । तपाईंको ज्ञान र तपाईंको विचार महत्वपूर्ण होइनन् । सकेसम्म तपाईं शान्तसँग बस्नुहोस् । आवास सुरक्षाका बारेमा आउने प्रश्नको उत्तर सकेसम्म टार्नुहोस्, बरु उनीहरूलाई नै आफ्ना विचार अभिव्यक्त गर्न भन्नुहोस् ।

६. समय र ऊर्जाको व्यवस्थापन: यदि तपाईंले सहभागीहरू थकित भएका, दिक्दारी वा निराश भएका पाउनुभयो भने छोटो विश्राम दिनुहोस् वा केही अतिरिक्त रमाइला काममा लगाउनुहोस् । यदि सत्रलाई अब अघि बढाउन सकिँदैन भन्ने लागेको भए बैठक टुङ्ग्याउन सुझाव दिनुहोस् र अर्को भेटमा बाँकी क्रियाकलाप सम्पन्न गर्न सकिने जानकारी गराउनुहोस् । यदि क्रियाकलापका निम्ति तपाईंले सोचेभन्दा बढी लागेको छ तर मानिसहरूले राम्रैसँग काम गरिरहेका छन् भने आवश्यकता भएबमोजिम त्यो कार्यलाई निरन्तरता दिनुहोस् ।

७. व्यक्तिले दिने सुझावलाई प्रोत्साहन र स्वागत गर्ने: सम्झनुहोस्, त्यहाँ कुनै किसिमको गल्ती जवाफ दिइएको छैन । समूहका प्रत्येक सदस्यको सक्रिय सहभागितालाई प्रोत्साहित गर्ने कोसिस गर्नुहोस् ।

मानिसका प्रश्नको जवाफ फर्काउने क्रममा कुनै गल्ती नगर्न वा तिखा टिप्पणी नगर्न सचेत हुनुहोस् ।

८. पास्सा समूहलाई जिम्मेवारी दिने: समूहका सदस्यहरूलाई क्रियाकलापका क्रममा आउने सबै विचार र निर्णयहरू उनीहरूकै निजी हुन् भनी पुन: स्मरण गराउनुहोस् । ती विचार र निर्णय यथार्थपरक नभएको तपाईंलाई लागेमा उनीहरूलाई चुनौती दिनुहोस् अथवा आवश्यक देखिएका विषयमा अरू मानिसका योजना प्रस्तुत गर्न लगाउनुहोस् । समूहले के सबै सामग्री र रेकर्डहरू सुरक्षित स्थानमा राखेका छन् ?

९. क्रियाकलापहरूबीच निरन्तरतालाई सुनिश्चित गर्ने: प्रत्येक बैठकको आरम्भमा गत क्रियाकलापका बारेमा संक्षिप्त किसिमबाट प्रस्तुत गर्न लगाउनुहोस् । बैठकको अन्त्यमा, समूहका सदस्यहरूलाई उनीहरूका आफ्ना प्रयत्नका निम्ति बधाइ दिनुहोस् र अर्को क्रियाकलापमा के कुरा समेटिनेछ भनी संक्षिप्त किसिमबाट व्याख्या गर्नुहोस् ।

१०. पाठहरू सिक्ने र सुधार गर्ने: प्रत्येक क्रियाकलापको अन्त्यमा समूहका सदस्यहरूलाई उनीहरू आफूले सिकेका आधारमा क्रियाकलापको मूल्याङ्कन गर्न आग्रह गर्नुहोस् । साथै उनीहरूलाई आफूले रुचाएका र नरुचाएका विषयमा बताउन आग्रह गर्नुहोस् । आगामी बैठकमा अझ राम्रो तरिकाबाट सहजीकरण गर्न साथी स्वयमसेवीहरूसँग प्रत्येक क्रियाकलापका बारेमा चिन्तन मनन गरी छलफल गर्नुहोस् ।

यो सूचीमा तपाईंका कुनै अरू थप उपयोगी विचारहरू भए थप्न र आफूले बुझ्ने भाषामा कागजमा लेखेर राख्न सक्नुहुन्छ । पास्सा क्रियाकलाप सञ्चालनका हरेक समयमा यसलाई तपाईंले प्रयोग गर्न सक्नुहुन्छ ।





# ४. पास्सापछिको अनुगमन

## ४.१ स्वयंसेवीको निरन्तरको भूमिका

पास्सा समूह क्रियाकलाप ८ मा पुगेलगत्तै आवास सुरक्षाको सुधार, आवश्यक स्रोत-साधनको व्यवस्था, समय तथा भूमिका र जिम्मेवारीका साथै प्रगतिको अनुगमनलाई समेटेर योजना निर्माण गर्नु पर्दछ । यो विन्दुबाट पास्सा प्रक्रिया लगभग पूरा हुन्छ । तर, आवास सुरक्षा सुधारको कार्यान्वयनका क्रममा समुदायलाई मद्दत गर्ने कार्यमा तपाईंको सहयोगको निरन्तता हुन सक्नेछ । यदि पास्सालाई रेडक्रस रेड-क्रेसेन्ट आवास परियोजनाबाट सञ्चालन गरिएको भए तपाईं र पास्सा समूहले पहिचान गरिएका प्राथमिकतालाई सम्बोधन गर्न परियोजनाले सुनिश्चित गरेको अवस्थामा अझ बढी महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने हुन्छ । परियोजनाको कार्यान्वयनका क्रममा पास्सा समूहलाई तपाईंले ज्यादै बढी सहयोग गर्नुपर्ने खाँचो पर्न सक्छ । उदाहरणका लागि, यदि पास्सा समूहले रकम संकलन गर्ने र त्यसलाई समुदायका परियोजनामा प्रयोग गर्ने निर्णय गर्दछन् भने नेसनल सोसाइटीमार्फत् वित्तीय व्यवस्थापनसम्बन्धी तालिम उपलब्ध गराउन तपाईंको सहयोग जरुरी पर्न सक्छ ।

## ४.२ अनुगमन र मूल्याङ्कन

पास्साको नतिजाका रुपमा आवास सुरक्षामा सुधार ल्याउने सम्पूर्ण कार्यहरू घरपरिवार र सामुदायिक प्रयत्नबाट वा विपद् जोखिम न्यूनीकरण वा पुन:प्राप्तिका लागि नेसनल सोसाइटीको आवास कार्याक्रमबाट मद्दत लिएर गर्न सकिन्छ । दुवै अवस्थामा, नेसनल सोसाइटीलाई प्रगतिका बारेमा जानकारी

गराउनु पर्दछ । व्यवस्थापकसँग अनुगमन गर्नुपर्ने परिवर्तनका क्षेत्र, कहिले र परिवर्तन कसरी आयो भन्नेबारेमा सहमति कायम गर्नुपर्दछ । घरपरिवार र सामुदायिक तहबाट संकलन गरिएका जानकारीलाई रेकर्ड गर्न र आदान-प्रदान गर्नका लागि नेसनल सोसाइटीबाट एउटा अनुगमन फारम उपलब्ध गराइनु पर्दछ । तपाईंले आवास सुरक्षामा सुधार ल्याउने लक्ष्यसहित क्रियाकलापहरू र नतिजाहरूलाई अनुगमन गर्नुपर्दछ र कुनै पनि सामाजिक विषयहरू (जस्तै पास्सा समूहहरूले आफ्ना कार्यलाई निरन्तरता दिने या नदिने) का साथै पास्सा समूह र व्यापक समुदायबीच हुन सक्ने कुनै किसिमको अन्तर्क्रियालाई अनुगमन पनि गर्न सक्नुपर्दछ ।

समुदायमा आवास सुरक्षा सुधारका कार्यहरूसम्बन्धी प्रमुख क्रियाकलापहरू आरम्भ हुनासाथ अनुगमनका कार्यहरू सञ्चालन गर्नका लागि पास्सा समूहले समयतालिका बनाउन प्रोत्साहित गर्नेतर्फ तपाईंले मद्दत गर्नुपर्दछ । यो कार्य छलफलपछि निम्न एक वा सोभन्दा बढी क्रियाकलापहरूको सहजीकरणबाट गर्न सकिन्छः

- परिवर्तनका लागि योजना/अनुगमन योजनाः समूहले आफैँले निर्धारण गरेका लक्ष्यको समीक्षा गर्न कार्य योजना र अनुगमन योजनामा ध्यान दिएको छ । समूहले तयार पारिएका योजना र हासिल भएका उपलब्धि बीचका भिन्नताको रेकर्ड राख्नु पर्दछ ।
- सामुदायिक नक्साः समुदायमा आएका भौतिक परिवर्तनलाई सङ्केत गर्न समुदायको अर्को नक्सा बनाउने । प्रारम्भिक चरणको नक्सा र योजना कार्यान्वयन पछिको नक्साबीच तुलना गरेर समुदायको भौतिक स्वरुपमा आएको परिवर्तनलाई हेर्न सक्ने सम्भावना हुन्छ ।
- घरपरिवार भ्रमण/सामुदायिक हिँडाईः व्यवस्थित किसिमबाट समुदायको वरिपरि हिँड्दा पनि समुदायमा आएका कुनै पनि भौतिक परिवर्तनलाई हेर्न सकिन्छ । साथै, मानिसका आवास निर्माणका विशेषताहरू अवलोकनका निम्ति पनि यस्तो हिँडाईले मद्दत पुग्दछ ।






यी क्रियाकलापहरूपश्चात् के कुरामा सफलता हासिल भयो र कुनै समस्या उत्पन्न भएका छन् कि भनी हेर्न छलफललाई सहजीकरण गर्नुपर्दछ । यदि समस्याहरू त्यहाँ धेरै देखिएका भए समूहले विश्लेषण गर्न, समाधान खोज्न र आफ्ना योजनामा सम्भाव्य परिवर्तन ल्याउनका निम्ति तपाईंले समस्या बक्स (क्रियाकलाप ७) को प्रयोग गर्न सक्नुहुन्छ ।

तपाईंले पास्सा समूहको विश्लेषणका परिणाम र तपाईंको रिपोर्टमा उल्लिखित कुनै निर्णयलाई आफ्ना व्यवस्थापकसमक्ष जानकारी गराउनु पर्दछ ।






# भाग ४/ पास्सा कलाकारका निम्ति मार्गनिर्देश



१. पास्साका निम्ति प्रयोग गरिएका चित्रहरू पास्सा समूहका सदस्यहरूलाई जानकारी प्रदान गर्न, विचार निर्माण गर्न तथा घर र समुदायको सुरक्षा अभिवृद्धि गर्न निकै महत्वपूर्ण छन् । पास्साको सफलताका निम्ति तपाईंका कायहरू अत्यावश्यक छन् ।

२. पास्सामा आबद्ध समूह सदस्यहरूले चित्रमा प्रस्तुत परिस्थिति उनीहरूका स्थानीय परिवेशसँग मिल्दो रहेको अनुभूति गर्नु पनि आवश्यक छ । त्यसकारण, चित्रमा देखाइएका मानिसहरू, घरहरू, भूदृश्य तथा क्रियाकलापहरू पास्सा प्रयोग गरिने समुदायमा रहेकै किसिमका हुनुपर्दछ ।

३. रेडक्रस रेड-क्रेसेन्टका स्वयमसेवीहरूको साथमा रहेर स्थानीय समुदायहरूको भ्रमण गर्नुहोस् । तपाईंले निम्न कुराको टिपोट गर्न सक्नुहुन्छ: मानिसहरू कसरी बसेका छन्, लुगा कस्तो लगाउँछन्, कुराकानी गर्छन्, काम गर्छन् र खेल्छन्, उनीहरूका समस्या के कस्ता छन् र ती समस्या समाधानका निम्ति उनीहरूले के गर्न सक्छन् । तपाईंले खासगरी शैली र घर निर्माणका कुराहरूका साथै सडक, रुखबिरुवा, सार्वजनिक भवन इत्यादिजस्ता साझा विशेषताहरूमाथि विचार गर्नुपर्दछ । घरहरू निर्माण गरिएको तरिका तथा कसरी आवासको व्यवस्था गरिएको छ भन्ने बारेमा विस्तृत कुरा बुझ्नाका निम्ति आवास विशेषज्ञसँग मिलेर कार्य गर्नुपर्दछ । स्थानीय परिवेशलाई यथार्थपरक किसिमबाट चित्रमा उतारिएको छ छैन भन्ने निक्यौल गर्न उनीहरूसँग पुन: बस्नु पर्दछ । तस्बिर खिच्नुहोस् वा पहिल्यै खिचिएका तस्विरको सहायता लिएर चित्र बनाउन सकिन्छ ।

४. विभिन्न पास्सा क्रियाकलापका निम्ति स्केचको समूह तयार पार्न पास्सा व्यवस्थापक वा आवास विज्ञसँग कार्य गर्नु पर्दछ । साथै, उनले अनुसूची-१ मा दिइएको सूचीलाई पनि हेर्न सक्छन् र समुदायमा भ्रमण गर्दा देखिएका कुराले चित्र बनाउन मद्दत गर्नेछ ।





५. पास्सा तालिम कार्यशालामा उपस्थित हुनुहोस् र यी सत्रका अवधिमा आफूले तयार गरेका स्केच चित्रहरूलाई कसरी प्रयोग गरिएको छ भनी हेर्नुहोस् । स्वयंसेवी र प्रशिक्षकहरूलाई आफूले तयार पारेका स्केच चित्रहरूका सम्बन्धमा पृष्ठपोषण उपलब्ध गराउनका निम्ति अनुरोध गर्नुहोस् । चित्रको समूहमाथि सहमति जनाउनासाथ त्यसलाई आवश्यक परेको खण्डमा रङ्ग भर्न सकिन्छ । तर, रङ्ग भर्नैपर्छ भन्ने जरुरी छैन ।

६. चित्रहरू जतिसक्दो सरल हुनुपर्दछ किनभने जतिबढी विस्तृत विवरण चित्रमा राखियो त्यो त्यति बढी भ्रामक हुनसक्छ । तपाईले पूर्ण चित्र बनाउनु पर्दैन । ठोस लाइनमा स्पष्ट स्केच भए पुग्छ । पास्सा टुलकीटका निम्ति ५० वटासम्म चित्र आवश्यक पर्नसक्छ, त्यसर्थ तपाईंले प्रत्येकका लागि त्यति धेरै समय व्यतित गर्न सक्नुहुन्न ।

७. पास्सा विधिमा प्रयुक्त चित्रहरूले सदैव एउटै निर्दिष्ट सन्देश दिँदैनन् । बरु, मानिसहरूलाई छलफलमा सहभागी गराउनका लागि यी चित्रहरूले एउटा परिस्थिति वा अवस्थालाई प्रतिबिम्बित मात्र गरिरहेका हुन्छन् । चित्रका समूहहरू भिन्नभिन्न मानिसका निम्ति भिन्न-भिन्न अर्थ समावेश हुने किसिका हुनुपर्दछ । उदाहरणका लागि, पास्सा समूहका मानिसले तलको



चित्र हेर्दा उनीहरूले भिन्नभिन्न किसिमका कुराहरू देख्न सक्छन् । कतिपयले बेच्नका निम्ति मानिसले काठ काटिरहेको होला भन्ने ठान्छन् भने अरूहरूले समुदायमा कुनै व्यक्तिले घर निर्माण वा मर्मत गरिरहेको होला भनी सोच्न सक्दछ । अझ कतिपयले त्यहाँ वन

विनासको समस्या रहेको देख्न सक्छन् । चित्रमा सहभागीहरूले भिन्नभिन्न कुराहरू देख्ने भएकै कारण उनीहरूलाई आ-आफ्ना भिन्न व्याख्यामाथि छलफल गर्न प्रोत्साहित गर्न सकिन्छ तथा यसले बढी खुला र रचनात्मक छलफल गराउन मद्दत पुग्दछ ।


८. पास्सा व्यवस्थापकसँग सहमति भएबमोजिम प्रत्येक चित्र A5 को आकार तथा नम्बर दिइएका छुट्टाछुट्टै कागजमा बनाउनु पर्दछ ताकि हरेक स्केचलाई त्यही नम्बरका आधारमा पहिचान गर्न सकिनेछ । चित्रहरू पास्सा व्यवस्थापकलाई दिनुहोस्, तर कथं-कदाचित नोक्सानी हुने कुरालाई विचार गरी आफूसँग पनि एकप्रति सुरक्षित गर्नुहोस् ।

९. सुरुमा बनाइएका चित्रले पास्सा समूहका सबै विषयलाई समेट्न नसकेको स्वयंसेवीहरूले अनुभव गरेमा तपाईंले थप चित्रहरू बनाउनु पर्ने हुन्छ । एक वा दुईवटा समुदायमा पास्सा क्रियाकलापहरूकै अवधिमा स्वयंसेवीहरूसँग साथमा जानु नै बुद्धिमानी हुनेछ ताकि तपाईंले बनाउनुपर्ने सम्भाव्य अतिरिक्त चित्रहरूको विषयवस्तु बारेमा थाहा हुनेछ । आफ्नो कामका निम्ति पास्सा व्यवस्थापकसँग सम्झौता भएर अनुमतिप्राप्त भइसकेको कुरा सुनिश्चित गर्नुहोस् ।

बंगलादेशमा पास्सा चित्र प्रयोग गरिएका केही उदाहरणहरू तल देखाइएका छन् । यी चित्रले शैली र आवश्यक विस्तृत विवरणका बारेमा एउटा दृष्टिकोण प्रदान गर्दछन् । यी चित्रहरू मार्गदर्शक प्रस्तुत गर्न उपलब्ध गराइएका मात्र हुन् । प्रत्येक सन्दर्भमा स्थानीय परिवेशमा निर्भर रही निश्चित शैलीमा तयार पारिने विशिष्ट चित्र समूहहरू हुन्छन् ।




















# अनुसूची १/ क्रियाकलापका निम्ति नमुना चित्रहरूको सूची







## चित्र समूह कः क्रियाकलाप १, ३, ४ र ५ मा प्रयोग गरिएका

चित्रको आकारः ए५ (A5)

चित्रको सङ्ख्या र किसिम

- करिब पाँचवटा चित्र
- चित्रले क्षेत्रमा देखापरेका वा देखा पर्नसक्ने विविध किसिमका खतराबाट प्रभावित बसोबास तथा आवासलाई देखाउनु पर्दछः भूकम्प, तेज हावाहरू, बाढी, आगलागी इत्यादि ।

## चित्र समूह खः क्रियाकलाप ४, ५ र ६ मा प्रयोग गरिएका

चित्रको आकार: ए५ (A5)

चित्रको सङ्ख्या र किसिम

- करिब ३० वटा चित्र
- चित्रहरूले परिचित भवनहरू, सामग्री र निर्माण अभ्यासका आधारमा समुदायलाई चासो रहेका भवनहरूको विस्तृत विवरण तथा बसोबासका साझा विशेषताहरू (सडक, ढल, रुख इत्यादि) देखाउनु पर्दछ । स्थानीय अवस्था, निर्माणको विधि र आवासको जोखिमपनाका आधारमा यी चित्रहरू तयार गरिनु पर्दछ । यो कार्य पास्सा कार्यान्वयन हुने क्षेत्रमा विस्तृत मूल्याङ्कनपश्चात् गर्नुपर्दछ ।
- कतिपय चित्रले सुरक्षित निर्माण र बसोबासका विशेषताहरू देखाउनु पर्दछ भने अरूहरूले असुरक्षित अवस्थालाई देखाउनु पर्दछ । एकजोडा चित्र हुनु पनि आवश्यक पर्दछ र दुवैले एकै परिस्थितिलाई देखाउनु उपयुक्त हुन्छ तर यसमा सुरक्षित र असुरक्षित विशेषता सहितका विशिष्ट भिन्नताहरू समावेश गरिनु पर्दछ। उदाहरणका लागि, सानो सङ्ख्याको आडमा सिटमेटल छाना र सही सङ्ख्याको आडमा बनाइएको छाना दिन सकिन्छ। दुईबीचको भिन्नता भनेको जोड्ने वस्तुको सङ्ख्या मात्र हो । जोडी चित्रसम्बन्धी सुझावहरू तलको सूचीमा दिइएका छन् ।
- कतिपय चित्रहरूमा जानाजान कम अर्थपूर्ण हुनेछ वा यसमा सुरक्षित र असुरक्षित विशेषताको मिश्रण हुनेछ । उदाहरणका लागि, नजिकमा ठूलो रुख भएको घर सुरक्षित मान्न सकिन्छ किनभने रुखले आँधीलाई केही न





केही रोक्दछ। तर ठूलो आँधी आएमा त्यो रुख ढलेर घरमाथि बज्रिन सक्छ र त्यस्तो अवस्थामा त्यो रुख नै असुरक्षित हो । सहभागीहरूले यहीकारण होसियारीपूर्वक विचार गर्नुपर्दछ र चित्रहरू 'सुरक्षित', 'असुरक्षित' वा 'दुवै' के हो भन्ने विषयमा निर्णय गर्नुअघि धारणाहरू आदानप्रदान गर्न सक्छन् ।

चित्रका उदाहरणहरू: कुनै खास सन्दर्भका निम्ति निर्माण गरिएका चित्रहरूले स्थानीय निर्माण सामग्रीहरू र विधि, बसोबासको स्वरुप र आवास सुरक्षासँग सम्बन्धित सान्दर्भिक जोखिमहरूलाई प्रतिबिम्बित गर्नु पर्दैन ।

| | |
|---|---|
| घरनजिकै ज्यादै अग्लो रुख रहेको घर | केही टाढा सुरक्षित स्थानमा रहेको अग्लो रुखसहितको घर |
| ज्यादै भिरालो स्थानमा बनाइएको घर | ठीकै भिरालोमा बनाइएको घर |
| स्थानीय सामग्री प्रयोग गरेर तर ठाउँ नछाडी बनाइएका घरहरू | स्थानीय सामग्रीको प्रयोग गरेर ठाउँ छाडेर बनाइएका घरहरू |
| ढलको व्यवस्था राम्रो छैन | ढल राम्रो अवस्थामा छ |
| साना रुख र झाडी प्रशस्त रहेको गाउँ | रुख वा झाडी बिल्कुलै नरहेको गाउँ |
| फुसको छानो भएको घर र त्यसैभित्र खाना पकाउने ठाउँ | फुसको छानो भएको घर र केही टाढा सुरक्षित स्थानमा खाना पकाउने ठाउँ |
| ठूलो नदीको नजिकै गाउँ | ठूलो नदीभन्दा केही टाढा गाउँ, र अग्लो ठाउँमा |
| भुईं केही उचालेर बनाइएको घर | भुईं उचालेर नबनाइएको घर |

| | |
|---|---|
| असाध्यै ठूलो झ्याल र ढोका भएको घर | सानो झ्याल र ढोका भएको घर |
| गटरसहितको टीनको छाना भएको घर | गटर बेगरको टीनको छाना भएको घर |
| असाध्यै कम भिरालो छाना भएको घर | ठाडो भिरालो छाना भएको घर |
| अपर्याप्त सुविधायुक्त स्थानीय घरको संरचना | बलियो सुविधायुक्त स्थानीय घरको संरचना |





| |
|---|
| घरको भित्तासम्म छाना अडचाउने बीम अडचाइरहेको व्यक्ति |
| घर छाड्दै गरेका मानिस, सामान आफैँसँग लैजाँदै |
| रेडियो सुन्दै गरेका मानिस |
| घरको वरिपरि बालुवा भरिएका बोरा राख्दै |
| रुख काट्दै गरेका व्यक्ति |
| जग खन्दै गरेको व्यक्ति |
| पर्खाल बनाउन ईंट्टा राख्दै गरेको व्यक्ति |
| ईंट्टा बनाउँदै गरेको व्यक्ति |
| खाल्डोमा खम्बा राख्दै गरेका मानिस |
| टीनको छानाको भित्रपट्टि प्रशस्त बाँधिएको/नटहरूको प्रयोग |
| टीनको छानाको भित्रपट्टि ज्यादै कम बाँधिएको/नटहरूको प्रयोग |
| पानीले घेरिएको घर |
| पानीले नोक्सान पुऱ्याएको माटोको पर्खालसँगैको घर |
| टीनको छाना भएको कङ्क्रिट ब्लकले बनाइएको घर |
| घरमाथिको भिरालो ठाउँमा ढल खन्दै गरेका मानिस |
| गाउँ नजिकैको उच्चा मैदानमा स्कुल भवनहरू |
| गाउँ नजिकै पङ्क्तिबद्ध रुखहरू |
| रुख रोप्दै गरेका मानिसहरू |

# चित्र समूह ग: क्रियाकलाप ६ र ८ मा प्रयोग गरिएका

चित्रको आकार: ए५ (A5)

चित्रको सङ्ख्या र किसिम

- करिब ३० वटा चित्र

## चित्रको सङ्ख्या र किसिम

- पोस्टरको एक समूह जसले समस्याको एउटा परिस्थितिबाट अर्को राम्रो अवस्थामा लैजाने कतिपय सम्भाव्य कदमलाई देखाउँछ । मानिसहरूले समस्या समाधानका निम्ति गर्न सक्ने विभिन्न क्रियाकलापलाई समावेश गर्न तथा अरू समूह र संस्थासँगको टिममार्फत् आवश्यक पर्न सक्ने थप बाह्य सहयोगमाथि विचार गर्नुहोस् ।

## चित्रका उदाहरणहरू


- सामुदायिक बैठक;
- रकम सङ्कलन गर्दै;
- स्थानीय अधिकारीहरूसँग बैठक;
- रेडक्रस रेड-क्रेसेन्टसँग बैठक;
- बैङ्कमा जाँदै;
- स्थानीय निर्माण सामग्री सङ्कलन गर्दै;





- निर्माण सामग्री ढुवानी गर्दै ढुवानीकर्ताहरू;
- सामूहिक क्रियाकलापहरू (रुख रोप्ने, ढल सफा गर्ने, बाँध बनाउने, इत्यादि) मा संलग्न समुदायका सदस्यहरू;
- छाना हटाउँदै;
- जग खन्दै;
- उच्चो भुईं बनाउँदै;
- पर्खाल बनाउँदै;
- छाना बनाउँदै;
- पर्खालको मर्मत गर्दै;
- छानाको मर्मत गर्दै ।

# अनुसूची २/ उर्जक







यहाँ उल्लेख गरिएका उर्जक (ऊर्जा प्रदान गर्ने कार्यहरू) हरूलाई पास्सा क्रियाकलापहरूलाई सहजीकरण गर्ने क्रममा आवश्यकताअनुसार प्रयोग गर्न सकिन्छ । पास्सा समूहका सदस्यहरूमा जाँगर कम हुँदै गएमा, छलफलहरू विषयवस्तुवाट अन्तै मोडिएमा वा धेरै लामो सत्रलाई विभिन्न भागमा विभाजन गर्ने कार्यमा सहयोगी हुनसक्छन् । यस्ता उर्जकहरूलाई धेरै पटक प्रयोग गर्नुहुन्न साथै जबर्जस्ती लाद्नु हुँदैन । यस्ता क्रियाकलापका अन्य विभिन्न उदाहरणहरू हुन सक्छन् । पास्साका सदस्यहरूलाई सोधेर उनीहरूले रुचाउनेखालका नाचगानजस्ता कार्य पनि गर्न सकिन्छ ।

### १. क्रमशः बजाउने तालीहरू

- एउटा हातको औंलाले अर्को हत्केलामा ताली मार्दै एक औंलाले मात्रै ताली बजाउन सुरु गर्नुस् र विस्तारै दुई-तीन औंला हुँदै पाँचै औंलाको प्रयोग गर्नुस् ।
- ताली छिटो छिटो बजाउनुस् ।

### २. चलाउनुस्

समूहलाई उठाएर आफूले भनेजस्तै गरी हिँड्न भन्नुस् । उदाहरणका लागि :

- बायाँ हातलाई दायाँ घुँडामा राख्नुस् ।
- पैताला उचाल्नुस् ।
- इत्यादि ।

### ३. नाराहरू

- क्रियाकलापको मुख्य विचारलाई प्रतिनिधित्व गर्नेखालका र सहभागीहरूको सङ्ख्या बराबर वा दोब्बर अक्षर भएका नाराहरू छनौट गर्नुस् ।

- कागजको टुक्रामा एउटा अक्षर लेख्नुस्
- सहभागीहरूलाई उनीहरूको भागमा पर्ने एक वा दुई टुक्रा दिनुस् ।
- सबै सहभागीहरूलाई जम्मा भएका ती टुक्राहरूलाई सहीरुपमा सकेसम्म छिटो मिलाएर राख्न भन्नुस् (लागेको समय टिप्नुस् ताकि अर्को पटकमा सो समयभन्दा छिटो गर्न सकियोस्)

**४. व्यक्तिको नाम लेख्ने अभ्यास**

समूहलाई कोठाको बीच भागमा जम्मा गर्नुस् । उनीहरूले आफ्नो नाम टाउको, पुठ्ठा त्यसपछि पैंताला र अन्त्यमा हात (भूईंमा समानान्तर अवस्थामा रहेको पाखुरा) ले हावामा लेख्न भन्नुस् ।

**५. मालिस**

(संस्कृति सुहाउँदो भएमात्र प्रयोग गर्ने)

समूहका सदस्यहरू लहरै उभिन्छन् (एक लहरमा चार जनाजति हुने गरी) । आफूभन्दा अगाडि उभिएको व्यक्तिको गर्दन मालिस गर्छन र त्यसपछि पछाडि फर्केर आफूलाई मालिस गर्ने व्यक्तिको गर्दन मालिस गर्छन् ।

**६. समूह/लहर (लाईन) इत्यादि सकेसम्म छिटो बनाउने**

समूहलाई बीचमा जम्मा गर्नुस् । उनीहरूलाई तल दिइएअनुसार समूह बनाउन भन्नुस् :

- एकै रङ्गका जुत्ता भएका मानिसहरू;
- महिला र पुरुष;
- चस्मा लगाउने र नलगाउने मानिसहरू;
- सन्तान भएका र नभएका मानिसहरू;
- कपालको रङ्ग एउटै भएका मानिसहरू ।





उनीहरूलाई निम्नानुसार लाइन बनाउन भन्नुस् :

- उनीहरू जन्मिएको महिनाअनुसार
- आफ्नो नामको पहिलो अक्षरअनुसार (वर्णानुक्रमअनुसार)

**७. दोहोऱ्याउनुस्**

समूहलाई तपाईंका शब्द तथा चालहरू दोहोऱ्याउन भन्नुस् (आवाज तथा चाल एकै समयमा पार्नुस्) । उदाहरणका लागि ‘हात माथि’ भन्दै हातमाथि लानुस् । मानिसहरू एकै पटक बोलुन र चाल चलुन भन्नका लागि एकपछि अर्को गर्दै धेरै चाल चल्नुस् ।

- पुठ्ठामा हात राख्ने;
- हातमाथि गर्ने;
- दायाँ घुम्ने;
- बायाँ घुम्ने;
- उफ्रने;
- इत्यादि ।

**८. जनावरहरू**

बिच्छी, सर्प र भ्यागुता सङ्केत गर्नेखालका चिन्हहरू खोज्नुस् । सर्पले भ्यागुता, भ्यागुताले बिच्छी र बिच्छीले सर्पलाई मार्छ ।

सहभागीहरू दुई लाईनमा ढाडपछि पार्ने गरी बस्छन् । उनीहरूले आफैँले चिन्ह छान्छन् र सहजकर्ताले घुम्न भनेपछि घुम्छन् । घुमेपछि आफ्नो सामुन्नेमा भएको व्यक्तिको चिन्ह हेर्छन् र जित-हारको निर्णय गर्छन् । जित्ने खेलमा रहन्छ र हार्ने बाहिरिन्छ । यो प्रक्रिया एकजना बाँकी रहुञ्जेलसम्म चलिरहन्छ ।

# स्रोत–सामाग्रीहरू


- इन्टरनेसनल फेडरेसन अफ रेड क्रस एण्ड रेड-क्रेसेन्ट सोसाईटिज् (२००८), भिसिए तालिम निर्देशिका: कक्षाकोठा तालिम एवं कार्यगर्त सिकाई, जेनेभा
- उड एस. सयर आर तथा सिम्पसन हेवर्ट एम (१९९८९, PHAST को चरणवद्ध निर्देशिका: झाडाबान्ता ल्याउने रोगहरू नियन्त्रणको सहभागितामूलक अवधारणा, विश्व स्वास्थ्य संगठन (अप्रकाशित सामाग्री WHO/EOS/98.3, जेनेभा
- सिम्पसन हेवर्ट एम (२००३), हामी मलेरिया नियन्त्रण गर्छौं: इथियोपियाका लागि सामुदायिक सिकाई तथा कार्य योजना निर्माण, अदिस अबावा, क्याथोलिक रिलिफ सर्भिसेज, इथियोपिया कन्ट्रि अफिस
- श्रीनिवासन एल (१९९०), सामुदायिक सहभागिताका लागि साधनहरू : सहभागितामूलक विधिहरूबारे प्रशिक्षकहरूलाई प्रशिक्षण दिने कार्यविधि, PROWESS/UNDP, न्यूयोर्क
- मानवीय कार्यहरूमा निर्माण सामाग्रीका रुपमा काठ (२००९), UN Ocha, IFRC, केयर इन्टरनेसनल
- संक्रमणकालीन वस्ती, विस्थापित जनसङ्ख्या (२००५) अक्सफाम, सेल्टर सेन्टर
- सुनामीपछि दक्षिण पूर्वी एसियाका लागि दिगो निर्माणका निर्देशनहरू (२००७), संयुक्त राष्ट्रसंघीय वातावरण कार्यक्रम र SKAT
- राम्रो भवन ढाँचा तयार गर्ने तथा निर्माणका बारेमा हातेपुस्तिका, ऐच तथा नियास टापुहरू (२००७), विपत्ति न्यूनीकरणका लागि अन्तर्राष्ट्रिय रणनीति